हुलाक द. नं. १५/०७८/७९

# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ७, अङ्क २४, पूर्णाङ्क २९४ | २०७८ पुस २१ गते बुधवार | Wednesday, 5 Jan 2022 | www.eratokhabar.com | मूल्य रु. १०

## मकरध्वज गुरुङको सम्मानमा स्मृतिसभा



नेपाल कम्युनिस्ट आन्दोलनका अथक योद्धा मकरध्वज गुरुङ 'अविरल' को सम्मानमा शनिबार स्मृति सभा आयोजना गरिएको छ।

कार्यक्रममा सम्बोधन गर्दै प्रमुख अतिथि नेकपा केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले मकर गुरुङ सच्चा मार्क्सवादी, लेनिनवादी, माओवादी, सच्चा कम्युनिस्ट र क्रान्तिकारी भएको ... बाँकी पृष्ठ ७ मा

# बलिदान स्थलमै मनाइयो २६ औँ बेथान वीरता दिवस

## दिलमाया बम्जन नेपाली क्रान्तिकी प्रथम वीराङ्गना : चन्द

■ रातोखबर संवाददाता/रामेछाप

**पानीघाट, बेथान।**

महान् जनयुद्धको पहिलो सफल फौजी मोर्चा र उक्त मोर्चामा उच्च त्याग, शौर्य र साहस प्रदर्शन गर्दै बलिदान गर्ने तीर्थ गौतम, फत्त स्माली मगर र दिलमाया मम्जन (तीफदि) को स्मृति र सम्मानमा बलिदान स्थलमै २६ औँ बेथान वीरता दिवस मनाइएको छ । अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी केन्द्रीय समितिको आयोजना र नेकपा रामेछापको व्यवस्थापनमा बेथान पानीघाटमा वीरता दिवसका साथै जनयुद्धकी प्रथम छापामार योद्धा सहिद दिलमाया बम्जनको २६ औँ स्मृति दिवस मनाइएको हो।

२०५३ साल पुस १९ गते राती नेकपा माओवादी पूर्वाञ्चल ब्युरोअन्तर्गत रामेछापको बेथान पानीघाटमा छापामार दस्ताले सशस्त्र फौजी हमला गरी चौकी कब्जा गरेर सम्पूर्ण हातहतियार कब्जामा लिएको थियो। फौजी कारबाहीका क्रममा पूर्वाञ्चल उपक्षेत्रीय ब्युरोका सदस्य तथा छापामार कमान्डर तीर्थ गौतम, छापामार सदस्यहरू दिलमाया बम्जन र फत्तबहादुर स्माली मगरको सहादत भएको थियो।

जनयुद्धको दोस्रो योजनाअनुसार योजनाबद्ध ढङ्गले छापामार इलाका निर्माण गरौँ नारासहित



योजना कार्यान्वयन गर्ने क्रममा छापामार इलाका निर्माण गर्ने, युद्ध सामग्री कब्जा गरी दुस्मनको शक्ति छिन्नभिन्न गर्ने र छापामार इलाका निर्माणका लागि व्यापक जनपरिचालन गर्ने तीनवटा उद्देश्य तीनजना योद्धाको बलिदानका साथ बेथानको लडाइँले पूरा गरेको पार्टीको निष्कर्ष थियो । बेथानको सफल फौजी कारबाहीपछि पार्टीले बेथान मोर्चालाई बेथान वीरता दिवसका रूपमा स्थापित गर्ने उद्देश्यले पुस १९ गते देशव्यापी वीरता दिवस मनाउन थालेको थियो। जनयुद्धको मुख्य नेतृत्व अर्थात् पुष्पकमल दाहाल-बाबुराम भट्टराईहरूको समूहले मालेमालाई वैचारिक, राजनीतिक तथा व्यावहारिक रूपमै परित्याग गरेपछि विप्लवको नेतृत्वमा पुनर्गठित नेपाल कम्युनिस्ट पार्टीले केन्द्रदेखि जिल्ला तहसम्म बेथान वीरता दिवसको स्पिरिट कायम राख्दै दिवस मनाउँदै आएको थियो। नेपाल कम्युनिस्ट पार्टीको जनवर्गीय सङ्गठन अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी केन्द्रीय समितिले यही स्पिरिटलाई निरन्तरता दिँदै बेथान मोर्चा भएको पानीघाटमै केन्द्रीय स्तरको कार्यक्रम आयोजना गरी वीरता दिवसका साथै छापामार महिलाबाट जनयुद्धमा पहिलो र उच्चस्तरमा वीरता प्रदर्शन गरी बलिदान गर्ने योद्धा दिलमाया बम्जनको स्मृति दिवस मनाएको हो।

वीरता दिवसमा सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीकी केन्द्रीय सदस्य तथा अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी केन्द्रीय अध्यक्ष बन्धु चन्दले दिलमाया बम्जनलाई नेपालको समग्र वर्गसङ्घर्ष र महान् जनयुद्धकी प्रथम वीराङ्गना घोषणा गरिन् । जनयुद्धमा उच्च साहस, शौर्य, त्याग र समर्पण गर्दै वीरतापूर्वक ... बाँकी पृष्ठ ७ मा

## सहिद टेकबहादुरको समाधिमा पार्टीको झन्डा

**इलाम ।** इलाम जिल्लामा सञ्चालित युवा सङ्गठन नेपालको 'जनमतसङ्ग्रहका लागि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' का अभियन्ता युवाहरू इलाम जिल्लामा जनयुद्धका क्रममा साहदत प्राप्त गर्ने महान् योद्धा टेकबहादुर एक्तेन 'आशीष' को समाधिस्थलमा पुगेर सहिदका सपना पूरा गरेरै छोड्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

इलाम जिल्लाको माई नगरपालिकास्थित वडा नं. ६ मा रहेको सहिद एक्तेनको समाधिस्थल वरिपरि सरसफाइ र श्रद्धाञ्जली कार्यक्रमपछि युवाहरुले उनको सम्मानमा ... बाँकी पृष्ठ ७ मा

## उदयपुरमा नेकपा क्रियाशील

**अनिता गजमेर**/उदयपुर

नेपाल कम्युनिस्ट पार्टी उदयपुरले जनमतसङ्ग्रहका लागि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानलाई तीव्रता दिएको छ। उक्त अभियानमा पार्टीका विभिन्न जनवर्गीय सङ्गठनहरू पनि निर्माण गरिएको छ।

युवा सङ्गठन नेपालले पूर्वी नेपालमा सञ्चालन गरिरहेको जनमतसङ्ग्रहका लागि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानअन्तर्गत ३ नम्बर टोलीको टिम 'ए' ले सोमबार त्रियुगा नगरपालिका ७ तोरीबारी उदयपुरमा प्रकाश बस्नेतको संयोजकत्वमा युवा सङ्गठन नेपाल टोल एकाइ समिति, त्रियुगा ... बाँकी पृष्ठ ७ मा

# जनमतसङ्ग्रहको वातावरण निर्माण गर्न प्रवक्ता प्रकाण्डको निर्देशन

**वसन्त विक**/सुर्खेत

नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले जनमसङ्ग्रहको चुनावको वातावरण निर्माण गर्न पार्टीका कार्यकर्तालाई निर्देशन दिएका छन्।

नेकपा सुर्खेतको १७ औँ पूर्ण बैठकलाई आइतबार सम्बोधन गर्दै प्रवक्ता प्रकाण्डले दलाल संसदीय व्यवस्था पूर्ण रूपमा असफल साबित भइसकेको र जनताले नयाँ विकल्प चाहेको पनि बताए । उनले भने, 'अब संसदीय व्यवस्था र त्यसको संरक्षण गर्ने संसदीय चुनाव होइन, जनताको वैज्ञानिक समाजवाद चाहिएको छ । नयाँ विकल्पका लागि तपाईंहरू जनतामा जानुहोस् र वैज्ञानिक समाजवादका लागि जनमतसङ्ग्रहको चुनावको वातावरण बनाउनुहोस्।'

प्रवक्ता प्रकाण्डले पार्टीले गरेको तीनबुँदे सहमति देश र जनताको हितमा भएको प्रस्ट पार्दै आफ्नो पार्टी आत्मसमर्पण गरेर, जनताको एजेन्डा छोडेर नआएको धारणा पनि राखे। बरु सरकारले तीनबुँदे



सहमति कार्यान्वयन नगरेर देश र जनताप्रति बेइमान गरेको टिप्पणी गर्दै उनले सरकारलाई तीनबुँदे सहमति यथाशीघ्र कार्यान्वयन गर्न आग्रह गरे।

बैठकमा नेकपाका केन्द्रीय सदस्य एटमले पार्टीमा सानातिना समस्या आउने गरे पनि त्यसलाई समाधान गरेर अगाडि बढ्नु क्रान्तिकारी रूपान्तरण हुने बताए।

बैठकले राष्ट्रघाती ... बाँकी पृष्ठ ७ मा

# अनेमसङ्घ क्रान्तिकारीको वैचारिक प्रशिक्षण प्रभावकारी

■ रातोखबर संवाददाता/काभ्रे

अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी उपत्यका र पूर्वी ताम्सालिङका जिल्लाहरूको संयुक्त प्रशिक्षण सम्पन्न भएको छ । काभ्रेको मन्दनदेवपुर नगरपालिकाको नयाँगाउँमा दुई दिनसम्म सञ्चालित प्रशिक्षण प्रकावकारी बनेको जानकारी सङ्गठनले दिएको छ।

प्रशिक्षण समापनपछि स्थानीय बासिन्दाले महिलाहरुलाई फूलमाला लगाएर बिदाइ गरेका थिए। समापन कार्यक्रममा उपस्थित स्थानीयले क्रान्तिलाई विजयमा पुऱ्याउन शुभकामना पनि दिएका थिए।

समापन कार्यक्रममा पार्टी केन्द्रीय सदस्य एवम् काभ्रे जिल्ला इन्चार्ज आधारले पार्टी र जवस-मोर्चाबीचको सम्बन्धबारे चर्चा गर्दै क्रान्तिकारी पार्टीका लागि क्रान्तिकारी, विचार, नेतृत्व र सङ्गठन आवश्यक हुने बताए। उनले महिलाको प्रशिक्षणले महिलाहरुलाई राजनीतिक रूपमा क्रान्तिकारी र वैचारिक रूपमा दृढ बनाउन सहयोग पुऱ्याएको बताए। उनले जवस-मोर्चा पार्टी र क्रान्तिका लागि महत्वपूर्ण सङ्गठन भएको भन्दै यसलाई अझ साङ्गठनिक रूपले बलियो बनाउनुपर्ने धारणा राखे।

सङ्गठनकी केन्द्रीय अध्यक्ष तथा पार्टी केन्द्रीय सदस्य बन्धु चन्दले प्रशिक्षणमा सहभागी महिलाहरूले महिला उत्पीडनविरुद्ध सङ्घर्षको नेतृत्व गर्ने विश्वास व्यक्त गरिन्। उनले प्रशिक्षणबाट प्राप्त ज्ञानलाई जनतासित जोड्नुपर्ने पनि बताइन् । सङ्गठनकी केन्द्रीय उपाध्यक्ष धीरेन्द्रा उपाध्यायले सङ्गठनले देशव्यापी चलाएको प्रशिक्षण र साङ्गठनिक अभियानबारे प्रस्ट पारेकी थिइन् । कार्यक्रममा मन्दनदेवपुर नगर सेक्रेटरी शुक्रले पनि मन्तव्य राखेका थिए।

सङ्गठनले दुईवटा ब्युरो ... बाँकी पृष्ठ ७ मा

## शिक्षक सङ्गठनका अध्यक्ष पाठकलाई पितृशोक, महासचिव विप्लवद्वारा श्रद्धाञ्जली व्यक्त

■ रातोखबर संवाददाता/काठमाडौं

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले नेकपा निकट अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय अध्यक्ष घनश्याम पाठकका बुबा लीलाम्बर पाठकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका छन् । मङ्गलबार शोक वक्तव्य जारी गर्दै महासचिव विप्लवले सङ्गठनका केन्द्रीय अध्यक्ष घनश्याम पाठकलगायत सम्पूर्ण शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना पनि प्रकट गरेका छन्।

महासचिव विप्लवद्वारा जारी शोक वक्तव्यमा भनिएको छ, ' हाम्रो गौरवशाली तथा जनप्रिय पार्टी नेपाल कम्युनस्ट पार्टी निकट शिक्षक सङ्गठन अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय अध्यक्ष घनश्याम पाठकका आरदणीय बुबा लीलाम्बर पाठकको ८९ वर्षमा २०७८ साल पुस १९ गते सोमबार भएको निधनले पार्टीलाई दुःखी बनाएको छ। उहाँप्रति पार्टी हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछ र घनश्याम पाठकसहित शोकसन्तप्त सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।'

शोक वक्तव्यमा अगाडि भनिएको छ, 'बुबा लीलाम्बर नेपालको कम्युनिस्ट आन्दोलनका सहयोगी हुनुहुन्थ्यो । उहाँले निरङ्कुश पञ्चायती व्यवस्थाको समयदेखि जनयुद्धको समयसम्म कयौँ क्रान्तिकारी नेता-कार्यकर्तालाई सुरक्षित बासस्थलको व्यवस्था गर्नुभएको थियो। परिवारका सदस्यहरूलाई शैक्षिक, राजनीतिक, सामाजिक र सांस्कृतिक रुपमा शिक्षित र दीक्षित पार्न उहाँको ठूलो भूमिका रहेको छ। समाजमा उहाँको योगदान सदा स्मरणीय रहनेछ।'

शिक्षक सङ्गठनका अध्यक्ष पाठकका बुबा लीलाम्बर पाठकको ८९ वर्षको उमेरमा सोमबार साँझ कपिलवस्तु जिल्लाको ... बाँकी पृष्ठ ७ मा

# अभियानका चार अनुभूति

केन्द्रीय समितिको बैठकपछि हामी देशभरि कार्यक्रममा सहभागी बन्यौँ। देशभरि कार्यक्रममा पुग्दा सहिद परिवार, बन्दी कमरेड, नेता-कार्यकर्ता र शुभचिन्तकहरूसँग भेट्ने मौका मिल्यो। उहाँहरूका सोचाइ, चासो, चिन्ता र सुझावहरू सुन्दा चार फरक अनुभूति भए जुन अनुभूतिहरू क्रान्ति, पार्टी र व्यक्तिगत जीवनका लागि निकै महत्वपूर्ण भएको महसुस भएको छ।

हामीले कार्यक्रममा जाँदा जतिसक्यो सहिद परिवारसँग भेट्ने र छलफल गर्ने नीति बनाएका छौँ। पार्टी दुईबर्से प्रतिबन्ध, १२ जना कमरेडहरूको बलिदान र दलाल पुँजीवादी संसदीय व्यवस्थासँगको सङ्घर्षबीच जनयुद्ध र एकीकृत जनक्रान्तिका सहिद परिवारसँग भेट्दा छुट्टै अनुभूति भयो। काठमाडौँ जाँदा सहिद कमरेड प्रज्वलकी बहिनी, दीपेन्द्रकी जीवनसाथी, सहिद निरन्तरकी जीवनसाथी, दाङ जाँदा सहिद महानकी जीवनसाथी, कैलालीमा सहिद रामबहादुरकी जीवनसाथी, म्याग्दी जाँदा कमरेड जगतका छोरा, सर्लाही जाँदा सहिद कमरेड कुमार पौडेलका बाबा-आमा, जीवनसाथी र बुहारी, सुनसरी पुग्दा सहिद कमरेड तीर्थ घिमिरेका बाबा, भोजपुर जाँदा सहिद कमरेड नीरकुमारकी जीवनसाथीसँग भेट्ने सुअवसर मिल्यो। सबै सहिद परिवारहरूले पार्टीलाई चारवटा सुझावहरू दिनुभयो : पहिलो, पार्टीले क्रान्ति अगाडि बढाएकोमा खुसी र सन्तोष व्यक्त गर्दै जस्तोसुकै अवस्थामा पनि क्रान्तिलाई सफलतासम्म पुर्याउनुपर्छ, दोस्रो, सबै सहिद तथा बेपत्ता योद्धा परिवार र घाइतेहरूको आशा यो पार्टी र यसका नेताहरूसँग मात्र रहेकाले सहिदहरूको सपना पूरा गर्ने जिम्मा पार्टीले लिनुपर्छ, तेस्रो, कुनै पनि स्थितिमा जनताले पहिलेजस्तो धोका नपाऊन् र चौथो, क्रान्तिमा योगदान गर्ने सहिद, बेपत्ता, घाइते, जनताको रेखदेख गर्ने कार्य पार्टीले गर्नुपर्छ। यी सबै सुझाव र सल्लाहमा हामी निकैपटक भावुक मात्र भएनौँ क्रान्ति, सहिद, बेपत्ता, घाइते, श्रमिक जनता र देशप्रतिको उच्च जिम्मेवारीबोध पनि गर्यौँ। हामीले गम्भीरतापूर्वक उहाँहरूका

**देश/परिवेश**

■ विप्लव



सुझाव र अपेक्षा पूरा गर्ने प्रतिबद्धता राख्यौँ।

यो अभियानमा काठमाडौँ, कैलाली, म्याग्दी, मकवानपुर भीमफेदी, सुनसरी झुम्का, विराटनगर, इलाम, सङ्खुवासभा, भोजपुर, खोटाङमा बन्दी जीवन बिताइरहनुभएका बन्दी कमरेडहरूसँग भेट गर्यौँ। ... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# बेथान वीरता दिवस र महिला सङ्गठनको 'कासन'

वीरता र बलिदानको मूल्याङ्कन गरेर त्यसलाई जीवन व्यवहार बनाउन क्रान्तिकारी आदर्शहरू जीवित हुनुपर्छ । संसारको वर्गसङ्घर्षमा क्रान्तिकारीहरूले मात्र निरन्तर क्रान्तिको आदर्श बचाउन सकेका छन् । क्रान्तिकारी आदर्शहरूको स्थापना, रक्षा र विकासका लागि क्रान्तिकारीहरूले जीवन बलिदान गरेका छन् । सबैभन्दा प्रिय भनिएको जीवन नै उत्सर्ग गरेर समानतामूलक, शोषणविहीन, वैज्ञानिक समाज निर्माणमा निरन्तर साहसपूर्वक लागिरहने योद्धाहरू महान् छन् । महान् जनयुद्धको प्रथम सफल फौजी मोर्चा बेथान पानीघाटमा बलिदान गर्ने तीफदि र सम्पूर्ण सहिदहरू महान् छन् । आफू जलेर अन्धकार भगाउँदै उज्यालो छर्ने हिम्मत गर्ने असल मानिसहरूको बलिदान भएको दिन पुस १९ महान् छ । बेथान वीरता दिवस महान् र अमर छ । यही सन्देशका साथ अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी केन्द्रीय समितिले नेकपाका नेता, कार्यकर्ता र जनसमुदायको सहभागितामा तीफदिको बलिदान स्थल बेथान पानीघाटमै पुगेर २६ औँ बेथान वीरता दिवस र सहिद दिलमाया बम्जनको २६ औँ स्मृति दिवस मनाएको छ । अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीले बेथान पानीघाटमा बेथान वीरता दिवस मात्र मनाएको छैन, दिलमाया बम्जनलाई नेपाली क्रान्तिकी प्रथम वीराङ्गना पनि घोषणा गरेको छ र सहिदहरूको सपना साकार पार्न, श्रमिक जनताको मुक्तिका लागि फेरि हजारौँ महिला दिलमाया बन्न तयार रहेको उद्घोष पनि गरेको छ । सङ्गठनले सहिदको चिहानमाथि उभिएर गरेको यो उद्घोष वा कासन जारी जनक्रान्तिका लागि ठूलो महत्वको छ । यो क्रान्तिको ऊर्जा हो ।

क्रान्तिकारीहरूका लागि कुनै दिवस मनाउनु मात्र पर्याप्त हुँदैन । अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीले तीर्थ गौतम, फत्त स्माली मगर र दिलमाया बम्जनको शव गाडिएको स्थानमै उभिएर सहिदहरूका सपनामाथि कुठाराघात नहुने र बलिदानको रगतमाथि धोका नहुने प्रतिबद्धता पनि प्रकट गरेको छ । जारी क्रान्तिका लागि यो अत्यन्त ठूलो, साहसिक र ऐतिहासिक उद्घोष हो । यस्तै उद्घोष र प्रतिबद्धताका कारण महान् जनयुद्धमा लाखौँ महिला क्रान्तिमा लामबद्ध बनेका थिए, हजारौँ महिलाले बलिदान गरेका थिए र हजारौँ महिला जनमुक्ति सेनामा लामबद्ध बनेर मृत्युलाई तुच्छ ठान्दै मुक्तिको महान् यात्रामा लामबद्ध भएका थिए । नेपाली श्रमिक जनताले ठूलो त्याग, तपस्या र बलिदान गरेर स्थापित गर्न खोजेको जनगणतन्त्र लुटिएको छ । नेपाली श्रमिक सर्वहारा जनताका सपनाहरू लुटिएका छन् । नक्कली कम्युनिस्टहरूको बिगबिगी बढेको छ । नक्कलीले सक्कली कम्युनिस्टहरूलाई ओझेलमा पारेका छन् । सूर्य नउदाईकन, बिहानै नभईकन रात सकियो, उज्यालो भयो भनेर केही थान नक्कलीहरूले स्याल हुइयाँ मच्चाएका छन् । दलाल पुँजीवादीहरूले दलाल पुँजीवादलाई नै समाजवाद भनिरहेका छन् । नेपाली श्रमजीवी जनताका दुःख झन् बढिरहेका छन् । दलाल पुँजीवादीहरू श्रमिकहरूको दुःख, महिला-उत्पीडितहरूको दुःख अन्त्य गर्ने दिशातिर होइन, श्रमिकहरूलाई नै डाँडो कटाएर, पराई देशमा सस्तो भाडाका कामदार बनाएर दुःख निवारण भइरहेको भ्रम फिँजाइरहेको छ । नक्कलीहरूको यस्तो बिगबिगी भइरहेको समयमा आफ्नो वर्गका लागि जीवन बलिदान गर्ने दिलमायाहरू क्रान्तिका ऊर्जा र प्रेरणाका स्रोत बनिरहेका छन् । महिला सङ्गठनले गरेका उद्घोषहरू आशा र भरोसाका धरोहर बनिरहेका छन् ।

महान् दार्शनिक कार्ल मार्क्सले आफ्नो वर्गको स्वार्थका लागि चिहान उधिन्न पनि तयार हुनुपर्छ भन्नुभएको थियो । नेकपा, महिला सङ्गठन र अन्य जवसहरूले २६ औँ बेथान वीरता दिवसमा महान् सहिदहरूको चिहान उधिनेर सहिदका सपनामाथि कुठाराघात नहुने उद्घोष गरेका छन् र दलालहरूलाई लालकार गरेका छन् । दलाल संसद्वादको लज्जाजनक पतन र संसद्वादीहरूबीच विभाजन, आरोप-प्रत्यारोप र रुवाबासीकै बीचमा नेपालका असली मालेमावादी क्रान्तिकारीहरूले २६ औँ बेथान वीरता दिवसका माध्यमबाट क्रान्ति जारी रहेको र वैज्ञानिक समाजवाद- साम्यवाद स्थापना नभएसम्म यो जारी रहने उद्घोष पनि गरेका छन् ।

बेथान वीरता दिवस नेपालमा राजतन्त्रात्मक दलाल संसदीय व्यवस्थाविरुद्ध नेपाली जनताले हतियारबद्ध लडाइँ लडी विजय प्राप्त गरेको पहिलो सफल फौजी मोर्चाको सम्मानमा स्थापित नयाँ पर्व हो । रामेछाप जिल्लाको बेथान पानीघाटमा रहेको तत्कालीन सत्ताको रक्षक प्रहरीचौकीमाथि धावा बोलेर तत्कालीन नेकपा (माओवादी) ले २०५३ साल पुस १९ गते ऐतिहासिक विजय प्राप्त गरेको थियो भने उक्त विजयका लागि तीर्थ गौतम, फत्त स्मालीमगर र दिलमाया बम्जनजस्ता होनहार योद्धाहरूको बलिदान भएको थियो । राजतन्त्रात्मक पुरातन सामन्ती व्यवस्थाको अन्त्य र नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाका लागि भएको उक्त बलिदानपछि नेकपा (माओवादी) को विजय अभियान देशैभरि आरम्भ भएको थियो । बेथान वीरता दिवसको आरम्भ गर्नेमध्येका पुष्पकमल दाहाल, बाबुराम भट्टराईहरू यतिबेला पानीघाटमा बसेको पुरानो सत्ता अर्थात् दलाल पुँजीवादी सत्ताका पहरेदारका रूपमा छन् भने नेपाल कम्युनिस्ट पार्टीले विद्रोहको झन्डा बोक्दै त्यतिबेलाको माओवादीको स्थान ग्रहण गरेको छ । हिजोको जनयुद्ध र आजको एकीकृत जनक्रान्तिको स्वरूप फरक भए पनि उद्देश्य र लक्ष्य एउटै हो । राज्यबाट खेप्नुपरेको कहर उस्तै हो । विकसित कार्यदिशामा गन्तव्य एउटै हो । तीफदिलगायत बेथानमा बलिदान गर्ने महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै वीरता दिवसको स्पिरिटलाई नयाँ उचाइमा लग्नुपर्ने आवश्यकता देखिएको छ । अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीले तीफदिको शव गाडिएको स्थानमा उभिएर गरेको क्रान्ति जारी रहँदा र सम्पन्न भएपछि पनि सहिदहरूको सम्मान गरिरहने उद्घोषले नेपालमा जारी एकीकृत जनक्रान्तिमा नेपाली श्रमिक वर्गको लामबद्धता अझ कसिलो र ऊर्जाशील बन्दै गएको प्रमाणित भएको छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# राज्यसत्ताको उत्पत्ति, विकास र जनसत्ता



सन्तोष बुढा

*राज्यसत्ता वर्गसङ्घर्षको परिणामबाहेक केही होइन । - कार्ल मार्क्स*
*राज्यसत्ता वर्गस्वार्थ रक्षा गर्ने साधन हो । फ्रेडरिक एङ्गेल्स*
*राज्यसत्ता भनेको एक वर्गले अर्को वर्गलाई दमन गर्ने साधन हो । -भीआई लेनिन*
*क्रान्तिको मूल प्रश्न नै राज्यसत्ताको मूल प्रश्नलाई हल गर्नु हो ।*
*राज्यसत्ताबाहेक सबै कुरा भ्रम हो । -भीआई लेनिन*
*क्रान्तिको मुख्य प्रश्न राज्यसत्ताको प्रश्नलाई हल गर्नु हो । -माओ त्सेतुङ*
*राज्यसत्ता बन्दुकको नालबाट निस्कन्छ । - माओ त्सेतुङ; (जनसत्ता निर्देशिका २०७२, पेज २५/२६ बाट)*

### १. राज्यसत्ता के हो ?

राज्यसत्ताबारे लेनिनले कार्यकर्ताहरूलाई प्रशिक्षण दिने क्रममा सुरुमै भन्नुभएको छ, 'यो राज्यको प्रश्न भनेको यति जटिल प्रश्न हो कि यसलाई एकैपटकमा स्पष्ट पार्न मुस्किल हुनसक्छ किनभने राज्यसम्बन्धी प्रश्न सबभन्दा जटिल एवम् कठिन र पुँजीवादी विद्वान्, लेखक तथा दार्शनिकहरूद्वारा सायद सबभन्दा बढी उल्टोपाल्टो तुल्याइएका प्रश्नहरूमध्ये एक हो ।'

-(राज्यबारे पुस्तिकाबाट) ।

यसलाई बुझ्न सजिलो होस् भन्नका खातिर उहाँले भन्नुभयो, 'राज्यसत्ता एउटा वर्गले अर्को वर्गलाई दमन गर्ने साधन हो ।' उहाँले यसरी राज्यसत्ताको वर्गीय पक्षलाई स्पष्ट पार्नुभएको छ ।

अहिले हामी क्रान्तिको कुरा गरिरहेका छौँ । क्रान्ति भनेको एउटा वर्गको एकाधिकारवादी सत्ताको अन्त्य गरेर अर्को वर्गको राज्यसत्ता स्थापना गरेर अन्ततः राज्यसत्ता नै विलोप गर्ने प्रश्न हो । अहिलेसम्म पुँजीवादले लामो समय राज्यसत्तामा हालीमुहाली जमाउँदै विरोधी वर्ग, सर्वहारा वर्ग अर्थात् अहिलेको सन्दर्भमा सबै श्रमिक वर्ग र उत्पीडित जनतामाथि मनपरी शासन लाद्दै आएको छ । ती उत्पीडित जनता वा श्रमिक वर्गले अहिलेसम्म आफूमाथि लादिएको राज्यसत्ता र शासनप्रणालीको पूर्ण अन्त्य गर्दै राज्यसत्तामा आफूहरू अर्थात् सबै जनताको सहज सहभागी हुन पाउने अधिकार भएको, समान अधिकार प्राप्त राज्यसत्ता र शासनप्रणालीको स्थापना गर्ने प्रक्रिया नै क्रान्ति हो । त्यसैले लेनिनले 'क्रान्तिको मूल प्रश्न नै राज्यसत्ताको प्रश्नलाई हल गर्नु हो' भन्नुभएको हो । तर यो यति सरल र सहज रूपले प्राप्त गर्न नसकिने कुरालाई स्पष्ट पार्दै कमरेड माओले 'राज्यसत्ता बन्दुकको नालबाट निस्कन्छ' भन्नुभयो । यो सत्य किन छ भने पुरानो सत्ता अर्थात् सामन्त, दलाल पुँजीवाद वा पुँजीपति वर्गको हातमा रहेको राज्यसत्ता बन्दुक र आधुनिक हतियार हरूको बीचमा बाँचेको छ । त्यसका रक्षकहरू- जस्तै प्रधानमन्त्री-मन्त्रीहरू, न्यायाधीशहरू हरपल सेना र पुलिसको पहराभित्र छन् । सर्वहारा वर्ग अर्थात् उत्पीडित नेपाली जनताले त्यो शासनको अन्त्य गर्नु छ भने त्यो बन्दुकको सामना गर्नुपर्ने हुन्छ । त्यससँग लड्न बन्दुक नउचाली सम्भवै छैन । त्यसैले कमरेड माओले बन्दुकको नालबाट सत्ता जन्मने कुरा गर्नुभएको हो । यसबाट स्पष्ट हुन्छ- सशस्त्र सङ्घर्षबिना राज्यसत्ता प्राप्त गर्नु असम्भव छ । यो कुरालाई चटक्कै बिर्सेर पुरानै राज्यसत्तासामु आत्मसमर्पण गरी उही सत्ताको सुरक्षाघेरामा पुगेर 'जनवादी व्यवस्था आयो' भन्ने कुरा पागलप्रलाप मात्र हो । यो जनतालाई बेबकुफ बनाउने र जनता र कार्यकर्ताहरूलाई मूर्ख बनाउनेबाहेक अरू केही होइन ।

### २. राज्यसत्ताबारे बुझाइ

राज्यसत्ता भनेको राज्य र सत्ता दुई पदावली मिलेर बनेको छ । राज्य भनेको चार किल्लाभित्रको निश्चित सीमामा बाँधिएको क्षेत्रविशेष जहाँ कसैको राज वा शासन कायम छ । यस्तो क्षेत्रलाई राज्य भनिन्छ भने सत्ता भनेको शक्ति ९एयधभच० हो जसको बलमा त्यो राज्यमा शासन चल्ने गर्दछ । त्यसैले सत्ता भनेको एउटा वर्गको विचार, दर्शन, राजनीति, धर्म, संस्कृतिमा आधारित संविधान, कानुन, अदालत, सेना, पुलिस, सरकार, जेलनेल, प्रशासन, शासन प्रणाली आदिको समुच्च रूप हो । यो सत्ताले जति क्षेत्र वा भूगोल ओगटेर बसेको छ त्यो राज्य हो । राज्य क्षेत्र वा भूभाग विशेषसँग सम्बन्धित छ भने सत्ता यसलाई टिकाउने बल हो । त्यसैले 'राज्यसत्ता' भनेको एक वर्गको राजनीतिक सत्ता कायम रहेको क्षेत्र/भूगोलविशेषलाई बुझिन्छ ।

धेरैले सरकारमा पुग्नुलाई सत्ता प्राप्तिको संज्ञा दिन्छन् तर त्यो अपूर्ण बुझाइ मात्र हो । सत्ता प्राप्तिका निम्ति यसको नेतृत्व मात्र होइन, यसको समग्र सत्ता र राज्यप्रणाली ९क्थकतभ० तथा वर्ग अधिनायकत्व बदलिनु अनिवार्य छ । यो बदलिएन भने जति मान्छे फेरिए पनि पुरानै सत्ता कायम रहिरहन्छ । यी सबै कुरा बदल्ने प्रक्रिया नै क्रान्ति हो ।

### ३. राज्यसत्ताको उत्पत्ति र विकास

कार्ल मार्क्सले स्पष्ट रूपमा भन्नुभएको छ, 'राज्यसत्ता भनेको वर्गसङ्घर्षको परिणामबाहेक केही होइन ।' त्यसैमा एङ्गेल्स थप्नुहुन्छ, 'राज्यसत्ता भनेको वर्गस्वार्थको रक्षा गर्ने साधन हो ।' यो सत्य हो- मानव समाजमा जब वर्गको उदय भयो त्यसपछि वर्गसङ्घर्षको सुरुआत भयो । जब समाजमा एउटा वर्गको वर्चस्व कायम भयो, त्यो वर्गले आफ्नो विरोधी वर्गलाई दबाबमा र आफ्नो अधीनमा राख्न जुन हथकण्डा प्रयोग गर्दछ त्यो नै सत्ता बन्न पुग्यो । त्यो सत्ताले उसको स्वार्थको रक्षा गर्नेबाहेक केही गर्दैन । जति क्षेत्र र भूगोलभित्र त्यो शासन कायम हुन पुग्यो त्यो नै राज्यसत्ता बन्न पुग्यो । यसरी राज्यसत्ताको उत्पत्ति भयो ।

सुरुसुरुमा प्रारम्भिक खालका राज्यसत्ताको नेतृत्व समाजका बलियाबाङ्गाले गरे । उसको शेषपछि एउटा प्रक्रिया उसैको छोराले नै नेतृत्व गर्दै गयो । ऊ नमर्दै उसको छोरालाई उत्तराधिकारी बनाउने चलनले राजतन्त्रात्मक शासनप्रणालीलाई जन्म दियो । दोस्रो प्रक्रिया समाज वा राज्यसत्ताको नेतृत्वको शेषपछि नयाँ नेतृत्व समाजले वा जनताले चुन्ने चलन अगाडि बढ्यो । यो पद्धतिले चुनावी प्रणालीलाई जन्म दियो । यसबाट गणतन्त्रात्मक राज्यसत्ताको विकास भयो । यसरी राज्यसत्ताको उत्पत्तिसँगै एउटा राजतन्त्रात्मक राज्यसत्ता र अर्को गणतन्त्रात्मक राज्यसत्ताको स्वरूप खडा भयो ।

सत्ताहरू बन्ने क्रममा सुरुसुरुमा जातीय राज्यहरू बने । सानाठूला ती जातीय राज्यहरू आआफ्नै प्रक्रियामा विकास भए । कसैले आर्थिक रूपले अलि छिटै विकास गरे भने कतिले अलि ढिलो गरे । यसले केही राज्यहरू बलिया र केही कमजोर बन्न पुगे । बलियोले कमजोरलाई आक्रमण, अतिक्रमण र अधीनस्थ बनाउँदै गएपछि एकल जातीय राज्यबाट बहुजातीय राज्यमा राज्यसत्ताहरू बदलिए वा विकसित भए । राजतन्त्रात्मक र एकल जातीय राज्य भएका राष्ट्रहरूमा एकात्मक प्रकारको राज्यप्रणालीको विकास भयो भने बहुजातीय राष्ट्रहरूमा राज्यसत्ताको प्रश्न जटिल बन्न पुग्यो । पछि अधीनस्थ राज्यका अधिनस्थ जाति वा समुदायहरूले आफ्ना अधिकारका विषयहरू उठाएर विद्रोह वा सङ्घर्ष गरी छुट्टै स्वतन्त्र राज्यको समेत माग गर्ने स्थितिमा पुगेपछि कतिपय अधिकारहरू : धर्म, भाषा, संस्कृति, साधनस्रोतहरूको परिचालन र प्रयोगहरूको सन्दर्भमा अग्राधिकार वा प्राथमिक अधिकार दिने गरी सोही राज्यमै मिलेर बस्ने प्रणालीको विकास गरे । यसलाई सङ्घीय प्रणाली भनियो । यसले सङ्घीय प्रणालीको विकास भयो ।

यसरी प्रणालीमा आउँदा एउटा संरचनागत हिसाबले र दोस्रो शासनपद्धति र अधिकारका कुराले एकात्मक र सङ्घात्मक राज्यप्रणालीहरूमा विकास भयो । यो कतै राजतन्त्रात्मक राज्यसत्ता र कतै गणतन्त्रात्मक राज्यसत्ता दुवै स्वरूपमा यी दुवै प्रणालीहरू लागू गरिए । यो अद्यापि जारी छ । तुलनात्मक रूपले एकात्मकभन्दा सङ्घात्मक प्रणालीलाई एक कदम अगाडिको लोकतान्त्रिक व्यवस्था मानिन्छ । तर यी दुवै पुँजीवादी व्यवस्थाकै रूपहरू हुन् । समाजवादी व्यवस्थाको चरणसम्म पनि यो उपयोगी हुन सक्छ तर वैज्ञानिक समाजवादमा जाँदा यो प्रणाली समतामूलक राज्यप्रणालीमा विकास हुन पुग्दछ । तर सङ्घीय प्रणाली नै अनिवार्य र लोकतान्त्रिक व्यवस्था भने होइन । यो कम्युनिस्ट व्यवस्थाको अनिवार्य प्रणाली पनि होइन । यो जनताको माग र लोकतन्त्रको बहालीसँगै आवश्यकतामा आउने राज्यसत्ताको एउटा चरणसम्मको शासनप्रणालीको स्वरूप वा शासनप्रणाली हो ।

### ४. मानव समाजको विकाससँगै राज्यसत्ताको विकासप्रक्रिया

समाज वा राज्यसत्ताको प्रमुख शक्ति मानव जाति नै हो । मानव जातिको चेतनाको विकाससँगै राज्यसत्ताका चरित्र र स्वरूपहरू पनि परिवर्तन र विकास हुँदै आएका छन् । सुरुमा मानव जातिको चेतनाको प्रारम्भिक सामाजिक जीवनयापनका क्रममा मानव समाज एक प्रकारको साम्यवादी समाजका रूपमा थियो । तर त्यो समाज र चेतना विकसित र वैज्ञानिक थिएन । यो अवस्थाको मानव जाति एक प्रकारको जङ्गली घुमन्ते अवस्थामा थियो । यो मानव समाजको अवस्थालाई 'आदिम साम्यवादी युग' भनिएको छ । त्यस बेला कुनै वर्ग, जाति, धर्म, राज्य, सीमा, मुद्रा, ठूलो, सानो, धनी, गरिब, वर्ग असमानता र निजी स्वार्थ भन्ने केही थिएन । त्यसैले एक प्रकारको सबै समान भएको साम्यवादी व्यवस्था थियो । त्यसैले यसलाई आदिम साम्यवादी युग भनियो ।

यसको हजारौँ वर्षपछि बिस्तारै मानव चेतनाको विकास र समाजमा वर्गहरूको उदयसँगै राज्यसत्ताहरूको उदय भयो । यो अवस्थामा अलि विकसित जाति वा समुदाय वा राज्यले अरू अविकसितहरूमाथि शासन चलाउन थाले । शासकहरूले अरू शासितहरूमाथि यति क्रूर र अमानवीय व्यवहार गरे कि मानौँ, उनीहरू मान्छे नै होइनन्, पशुपन्छी हुन् । यो अवस्थामा शासकहरू मालिक र शासितहरू दास थिए । यो 'युगलाई दास युग' भनियो ।

भनिन्छ, दास युग हजारौँ वर्ष कायम रह्यो । हजारौँ वर्षपछि दासहरूले मालिकहरूको अत्याचारका विरुद्ध विद्रोह गरे । दासविद्रोहका आदि विद्रोही नेता स्पार्टाकसले मालिकका विरुद्ध दासविद्रोहको नेतृत्व गरे । हजारौँ दासहरूले साथ दिए । उनीहरू अधिकार प्राप्तिका निम्ति लडे । अन्त्यमा मालिकहरू दासहरूलाई केही अधिकार दिन बाध्य भए । यो विद्रोहले दासहरूलाई दासत्वबाट मुक्ति त दिलायो तर शासित र उत्पीडनबाट मुक्ति भने पाएनन् । शोषण र उत्पीडनको रूप फेरियो । शासक र शासितको अवस्था ज्यूँका त्यूँ रहे । उनीहरूले सानासाना जमिन त पाए तर जमिनको मालिक र अधिकार मालिककै हातमा रह्यो । राज्यलाई कर तिरेर पाएको जमिन बेचबिखनसम्म गर्न पाउने अधिकार पाए । दासहरू किसानमा र मालिक सामन्त, जमिनदारमा परिणत भए । सामन्त, महासामन्तहरू राजामहाराजाहरूमा परिणत भए । यो युगलाई 'सामन्तवादी युग' भनियो । यो अवस्थामा राज्यसत्ताका मालिक, शासकहरूले राजा-महाराजाको उपाधि पाए । जनताले प्रजा, रैती र किसानको उपाधि पाए ।

लामो समयको अन्तरालमा किसानहरूका जमिनहरू टुक्राटुक्रा हुँदै एकजना किसानलाई जीवन धान्न धौधौ भएपछि उनीहरू आफ्नो जमिन छाड्न वा बेचेर कतै ज्यालामजदुरी गरेर जीवन धान्न बाध्य भए । तिनका सानासाना जमिनहरू चक्लाबन्दी हुँदै मुठीभर व्यक्तिको हातमा केन्द्रित हुन गई एकजना व्यक्तिको मातहत ठूलठूला जमिन केन्द्रित हुन गयो र तिनीहरूले त्यो जमिनमा ठूलठूला कृषि फर्महरू वा अन्य उद्योग, कलकारखानाहरू स्थापना गरे । हिजोका सामन्तहरू ठूलठूला उद्योगपति र पुँजीपति वर्गमा विकास भए भने हिजोका किसानहरू त्यहीँ ज्यालामा काम गर्ने मजदुर वर्गमा परिणत भए । यसले राज्यसत्ताको स्वरूप पनि पुँजीबादी बनाइदियो । यो युगलाई 'पुँजीवादी युग' भनियो ।

पुँजीवादी युगमा हरेक उत्पादित वस्तुलाई पुँजीमा रूपान्तरित गरियो र हरेक चीज द्रव्यमापनमा आयो । सामन्तवादसम्म आउँदा वस्तु विनिमय चल्थ्यो तर पुँजीवादमा आउँदा हरेक चीजलाई पैसाको माध्यमबाट सटही गर्ने काम भयो । यसले सीमित व्यक्तिमा पुँजी एकीकृत हुन पुग्यो । देश पुँजीपतिहरूको हातमा चल्न थाल्यो । धेरै पुँजी भएको देशले वस्तु उत्पादनका लागि अविकसित देशहरूको कच्चा पदार्थ कब्जा गर्ने र सैन्य बलमा उपनिवेश बनाउने होड राज्य-राज्यबीच चल्यो । यो होडले पहिलो र दोस्रो विश्वयुद्धसम्म निम्त्यायो । यसले कुनै देशलाई सुपर स्टेटमा पुऱ्याइदियो भने कुनै देशहरू क्षतविक्षत भए । आर्थिक रूपमा विश्वयुद्धले सर्वनास बनाइदियो । यसले एकाधिकारवादी साम्राज्यवादलाई जन्म दियो । यही प्रक्रियामा विज्ञान र प्रविधिको आविष्कारको होडसँगै अहिले पुँजीवादको विकसित रूप निगम पुँजीवादमा आइपुगेको छ । आजको यो साम्राज्यवादको भूमण्डलीकृत रूपलाई 'उत्तरसाम्राज्यवाद' भनिएको छ । उत्तरसाम्राज्यवादको चरित्रले क्रान्तिको चरित्रलाई पनि बदलिदिएको छ र सत्ताको स्वरूपलाई पनि अझ लेनिनले भन्नुभएजस्तै बुझ्नै नसकिने ढङ्गले जटिल बनाइदिएको छ ।

कम्युनिज्मका प्रणेता मार्क्स र एङ्गेल्सले आदिम साम्यवादी युगको गर्भबाट दासयुग, दासयुगको गर्भबाट सामन्ती युग, सामन्ती युगको गर्भबाट पुँजीवादको जन्म हुन्छ भन्नुभयो । यसरी नै पुँजीवादको गर्भबाट वैज्ञानिक समाजवादको जन्म हुन्छ भन्ने कुरालाई पनि सप्रमाण पेस गर्नुभएको छ । उहाँहरुले यही वैज्ञानिक समाजवादको विकसित रूप नै वैज्ञानिक साम्यवादी सत्ता हुन्छ भन्नुभएको छ ।

... बाँकी पृष्ठ ३ मा

## अभियानका चार ....

बन्दी कमरेडहरूले पनि क्रान्ति र पार्टीका सन्दर्भमा प्रायः तीनवटा सुझावहरू दिनुभयो : पहिलो, पार्टीले अगाडि बढाएको एकीकृत जनक्रान्तिको कार्यदिशा र कार्यनीति सही भएकाले आफूहरू खुसी रहेको, क्रान्ति र जनतालाई कुनै पनि अवस्थामा धोका नहोस्, तेस्रो, पार्टीलाई झुकाउन राज्यले षड्यन्त्र गरिरहेकाले कुनै पनि गलत सम्झौतामा नपरेर क्रान्ति बढाउस्, आफूहरू बरु कतिन्जेल बस्नुपर्छ तयार छौँ । त्यसमा एकजना बहिनीले निकै भावुक हुँदै भन्नुभयो, 'यो कलिलो उमेर जेलमा छ । पार्टीले क्रान्ति बढाओस् । अझै कति बस्नुपर्छ, म तयार छु ।' उहाँलगायत घाइते कमरेडहरूले बन्दी जीवनबाट दिनुभएका सुझाव र बलिदान गर्न तयार भएको दृढता राख्दा हामी भावुक भयौँ । जेलका बन्दी योद्धाहरूसँग हामीले पनि पार्टीका तर्फबाट क्रान्ति, पार्टी, श्रमिक जनता, राष्ट्र र वैज्ञानिक समाजवादभन्दा अर्को कुनै स्वार्थ नभएको दृष्टिकोण प्रस्तुत गर्यौँ । साथै कमरेडहरूलाई छुटाउन राज्यसँग ३ बुँदे सहमतिअनुसारको पहल गरिरहेको तर कुनै पनि दबाबमा नपर्ने प्रतिबद्धता प्रकट गर्यौँ ।

कार्यक्रममा नेता र कार्यकर्ता कमरेडहरूसँग पनि निकै गहन छलफलहरू भए । प्रशिक्षणमा प्रायः कमरेडहरूले चारवटा विषयमा चासो राख्नुभयो : पहिलो, पार्टी आमजनताको आशा-भरोसामा बदलिँदै गएको, क्रान्तिकारीहरूलाई एकताबद्ध बनाउँदै क्रान्तिलाई नयाँ उचाइमा उठाउनुपर्ने, तेस्रो, जनतामा क्रान्तिबारे चिन्ता रहेकाले विगतका समस्याहरू आउन नदिने गरी क्रान्तिलाई अगाडि बढाउनुपर्ने, विदेशी साम्राज्यवादी, पुँजीवादी घेराबन्दीका विरुद्ध उचितखालको प्रतिरोध सङ्घर्ष चलाउँदै राष्ट्रियताको रक्षा गर्नेमा जोड दिनुपर्ने, जनताका दैनिक समस्यालाई पनि राहत र समाधान दिन पहल गर्नुपर्ने र आफूहरू पार्टीको योजनामा दुःखकष्ट गर्न तयार रहेको । कमरेडहरूका धारणा, सुझावले के बताउँथे भने पार्टी जनताका बीचमा पुग्दैछ । जनताहरू देशभरि क्रान्तिकारी झन्डावरिपरि गोलबन्द बन्दै गएका छन् र मेहनत गर्दै जाँदा यो निकै छिटो फैलिने सम्भावना छ । त्यसैगरी पार्टीले जनता र राष्ट्रका मामिलामा निकै होस पुर्याएर कार्य गर्नु पर्नेछ । कार्यदक्षता विकास गर्दा किसान, मजदुर, विद्यार्थी, युवा, मधेसी, जनजाति, महिला, श्रमिक समुदाय, मुस्लिम समुदाय पार्टी र क्रान्तिवरिपरि गोलबन्द बन्ने प्रस्ट चित्र देखिन्छ । हामीले कमरेडहरूलाई पार्टीको विचार, कार्यदिशा, कार्यनीति र योजनाहरूमा केन्द्रित गर्यौँ । साथै कमरेडहरूका सुझाव, अपेक्षा र चिन्तालाई दृढताका साथ मनन गर्दै जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्यौँ ।

अभियानमा एउटा नौलो पाटो के देखियो भने बास बस्ने, खाना खाने र चिया पिउने ठाउँमा चिन्ने बुद्धिजीवी, वाम व्यक्तित्व, प्रजातन्त्रवादी, कम्युनिस्ट, पाका, अनुभवी नेता, विशेषतः माओवादी आन्दोलनका नेताहरूले आफ्ना भावना र अपेक्षाहरू खुलेर राख्नुभयो । प्रायः सबैका तीनवटा सुझाव र अपेक्षा आए : पहिलो, नेपालको राजनीति र कम्युनिस्ट आन्दोलन अप्ठ्यारो ठाउँमा आएको छ । यसको निकासका लागि सबै कम्युनिस्टहरूलाई एकताबद्ध बनाउँदै व्यवस्था परिवर्तन गर्नेतिर जानुपर्यो । दोस्रो, सबैलाई हेरियो तर पार लागेन । एकपटक नेकपा र यसका नेताहरूले जनचाहनाको नेतृत्व लिनुपर्यो । तेस्रो, देशको रक्षा पनि यही पार्टीले मात्र गर्नसक्ने भएकाले सबैलाई मिलाएर लानुपर्यो । केहीले त पाका कम्युनिस्ट नेताहरूलाई तीतो वाक्यले सराप्दै भन्नुभयो- यो कपाल यिनै कम्युनिस्ट पार्टी र नेताहरूलाई साथ दिँदादिँदै फुल्यो तर यिनको बुद्धि कहिल्यै खुलेन । एकपटक तपाईंहरूलाई हेर्ने हो । हामीले उहाँहरूलाई श्रमिक जनता, देश र कम्युनिस्ट आन्दोलनको नेतृत्व सम्भव भएसम्म नयाँ आधार र विचारसहित दिने विश्वास दिलायौँ ।

समग्रमा चारथरी पात्रहरूका रूपमा केही फरक तर सार एउटै बोकेका धारणा, सुझाव, अपेक्षा सुनियो र बुझ्न पाइयो । विषयहरू सुन्दा र बुझ्दा अगाडिको वस्तु एउटै भएपछि त्यसलाई बुझ्ने मूल पक्ष एकै खालको बन्दो रहेछ भन्ने महसुस भयो । हामीले देशको अवस्था, समस्या र निकासबारे जसरी सोचिरहेका छौँ धेरैले त्यसरी नै सोच्न खोजेको पाइयो । हुनत वस्तु नै चेतना र धारणा निर्माणको पहिलो स्रोत भएकाले सोचाइहरू नजिक हुनु स्वाभाविक नै हुने भयो तर मामिलाहरूलाई विभिन्न तरिकाले विश्लेषण गर्ने र गिजोल्ने कार्य भइरहेको अवस्थामा हामीले सोचेकै तरिकाले सोचिहाल्छन् भन्ने हुँदैन । खासगरी संसद्वादी पार्टी र विश्लेषकहरूले सोच्ने तरिकामा पनि नागरिकहरू पुग्न सक्छन् भन्ने लाग्थ्यो तर देशको उन्नति र अग्रगमनलाई केन्द्रमा राखेर सोच्दा एकै ठाउँमा भइँदो रहेछ भन्ने लाग्यो ।

क्रान्तिका महान् सहिद तथा बेपत्ता परिवार, घाइते योद्धा, कार्यकर्तालाई भन्ने लामो कुरा छैन, छोटो छ- हामीमा केही पद, पैसा, कुर्सी, निजी स्वार्थको मात्र लोभ हुन्थ्यो भने हामीले जीवनलाई जनयुद्धमा जस्तै एकीकृत जनक्रान्तिको धारमा होम्नुपर्ने थिएन र छैन । हामी यो क्रान्तिमा होमिनुअघि नै दर्जनौँ कमरेडहरू सांसद र मन्त्री थियौँ । अझ प्रचण्ड-बाबुरामसँग २०६९ सालमा विद्रोह गर्दा सबैभन्दा धेरै सभासद्हरू नै हामीसँग हुनुहुन्थ्यो । केही करोड रुपैयाँ त्यतिबेलै प्राप्त थियो । निजी सुविधाका कुनै पनि अवसर कमरेडहरूसँग थिए । कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा गर्नसक्ने हजारौँ योग्य कमरेडहरू हुनुहुन्थ्यो जो अहिले पनि हुनुहुन्छ । हामी एकीकृत जनक्रान्तिमा लामबद्ध हुनुको एउटै उद्देश्य छ, त्यो हो- सर्वहारा वर्गीय क्रान्ति पूरा गर्नु, दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थालाई अन्त्य गर्नु र वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नु । जुन लक्ष्यका लागि हाम्रा प्रिय आफन्त र कमरेडहरूले जीवन बलिदान गरे, त्यही लक्ष्य पूरा गर्नु र उनीहरूका सपना पूरा गर्नु । त्यसैले तपाईंहरू ढुक्क हुनुहोस्, क्रान्तिलाई पूरा गर्ने दायित्वबाट नेकपा र यसका नेताहरू कदापि पछि हट्ने छैनन् ।

देशभरिका कार्यकर्तालाई के भन्न चाहन्छौँ भने पार्टीले कुनै पनि हालतमा आफ्नो मार्ग, उद्देश्य र लक्ष्य बदल्नेछैन, बरु सबै कमरेडहरू आफ्नो जिम्मेवारी पूरा गर्न आआफ्नो कार्यक्षेत्रमा पूरा जोस र उत्साहका साथ सक्रिय बनौँ । हामी संसद्वादीहरूजस्तो आलोचनामा रमाउने र निराशामा बाँच्ने प्रवृत्तिबाट बचेर समाजलाई अग्रगामी प्रवाहमा हुइँक्याउन समर्पित हुनुपर्छ ।

देशका बुद्धिजीवी, कम्युनिस्ट समर्थक व्यक्तित्व, प्रगतिशील लोकतन्त्रवादी, देशभक्त मित्रहरूलाई भन्न चाहन्छौँ- हामी क्रान्तिको अभियानमा होमिँदा आफ्नो मुटुमा जनता र देशको हितबाहेक केहीलाई राखेका छैनौँ । हाम्रो पार्टीको चाहना र लक्ष्य भनेको जम्माजम्मी देशलाई विदेशी साम्राज्यवादी शक्तिहरूको हस्तक्षेप, अतिक्रमणबाट मुक्त गर्ने, जनतालाई लुटेर रमाइरहेको दलाल पुँजीवादी संसदीय व्यवस्थालाई फेर्ने र वैज्ञानिक समाजवाद स्थापना गर्ने मात्र हो । हामीलाई कुनै देखावटी सङ्घर्ष गरेर तुच्छ स्वार्थ पूरा गर्नु छैन । त्यसैले यो सङ्घर्ष र राजनीतिक कार्यमा जो मित्रहरू सहभागी बन्न आउन चाहनुहुन्छ, उहाँहरू जोकोहीसँग बलियो सहकार्य गर्न हामी तयार नै छौँ र हुनेछौँ । देशलाई अग्रगमन र रूपान्तरणको मार्गमा बढाउने कार्यमा हाम्रो कुनै सङ्कीर्णता, जडता र अहम् छैन र हुने कुरै छैन । यो एउटा महान् कार्य हो जसमा सबै अग्रगामी शक्तिहरू एक नभएसम्म र सहकार्यमा नआएसम्म पूरा गर्न सम्भव हुँदैन । एक न एक दिन एकताबद्ध भएर नै यो पूरा हुने र गरिने हो । तसर्थ तपाईंहरू नेकपासँग एकीकृत हुन सकिन्छ र स्वाधीन एवम् संमृद्ध देश निर्माणको यात्रामा निकै परसम्म पुग्न सकिन्छ भन्नेमा ढुक्क भए हुन्छ ।

समग्रमा उल्लेख गर्दा अभियानमा जाँदा चार अनुभूति, एक सार पाएका छौँ । यसको सार हो- देशलाई विदेशी हस्तक्षेपबाट मुक्त गर्नु, जनतालाई दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थाबाट मुक्त गर्दै देशमा जनताको वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नु । यही सारमा इतिहासदेखिका महान् सहिदहरूको सपना जोडिएको छ । यसैमा पार्टी र नेताहरूको ऐतिहासिक जिम्मेवारी निर्भर रहेको छ । यो सारलाई हामी एकीकृत जनक्रान्तिको महान् यात्रामा अनवरत बोकिरहनेछौँ ।

## राज्यसत्ताको ....

अहिले विश्व-मानव समाजले उपरोक्त सबै युगहरू पार गर्दै विश्व-पुँजीवादको उत्कर्ष अवस्था उत्तरसाम्राज्यवादमा आइपुगेको छ । यो अवस्थामा साम्राज्यवादले ६० प्रतिशतभन्दा बढी साम्यवादका नियम र पद्धतिहरू चोरेर पुँजीवादमा लागू गर्दै आफूलाई बचाउने काम गर्दै आएको छ ।

### ५. उत्तरसाम्राज्यवादको सत्तासम्बन्धी विकसित चरित्र

विश्वमा अहिले करिब सवा दुई सय राष्ट्रहरूमध्ये आधाभन्दा बढी अविकसित र साना राष्ट्रहरू छन् । ती राष्ट्रहरू अहिले पुँजीवादको चपेटामा छन् । ती कुनै न कुनै रूपमा अधीनस्थ वा नवऔपनिवेशिक, अर्धऔपनिवेशिक अवस्थामा छन् । तिनलाई अधीनस्थ बनाइराख्न साम्राज्यवादले धेरै पक्षमा आफूलाई विकसित गरेको छ । दर्शनमा आदर्शवादी द्वैतवाद आजको साम्राज्यवादी दर्शन हो । यो सारसङ्ग्रहवादी खिचडी दर्शन हो । यसले अध्यात्मवाद र भौतिकवादको 'फ्युजन' गर्न खोजेको छ । यसअनुसार उसले केही साम्यवादी नियमहरू पुँजीवादी व्यवस्थामा लागू गर्न सजिलो बनाएको छ । यसले विचारमा 'बहुलवाद', राजनीतिमा 'संसद्वाद', सत्तामा 'भागबन्डा', सङ्घर्षमा 'सम्झौता-समन्वय, षड्यन्त्र र धोखा', अर्थराजनीतिमा 'निगम पुँजीवाद र समन्वयवाद' लागू गरेको छ । यो अहिलेको साम्राज्यवादको विकसित चरित्र हो । राजनीतिमा संसद्वाद र संसदीय व्यवस्थालाई गणतन्त्र, लोकतन्त्र, धर्मनिरपेक्षता, आवधिक चुनाव, मानवअधिकार, समानुपातिक, समावेशी, सङ्घीयताजस्ता लोकप्रिय नाराहरूको जलप लगाउँदै साम्राज्यवादले पुँजीवादलाई रङ्गीचङ्गी र हराभरा देखाएर जनतालाई भ्रम दिने नीति अख्तियार गरेको छ । यो पुँजीवादी रङ्गीचङ्गीमा हाम्रा कतिपय भूपू माओवादी नेताहरू पुँजीवादको नयाँ संस्करणका रूपमा आधुनिक संसद्वादका असल नोकर बन्न पुगेका छन् । सायद यो 'साम्राज्यवादी अस्त्र' नेपालमा मात्र नभएर संसारभरीका नेपालजस्ता अविकसित र पिछडिएका गरिब राष्ट्रहरूमा प्रयोग भइरहेको छ र त्यहाँका पिछडिएका जाति र समुदायहरू यसको दरिलो सिकार भइरहेका छन् ।

### ६. नेपालमा राज्यसत्ताको अवस्था

समाज विकास र राज्यसत्ताबारे माथिको अवधारणालाई पछ्याउँदा नेपालमा आधुनिक नेपाल राज्य बन्नुपूर्व बाईसे, चौबीसे राज्यलगायत यहाँ झन्डै ६ दर्जन ससाना सामन्ती रजौटा तथा भुरेटाकुरे राज्यहरू थिए । तिनलाई गोरखाका राजा पृथ्वीनाराण शाहले गोरखाको सामन्ती राज्य विस्तार गर्ने क्रममा एउटै नेपाल राज्यमा गाभे र एउटै नेपाल राज्यको स्थापना गरे । यसै क्रममा पूर्वमा टिस्टा र पश्चिममा काँगडा, दक्षिणमा लखनउको गौमती नदीसम्म विस्तार भएको गोरखा राज्य अङ्ग्रेजको इस्ट इन्डिया कम्पनी फौजसँग पराजित भएर सन् १८१६ मा भएको सुगौली सन्धिपछि अघोषित रूपले नेपाल अङ्ग्रेजको उपनिबेश बन्न पुग्यो । यो सन्धिले भौगोगिक हिसाबले नेपाललाई पूर्वमा मेची, पश्चिममा महाकाली नदी, दक्षिण तराईका सीमित भूभाग र उत्तरमा हिमाल यी चार किल्लाभित्र खुम्च्याइदियो । दोस्रो, नेपालमा अघोषित रूपले अङ्ग्रेजको उपनिबेश कायम हुन पुग्यो । यस घटनाले नेपालका शासकहरू कहिल्यै पनि दलालीबाट मुक्त हुन सकेनन् । यो परिघटनाले नेपालमा परम्परागत ढङ्गले सामन्तवादले सामन्तवादी प्रक्रिया पूरा गरेर प्रगतिशील पुँजीवादमा प्रवेश गर्न पाएन । त्यसै बेलादेखि नेपालमा दलाल पुँजीवाद भित्रियो र दलाल पुँजीवाद पञ्चायती व्यवस्था रहँदासम्म सुषुप्त अवस्थामा रह्यो तर संसदीय व्यवस्थाको स्थापनापछि यसले अरू मौलाउने मौका पायो । राजतन्त्रको अन्त्यपछि त खुलेआम नेपालमा दलाल पुँजीवादको हालीमुहाली नै चल्यो । दलाल राज्यसत्ताको खुला आगमन नहुँदासम्म नेपालमा सामन्ती शाहवंशीय राजाहरूको हातमा शासन व्यवस्था रह्यो । लामो समय करिव अढाइ सय वर्षको राजतन्त्रात्मक राज्यसत्तालाई दस वर्षको माओवादी जनयुद्धले विस्थापित गर्न सफल त भयो, स्थानीय रूपमा जनसत्ताहरूको निर्माण गर्दै समानान्तर जनसत्ताहरू सञ्चालन गर्ने तहसम्म त सफल रह्यो तर पुरानो सत्तालाई पूर्ण रूपमा कब्जा गरी जनताको सत्ता स्थापना गर्न भने असफल रह्यो । यो दस वर्षको जनयुद्धको विडम्बना रह्यो । अहिले नेपालमा दलाल पुँजीवाद हाबी भएको छ । सामन्ती राज्यसत्ताका अवशेषहरू पनि कायमै छन् । यी दुईटाको खिचडी रूप अहिले भद्दा रूपको घोर आत्मसमर्पणवादी दलाल पुँजीवादी राज्यसत्तामा देखापरेको छ । गएको चुनावले यसको रूप 'सामाजिक दलाल पुँजीवाद' मा उदाङ्गो पारिदिएको छ ।

### ७. नेपालमा जनसत्ताको उदय र यसको विकासप्रक्रिया

'नेपालको क्रान्तिकारी राजनीतिमा जनसत्ताको निर्माण इतिहासकै पहिलो परिघटना हो । प्रतिक्रियावादी राज्यसत्ताविरुद्ध अनेकौँ विद्रोहहरू भए पनि श्रमजीवी जनताको सत्ता यसअघि कहिल्यै गठन हुन सकेको थिएन । माओवादी पार्टीको नेतृत्वमा सञ्चालित जनयुद्धमा मात्र यो सम्भव बन्यो । यद्यपि गौरवपूर्ण जनयुद्धबाट सङ्गठित जनसत्ता विजयको नजिक पुग्दै गर्दा तत्कालीन नेतृत्व गुटको विचलनका कारण जिघटन हुन पुग्यो ।'

-(जनसत्ताका निर्देशिका पेज २८ बाट)

साँच्चै नै नेपालको इतिहासमा जनसत्ताको गठन र पुनर्गठन एउटा ऐतिहासिक परिघटना बन्न पुगेको छ । नेपालमा पुरानो राज्यसत्ताका विरुद्ध पटकपटक विद्रोहहरू हुँदै आएका छन् । हालसम्मका विद्रोह र आन्दोलनहरूले पूर्ण सफलतासम्म पुग्न सकेका छैनन् । आंशिक सुधारका परिघटनासम्म आई सम्झौतामा टुङ्गिएका इतिहास छन् । त्यो पनि धोकापूर्ण र हरेकपटक वैदेशिक हस्तक्षेपमा टुङ्गिएका छन् । २००७ सालको विद्रोह राणा शासनको अन्त्य गर्दै दिल्ली सम्झौतामा टुङ्गियो । २०२८ को झापा विद्रोहलाई निर्ममतापूर्वक दमन गरेर दबाइयो । २०३५/३६ को विद्यार्थी आन्दोलनबाट सुरु भएको आन्दोलनलाई जनमत सङ्ग्रहमा लगेर टुङ्ग्याइयो । यो पनि अघोषित दिल्ली निर्देशित षड्यन्त्र नै थियो । २०४६ सालको आन्दोलनलाई पनि दिल्लीकै सीधा नियन्त्रणमा राजा र संसद्वादी दलहरू तत्कालिक वाममोर्चा र नेपाली काङ्ग्रेसबीच सम्झौता गरी 'संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय व्यवस्था' मा ल्याएर टुङ्ग्याइयो । यसपछि नयाँ समीकरणमा बनेको राजा र संसद्वादीहरूको साझेदारी सत्ताका रूपमा आएको २०४७ पछिको 'राजतन्त्रात्मक संसदीय व्यवस्था' का विरुद्ध तत्कालीन नेकपा (माओवादी) ले २०५२ साल फागुन १ देखि जनयुद्धको सुरुआत गर्‍यो । यो पुरानो राज्यसत्ताको अन्त्य गर्दै नेपालमा नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने उद्देश्यसहित गरिएको थियो । यसै क्रममा २०५४ सालमा भएको स्थानीय निर्वाचन सशक्त बहिष्कार गरेर धेरै गाउँहरूमा पुरानो सत्ताका स्थानीय निकायहरू खाली गर्न माओवादीको बहिष्कार कार्यक्रम सफल रह्यो र धेरै गाविसहरूमा आंशिक खाली भए । यही खाली भएका गाविसहरू जहाँ पुरानो सत्ता शून्यताको अवस्था सिर्जना भयो । त्यहीँबाट स्थानीय रूपमा जनसत्ताको सुरुआत भयो । यो जनसत्ता बिस्तारै विस्तार हुँदै आधारइलाकाहरूमा फैलियो र २०५५/५६ बाट घोषित जनसत्ताहरू जन्मिन थाले । २०५६ बाट रोल्पा, रुकुमहरूमा जनसत्ताहरू खुलेआम घोषणा भए । २०५८ पछि स्वायत्त प्रदेश स्तरका जनसरकारहरू बनाउने क्रम सुरु भयो । यसै क्रममा रोल्पाको कुरेली उपाबाङमा २०५८ शरदतिर क्रान्तिकारी जनपरिषद् नेपालको घोषणा भयो । यो स्थानीय जनसत्ताहरूको जगमा घोषणा गरिएको केन्द्रीय सत्ताको संरचना थियो । यसपछि आधारइलाकाहरूमा जनसत्ताले वास्तविक सत्ताको अभ्यास गर्दै जनताका स्थानीय आवश्यकताका सबै कामहरू गर्न सुरु गर्‍यो भने अरू विशाल क्षेत्रमा हस्तक्षेपमूलक सत्ता, द्वैधसत्ताहरू र सहरी तथा श्वेतइलाका जहाँ हाम्रो सङ्गठनात्मक अवस्था कमजोर छ ती क्षेत्रहरूमा प्रचारात्मक सत्ताहरू सञ्चालन भए । कुलमा पुरानो सत्ता र पत्रकारहरूले नै भन्दै आएका ८० प्रतिशत भूभागहरूमा माओवादी सत्ताको प्रभाव र नियन्त्रण कायम हुन गयो । यसको सुरक्षा जनमुक्ति सेना र जनमिलिसियाहरूले गरिरहेका थिए । यसैको जगमा नै समानान्तर सत्ता कायम हुन पुगेको थियो । यसको कारणले नै तत्कालीन नाकाम हुन पुगेको पुरानो सत्ता वार्ता, युद्धविराम र शान्तिप्रक्रियामा माओवादीसँग साझेदारी सत्ता चलाउन बाध्य भएको थियो तर तत्कालीन पार्टीका मूल नेतृत्व कमरेड प्रचण्ड र बाबुराम भट्टराईहरूले साम्राज्यवादसामु आत्मसमर्पण गरिसकेपछि जनयुद्धको विजय प्रक्रियामा गत्यावरोध पैदा भयो । जसले गर्दा जनसत्ताले पूर्णता प्राप्त गर्न सकेन । यसमा पनि बाह्य शक्तिकेन्द्रहरूले ठूलो षड्यन्त्र गरे । उनीहरूले प्रचण्ड बाबुरामलाई पद र पैसामा किने । जनयुद्धको समापन गर्न लगाए र जनसत्ताहरूको बिनाकुनै पार्टी निर्णय एकलौटी मानोमानी ढङ्गले विघटनको घोषणा गर्न पुगे । जनयुद्धका दस हजार सहिद, बेपत्ता र घाइते योद्धाहरूको रगतमा होली खेले । यसरी नेपालको इतिहासमा पहिलोपटक जनताले गरेको अपार त्याग र बलिदानबाट माओले भन्नुभएजस्तै बन्दुकको मोहराबाट जन्मेको जनसत्ता विघटन हुन पुग्यो । दुस्मनसँग मिलेर आफ्नो स्वार्थका लागि र विदेशीहरूको स्वार्थ पूरा गर्न आफैँले जन्माएको बच्चाको घाँटी निमोठेर हत्या गर्ने, अझ भनौँ थाहा नपाउने गरी पछाडिबाट छुरा धसेर आफ्नै बच्चाको हत्या गर्ने अपराधीका रूपमा प्रचण्ड-बाबुरामहरू युगयुग जनसत्ता र इतिहासको कठघरामा उभिरहनेछन् । यसको छिनोफानो भविष्यले गर्दै जानेछ ।

### ८. एकीकृत जनक्रान्ति र जनसत्ता

जनयुद्ध प्रतिक्रान्तिमा परिणत भएपछि र प्रचण्ड-बाबुरामहरू काङ्ग्रेस-एमालेसँग मिलेर विघटित संसदीय व्यवस्थाको पुनर्स्थापना गर्न पुगेपछि नेपालमा फेरि विघटित जनसत्ताको पुनर्स्थापनाको आवश्यकता खड्किन पुग्यो । जनयुद्धमा गाउँबाट सहर घेर्ने रणनीतिअन्तर्गत आधारइलाकाहरू बनाउँदै गाउँबाट जनसत्ताहरू निर्माण गर्ने काम सुरु भयो । तर एकीकृत जनक्रान्तिको सिद्धान्तअनुसार गाउँ र सहरमा सँगसँगै जनसत्ताहरू निर्माण गर्ने नीतिअन्तर्गत जनसत्ताहरू निर्माण गरिएका छन् । २०७२ मङ्सिर ५ र ६ गते चितवनको भरतपुरमा दुई दिनसम्म जनसत्ताको अधिवेशन बोलाइयो । यो अधिवेशनले जनसंविधानको सङ्क्षिप्त अवधारणा र जनसत्ता निर्देशिका पारित गर्‍यो । निर्देशिकाले जनसत्ताका केन्द्र, प्रदेश र स्थानीय गरी तीन तह रहने व्यवस्था गरेको छ । जातीय र क्षेत्रीय आधारमा १२ प्रदेश रहने तात्कालिक व्यवस्था गरेको छ । तीनै तहमा जनप्रतिनिधिसभा र जनपरिषद् रहने व्यवस्था गरेको छ । केन्द्रीय जनप्रतिनिधिसभा १५१ जनाको रहने, प्रदेशसभा ७५ जनासम्मको र स्थानीय तह ५५ जनासम्म रहने व्यवस्था छ । केन्द्रीय जनपरिषद् ३५ जनाको, प्रदेशको जनपरिषद् २५ जनाको र स्थानीय तहको जनपरिषद् १५ जनासम्मको रहने व्यवस्था छ । यो प्रथम अधिवेशनले १४१ जना जनप्रतिनिधिसभा र २७ जनाको केन्द्रीय जनपरिषद् गठन गरेको छ । यस्तै प्रदेश तह र स्थानीय तहमा, त्यहाँको आवश्यकतामा सबै प्रदेशहरूमा पनि पहिलो र दोस्रो अधिवेशनहरू सम्पन्न भैसकेको अवस्था छ । केन्द्रमा पनि दोस्रो अधिवेशन सम्पन्न भैसकेको छ । अहिले सबै जिल्लामा धमाधम दोस्रो अधिवेशन भैरहेको छ । २०७५ वैशाख २० भित्र सबै स्थानीय तहका जनसत्ताका अधिवेशनहरू सकिसक्ने जनसत्ताको कार्यक्रम छ । त्यसपछि गाउँ र नगरसम्मको पनि निश्चित अवधिभित्र सकिसक्ने गरी कार्यक्रम रहेको छ । यो जनसत्ताले जनताका तत्कालिक आवश्यकताका राष्ट्रियता, जनतन्त्र, जनजीविकासग सम्बन्धित विषयहरूमा काम गर्नेछ । न्याय, सुरक्षा, विकास निर्माण, सामाजिक, सांस्कृतिक कामहरू, शिक्षा र स्वास्थ्यसँग सम्बन्धित जनसरोकारका विषयहरू यसमा जनसत्ताले पहल गर्ने व्यवस्था छ ।

### ९. जनसत्ता र वैज्ञानिक समाजवादबारे

नेपालमा राज्यसत्ताको चरित्र बदलिएको छ । राज्यसत्ताको चरित्र सामन्तवादबाट दलाल पुँजीवादमा बदलिएको छ । यद्यपि सामन्तवाद पनि समाप्त भएको छैन तर अर्थतन्त्रको ठूलो भाग अहिले दलाल पुँजीवादले कब्जा गरेको छ । सत्ताको सार र चरित्र प्रतिक्रियावादी, घोर आत्मसमर्पणवादी, दलाली चरित्रको छ । यसले राष्ट्रवादलाई पूरै विनष्ट बनाउँदै देशलाई नवऔपनिवेशिक चरित्रमा पुर्‍याएको छ । यसले सत्ताको अन्तरविरोधमा पनि फेरबदल ल्याएको छ । यसका नेतृत्व राजाको ठाउँमा घोर दलालहरू, त्यसमा पनि सामाजिक दलाल पुँजीवाद आएको छ । यति बेला जनसत्ताको भूमिका अझै बढेको छ । जनताको मुख्य दुस्मन दलाल पुँजीवाद बनेको र मित्रशक्तिहरू देशभक्त, प्रगतिशील राष्ट्रवादी, क्रान्तिकारी, जनतन्त्रवादी, सच्चा लोकतन्त्रवादी शक्तिहरू हुने भएकाले यो अवस्थामा जनसत्तामा पनि मित्रशक्तिहरूसँग सहकार्यमा मुलुक र जनताका दुस्मनलाई एक्लो बनाउँदै देशमा परिवर्तनकामी र देशभक्त राष्ट्रप्रेमीहरूको सत्ता अहिलेको तत्कालिक जनसत्ताको चरित्र बन्नेछ । यसले भाबी वैज्ञानिक समाजवादको प्रारम्भिक खुड्किलोको काम गर्नेछ र जनतालाई वैकल्पिक सत्ता दिनेछ । वैज्ञानिक समाजवाद यसको लक्ष्य र गन्तब्य हुनेछ ।

समाजवादको नारा अहिलेका दलाल पुँजीवादीहरूको पनि जनता झुक्याउने नारा बनेको छ । यो सन्दर्भमा वैज्ञानिक समाजवाद नै अबको वैज्ञानिक नारा हुनेछ । यो केवल नारा मात्र नभएर अबको जनताको आवश्यकता र समाज विकासका क्रममा पुँजीवाद वा दलाल पुँजीवादको समस्याहरूको हल गर्ने र अहिलेको साम्राज्यवाद (उत्तरसाम्राज्यवाद) ले ल्याएका विकृति र भ्रमहरूको चिरफार वैज्ञानिक समाजवादले मात्र गर्नेछ । वैज्ञानिक समाजवादले मात्र यहाँका जातीय, वर्गीय, लैङ्गिक, क्षेत्रीय र विभिन्न उत्पीडित समुदायको उत्पीडन र असमानताको हल दिनेछ । नागरिकलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुता, यातायात, सञ्चार, विद्युतीकरण, मनोरञ्जनको उचित व्यवस्था वैज्ञानिक समाजवादले मात्र हल गर्नेछ । दलालहरू र तिनले भन्ने गरेका संसदीय व्यवस्थाबाट समाजवादको परिकल्पना फगत भ्रम मात्र हो । संसदीय व्यवस्था 'नर्क' जानलाई खनिएको बाटो भएकाले जतिसुकै राम्रो र रङ्गीचङ्गी बनाइएको भए पनि अन्ततः त्यो नर्क नै पुग्ने भएकाले कठिन र अप्ठ्यारो भए पनि वैज्ञानिक समाजवादको लक्ष्य प्राप्तिका लागि जनसत्ताको विकल्प छैन । यो नै अहिलेको जनताको सत्ता स्थापना गर्ने निर्विकल्प बाटो हो ।

अन्त्यमा सत्ताबाहेक सबथोक भ्रम हो भन्ने मान्यतालाई पकड्दै सबै न्यायप्रेमी र राष्ट्रप्रेमी नेपाली जनता एक भएर वैज्ञानिक समाजवादको बाटोमा अघि बढौँ । 'शान्ति, समृद्धि, स्वाधीनता र समानताका लागि वैज्ञानिक समाजवाद' भन्ने जनसत्ताको नारालाई आत्मसाथ गर्दै दिगो शान्ति, मुलुक र जनताको समृद्धि, राष्ट्रिय स्वाधीनता र सामाजिक समानताका लागि एकीकृत जनक्रान्तिको कार्यदिशामा अघि बढौँ ।

*स्रोत : जनविहानी राष्ट्रिय मासिक*

# युवा सङ्गठनको दुईमहिने पूर्वी अभियानको महत्व

नेपाली युवाहरूको जुझारु एवम् गौरवशाली सङ्गठन युवा सङ्गठन नेपालको ऐतिहासिक चौथो राष्ट्रिय सम्मेलन दाङको घोराहीमा सम्पन्न गरेर०७८ मङ्सिर महिनाको १२–१३ गते गैँडाकोटमा केन्द्रीय समितिको दोस्रो पूर्ण बैठक अध्यक्ष कमरेड पाटनको अध्यक्षता र नेकपाका महासचिव कमरेड विप्लवको प्रमुख आतिथ्यमा बस्यो । आदरणीय महासचिव कमरेड विप्लवले पार्टीका आगामी कार्ययोजना र युवाहरूबाट पार्टीले गरेको अपेक्षाबारे आफ्नो भनाइ राख्नुभयो । महासचिवको निर्देशन केन्द्रीय समितिले लागू गर्नु,नेपाली युवा नगरिकलाई हामीले एकीकृत जनक्रान्तिमा सङ्गठित गर्नु र हाम्रो काँधमा नयाँ जिम्मेवारी थपिनु अनिवार्य थियो । बैठकले पार्टीले लिएको जनमतसङ्ग्रहको कार्यक्रमलाई जनतासम्म लैजानु, जनतालाई वैज्ञानिक समाजवादी व्यवस्था चुन्ने अधिकारका लागि जनतालाई सङ्गठित र गोलबन्द गर्नु विशेषत:युवाहरूको भूमिका स्वाभाविक महत्वपूर्ण थियो र बैठकले राजनीतिक कार्य, साङ्गठनिक कार्य, सङ्घर्ष, आर्थिक, प्रचारलगायत महत्वपूर्ण विषयमा पदाधिकारीमा गहन छलफल भयो र केन्द्रीय समितिले पनि छलफल गऱ्यो ।अहिलेको आवश्यकता सङ्गठनलाई विशेष जोड दिनु पर्दछ। सङ्गठनात्मक हिसाबले सङ्गठनलाई सुदृढ र विस्तार गर्नेसिङ्गो सङ्गठनलाई गाउँ र जनस्तरमा होम्नुपर्ने आवश्यकता ठानी केन्द्रीय समितिका सदस्य कमरेडहरूको आधा सङ्ख्यालाई अभियानमा जोड्यौँ । ७७वटै जिल्लाबाट सङ्ख्या निर्धारण गरी केन्द्रीकृत रूपले पूर्वका आठ जिल्लालाई केन्द्र बनाई अभियानमा पठाउने निर्णय भयो । हामीले अभियानको नाम 'जनमतसङ्ग्रहका लागि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' दियौँ जसले सङ्गठनात्मक हिसाबले उपलब्धि होस् र क्रान्तिलाई अझ सशक्तबनाउन सकियोस् ।केन्द्रीय समितिले बनाएको योजना वस्तुवादी र वैज्ञानिक थियो । दुईमहिने अभियानबाट हामीले पूर्वमा चुनौतीलाई चिर्दै सङ्गठनमा उपलब्धि हासिल गर्नेछौँ भन्ने विश्वास लिएका छौँ ।

नेपालको परिवर्तनकारी आन्दोलनमा लामो समय जनता र युवाहरूलेपटक–पटक सङ्घर्षमा भाग लिए ।परिवर्तनकारी आन्दोलनमा ठूला–ठूलाबलिदानहरू भए,र राणा, पञ्चायत र राजतन्त्रको अन्त्य पनि भयो आंसिक उपलब्धीहरू पनि भए तर जनताको हातमासत्ता हुन सकेन जनताको सङ्घर्षले मुट्ठी भरका नेताको जिवनमा त धेरै उपलब्धिहरू भए गाडी नहुनेले गाडी पाए, महल नहुनेले महल पाए, पैसा नहुनेले पैसा पाए आदि सबैमा नेताहरूले व्यक्तिगत लाभ लिन पुगे जनतालाई सडकमै छोडेर आफू अनुकुलको समाजवादको नारा दिन थाले कम्युनिस्ट विचार आदर्श त्यागेर नवसंसोधनवादका पहरेदार हुन पुगे र संसदिय फोहोरी राजनितिका भजन गाउन थाले । खास गरि महान जनयुद्धले जनताका लागि उठाएका मुद्दाहरूबाट प्रचण्ड, बाबुराम क्रान्ति र कम्युनिस्ट विचारबाट स्खलित हुन पुगे, क्रान्तिका नायकप्रतिक्रान्तिका नायक बन्न पुगे, क्रान्तिलाई विसर्जन गरे, नेपाली जनताको आशा र भरोसामा कुठाराघात गरे, सहिदको रगतमा होली खेले र मालेमावादको आधारभूत वर्गदृष्टिकोणलाई समेत तिलाञ्जली दिएर नवसंशोधनवाद र सुधारवादमा पौडी खेल्दै आत्मसमर्पणको बाटो रोज्न पुगे । क्रान्तिको अधुरो कार्यभार पूरा गर्न महासचिव कमरेड विप्लवको नेतृत्वमा कम्युनिस्ट पार्टी बन्यो । एकीकृत जनक्रान्तिको कार्यदिशा निर्माण भयो जो मौलिक वस्तुवादी र वैज्ञानिक छ । कार्यकर्ताको उच्च मनोबल छ । जनताको आकर्षण दिनप्रतिदिन बढ्दै गएको छ । पार्टी अबको वैकल्पिक शक्तिका रूपमा स्थापित हुँदै गएको छ। पार्टी जनताको आशा र भरोसाको केन्द्र बन्दै छ। थप पार्टी र जनताबीचको सम्बन्धलाई प्रगाढ बनाउन र जोड्न युवाहरूको काँधमा नयाँ जिम्मेवारी थपिएको छ।

दुईमहिने पूर्वी अभियानमा हाम्रो सङ्गठनले राजनीतिक उद्देश्य पूरा गर्न निम्न प्रकारका काम गर्नु पर्दछ :

पहिलो : जनमतसङ्ग्रहबाट आफ्नो व्यवस्था चुन्नका लागि जनता र युवाहरूलाई जनमतसङ्ग्रहका विषयमा राम्रोसँग प्रशिक्षित पार्नुपर्दछ।

**दिनेश विक**

दोस्रो : जनमतसङ्ग्रह केका लागि र किन ? आमनागरिकलाई राम्रोसँग बुझाउनुपर्छ र बौद्धिक व्यक्तित्व, कर्मचारी र राजनीतिक पार्टीका इमानदार व्यक्तिहरूसँग अन्तरक्रिया, छलफल गर्नुपर्दछ ।

तेस्रो : दलाल संसदीय व्यवस्थाको व्यापक भन्डाफोर र यसका असफलताका कारण र खराबी जनतालाई सरल पाटोबाट बुझाउनुपर्छ ।

चौथो : जनमतसङ्ग्रहबाट जनतालाई वैज्ञानिक समाजवाद चुन्ने अधिकार हुने हुँदा वैज्ञानिक समाजवादले जनतालाई दिने अधिकारका विषयमा नागरिकलाई स्पष्ट पार्नुपर्दछ ।

पाँचौँ : दलाल संसदीय व्यवस्था रहेसम्म बेरोजगार बढ्ने, लाखौँ युवा विदेश पलायन हुने हुन्छ । देशमा युवाहरूको उचित खालको रोजगार, वैज्ञानिक व्यवस्थापन वैज्ञानिक समाजवादले मात्र दिने हुँदा वैज्ञानिक समाजवादका लागि गोलबन्द हुन युवाहरूलाई युवा सङ्गठनमा आबद्ध हुन आह्वान गर्नुपर्दछ ।

छैटौँ : युवाहरूलाई लागूपदार्थ दुर्व्यसनीबाट जोगिन र छुटाउन विशेष पहल गर्नुपर्दछ ।

सातौँ : राष्ट्रघाती एमसीसी सम्झौता रद्द गराउन र राष्ट्रिय स्वाधीनताको रक्षाका लागि युवा र नागरिकलाई सङ्घर्षमा उत्रिन अपिल गर्नुपर्दछ ।

राजनीतिक उद्देश्य पूरा गर्न सङ्गठनले पूर्वी नेपालमा चलाएको अभियानले जनमतसङ्ग्रहको नारालाई व्यापक रूपले जनतामाझ लम्पुर्छ । जनतालाई गोलबन्द गर्नुपर्छ । जनमतसङ्ग्रहको माध्यमबाट वैज्ञानिक समाजवाद स्थापना हुने र त्यो नै जनताको आफ्नै व्यवस्था हुने कुरालाई व्यापक रूपले जनतामाझ भन्नुपर्दछ । अर्को, अहिलेको असफल संसदीय व्यवस्थाको व्यापक रूपले भन्डाफोर गर्ने, एकीकृत जनक्रान्तिको कार्यदिशालाई जनतासँग जोड्ने र जनतालाई पार्टीप्रति विश्वस्त बनाउँदै लगेको छ । यसले हाम्रो उद्देश्य र उपलब्धि राम्रै रहने विश्वास लिएका छौँ ।

अभियानको साङ्गठनिक उद्देश्य

हामीले एकीकृत जनक्रान्तिमा जसरी युवाहरूको सहभागीतालाई व्यापक र सशक्त बनाउने लक्ष्य लिएका छौँ, त्यो सही छ । क्रान्ति जिलका लागि सबैको सहभागिता त चाहिन्छ नै तर खास युवाहरूको सहभागिता निर्णायक हुन्छ । क्रान्तिलाई विजयमा पुऱ्याउने शक्ति पनि युवा हो । एकीकृत जनक्रान्ति युवा लक्षीत कार्यदिशा हो तर यसमा अरूको भूमिका कम हुन्छ भन्ने होइन । क्रान्तिका लागि सचेत पहलबाट युवाहरूलाई गोलबन्द गर्नु हाम्रो सङ्गठनको मुख्य भूमिका हुन आउँछ। हामीले जति क्रान्तिकारी सङ्गठन निर्माणमा तीव्रता दियौँ र हजारौं–लाखौँ युवा आन्दोलनमा सहभागी बनायौँ भने श्रमिक जनताको जित सुनिश्चित छ। त्यो सम्भव छ । पूर्वी नेपालमा चलेको हाम्रो अभियानले सङ्गठनात्मक हिसाबले हामी धेरै उपलब्धि हासिल गर्न सक्छौँ । सङ्गठनको लक्ष्य एकीकृत जनक्रान्तिको बाटोबाट वैज्ञानिक समाजवाद– साम्यवादसम्म पुग्नु हो। राजनीतिक हिसाबले हामीले जति उचाइ प्रदान गरेका छौँ, त्यही हिसाबमा साङ्गठनिक उचाइ पनि हामीले प्रदान गर्नुपर्दछ।

१२९ औं माओ दिवसको अवसर पारेर पुस ११ गते उदयपुर जिल्लाको गाईघाटमा हाम्रो सङ्गठनले 'जनमतसङ्ग्रहका लागि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' सुरु गरेको छ नेकपाका सचिवालय सदस्य कमरेड विषमको प्रमुख आतिथ्य र सङ्गठनका अध्यक्ष कमरेड पाटनको अध्यक्षतामा । पार्टी केन्द्रीय सदस्य कमरेड ओम पुन, पूर्वमा कार्यरत पार्टीका केन्द्रीय सदस्य कमरेडहरू दीपेश, निर्मल, बलवान, विवेक, सुमनको उपस्थितिमा अन्तर्राष्ट्रिय गीत गायन र पटका पट्काएर भव्य रूपले अभियान उद्घाटन भएको छ र यो अत्यन्त सफल हुँदै अघि बढिरहेको छ।

हाम्रो सङ्गठनले आठ जिल्लामा अभियान सञ्चालन गर्ने गरी दुईवटा मुख्य टिम बनाएको छ : सङ्गठनकी महासचिव कमरेड विदुषीको नेतृत्वमा चारवटा जिल्ला र सङ्गठनका सचिव कमरेड तिलकको नेतृत्वमा चारवटा जिल्ला छनोट भएका छन् । चारवटा अभियान टोली प्रमुख कमरेडहरूलाई जिम्मा दिइएको छ । इलाम र झापा कमरेड दीप, सुनसरी र मोरङ कमरेड भुवन, उदयपुर र ओखलढुंगा कमरेड आकाश, सिराहा र सप्तरी कमरेड विचारमानलाई तोकने काम भएको छ । कमरेडहरू उत्साहका साथ आफ्नो कार्यक्षेत्रमा परिणाम निकाल्ने सङ्कल्पका साथ लागिरहनुभएको छ। हामीले सङ्गठनमा धेरै उपलब्धिहरू हासिल गर्नु छ । चुनौतीहरू पनि छन् । सम्भावना पनि देखिएका छन् । त्यसैले साङ्गठनिक उद्देश्य प्राप्त गर्नका लागि निम्नप्रकारका कामहरूमा ध्यान दिनुपर्दछ :

पहिलो : उमेरसमूहका प्रत्येक नागरिकलाई युवा सङ्गठनमा आबद्ध गर्नुपर्छ र सदस्यता वितरणलाई व्यापक बनाउनुपर्दछ ।

दोस्रो : गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकाहरूमा सङ्गठनका समितिहरु अनिवार्य बनाउनुपर्दछ ।

तेस्रो : अभियान अवधिभर सोही जिल्लाहरूका सम्मेलन र भेलामार्फत जिल्ला समितिहरुलाई पूर्णता दिनुपर्दछ ।

चौथो : सङ्गठनले सदस्यतामा लिएको लक्ष्यमा पूर्ण रूपले सफलता हासिल गर्नुपर्दछ । सङ्गठित सदस्यलाई योजनाअन्तर्गत नियमित बैठक, प्रशिक्षण, स्कुलिङ र सङ्घर्षमा सहभागी बनाउँदै लैजानुपर्दछ ।

अन्तिममा दुईमहिने अभियानले राजनीतिक र साङ्गठनिक क्षेत्रमा पूर्वमा प्राप्त नभएका उपलब्धिहरू हासिल गर्नेछ । पार्टीको विचार र कार्यक्रमलाई तल जनतासम्म लैजाने र सङ्गठनमा पूर्णता प्राप्त हुनेछ । आगामी दिनहरूमा क्रान्तिका लागि सङ्गठनमा युवाहरूको सहभागितालाई जोड्न थप सङ्गठनले अभियानात्मक कामहरूलाई अगाडि बढाउनेछ ।

*(लेखक युवा सङ्गठन नेपालका उपाध्यक्ष हुन्–सम्पादक)।*

# दलाल पुँजीवादको असफलताले निम्त्याएको सङ्कट

'सर्वहारा वर्गको भीषण हमलाबाट पराजयको डिलमा पुगेपछि सामन्ती वर्ग र दालाल पुँजीवादी वर्गले आपसमा केही असन्तोष, केही आरोप–प्रत्यारोप र केही हानाथाप गर्दै सत्तामा सौदाबाजी गरे । प्रचण्डहरूको आत्मसुरक्षा, आत्मसमर्पण तथा सामन्तवादी तत्वहरूसँग पुँजीवादी तत्वहरूले सौदाबाजी गरेपछि आफ्नो हात माथि पार्दै दलाल पुँजीपति वर्गले असफल क्रान्तिको अनुदानस्वरूप सत्ता हातपार्न सफल भयो । सत्तासीन बनेपछि दलाल पुँजीवादी वर्गले प्रचण्डहरूलाई त्यतिसम्म मात्र छूट दियो जति दिँदा उसको सत्तामा कुनै हानि हुँदैनथ्यो ।'

- विप्लव,

'सामाजिक दलाल पुँजीवादबारे', नेपाल कम्युनिस्ट पार्टीको मुखपत्र जनक्रान्ति अङ्क ३, पृ. ७

प्रधानमन्त्री केपी ओलीले जेठ ८ गते राति संसद्लाई दोस्रोपटक विघटन गरिसकेपछि नेपाल कम्युनिस्ट पर्टीले आफ्ना धारणा सार्वजनिक गऱ्यो । पार्टीका महासचिव विप्लवले विज्ञप्ति जारी गर्दै दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थाको सङ्कटको निकास निर्विकल्प रूपले वैज्ञानिक समाजवाद मात्र हुनसक्छ भन्ने विचार पुष्टि भएको निष्कर्ष निकाल्नुभयो । विज्ञप्तिको चौथो बुँदामा 'राज्यको सङ्टलाई उचित निकास दिन संसदवादी पार्टी, नेता र सरकार असफल भएपछि यसको जिम्मा प्रत्यक्ष जनतालाई प्रदान गर्नुपर्छ । त्यो भनेको आजको विशिष्ट स्थितिमा वैज्ञानिक समाजवाद वा दलाल पुँजीवाद रोज्ने अधिकार जनमतसङ्ग्रहद्वारा जनतालाई प्रदान गर्नुपर्छ । जनमतसङ्ग्रहकालागि राजनीतिक पार्टीहरू तयार हुने हो भने त्यसका लागि हाम्रो पर्टी संयुक्त सरकार बनाएर निकासका लागि सहकार्य गर्न तयार रहेको कुरा स्पष्ट गर्दछौँ' भनिएको छ। महासचिवले निकालेको यो वक्तव्यमा न ओलीको सरकारमा जाने कुरा गरिएको छ, न त ओलीको सरकारलाई नै समर्थन गर्ने कुरा गरिएको छ। वक्तव्यमा जोसुकैले पनि स्पष्ट रूपले बुझिने भाषामा भनिएको छ– वैज्ञानिक समाजवाद वा दलाल पुँजीवाद रोज्ने अधिकार जनमतसङ्ग्रहद्वारा जनतालाई प्रदान गर्नुपर्छ । त्यसैले समर्थन गर्ने र सरकारमा जाने कुरा कल्पनाभन्दा बाहिरको कुरा भयो तर वक्तव्यको मर्म र भावनालाई नबुझेर भनौँवा बुझ्पचाएर केही मानिसहरू सामाजिक सञ्जालमा कोकोहोलो मच्चाइरहेका छन् । उनीहरूले आफ्ले विचार र सिद्धान्तलाई नै छोडेको कुरा पनि बिर्सिए । उनीहरूले सबै पार्टीनै एमालेमा बुझाएको कुरा बिर्सिए । माओवादनै छोडेको कुरा पनि बिर्सिए र आफ्नो अध्यक्ष नै केपी ओलीको पार्टीमा दोस्रो बरियतामा बसेको कुरा पनि बिर्सिए। नेपाल कम्युनिस्ट पार्टीलाई आतङ्ककारी घोषणा गरेको कुरा पनि बिर्सिए । सारा कुरा बिर्सिएर उनीहरूले विप्लव एमालेसँग मिल्न गएको भनेरकोकोहोलो मच्चाए र नेपाल कम्युनिस्ट पार्टी र त्यसको नेतृत्व महासचिव कमरेड विप्लवलाई विवादमा तान्नसकिन्छ कि भन्ने असफल प्रयास गर्न पुगे । नेपाल कम्युनिस्ट पार्टीले नेपाल सरकारसँग वार्ता गर्दा उनीहरू यसरी नै रोएका थिए मानौँउनीहरूका आँखामा त्यति धेरै आँसु बर्सिए, एमालेमापार्टी बुझाउँदा पनि आँखामा यत्ति धेरै आँसु आएका थिएनन् ।

हुनत सन १५१४ मा सौर्य परिवारको केन्द्रमा सूर्य छ र पृथ्वीलगायत ग्रहहरूले सूर्यको वरिपरि परिक्रमा गर्छन् भन्ने धारणा सर्वप्रथम निकोलस कोपर्निकसले पेस गरेका थिए । त्यसभन्दा अगाडिका धारणा र टेलेमीको धाराणालाई पहिलोपटक मर्मान्तक प्रहार गरेका थिए कोपर्निकसले । यो विचार त्यतिबेलाको समयमा पाप थियो । यो इसाई धर्मका विरुद्धथियो।

त्यसको झन्डै एक सय वर्षपछि ग्यालिलियो ग्यालिलीले कोपर्निकसको उक्त अवधारणालाई दूरदर्शक यन्त्रबाट हेरेर प्रमाणित गरे । उनले सार्वजनिक गरेको अवधारणाका लागि उनलाई नजरबन्दमा राखियो। अहिले पनि कमरेड विप्लवले देशको सङ्कटसमाधान गर्नकालगि अगाडि सारेको विकल्पलाई पचाउन नसकेर दलाल पुँजीवादीहरूको क्याम्पमा भुइँचालो गएको छ । उनीहरूमा एकाकिसिमको छट्पटी सुरु भएको छ । इतिहासको यही आवश्यकता र वस्तुगत सत्यलाई स्वीकार्न नसक्नुको परिणति नै दलाल पुँजीवाद र त्यसका मतियारहरूको अन्त्यको कारण हुनसक्छ ।

नेपालको राजनीतिमा आजभन्दा पाँच वर्षअघि प्रचण्डले नेपालमा राजनीतिक क्रान्ति सकिएको र विरोधहरू नरहेको घोषणा गर्दै गर्दा विप्लवले राजनीतिक लडाइँ बाँकी रहेको भन्दै प्रचण्डले झूट बोलेको र उनले दलाल पुँजीवादको भाषा बोलेका हुन् भनेर गरेको विश्लेषण आमनेपालको राजनीतिक जीवनका लागि, स्वयम् प्रचण्डकै लागि र विश्वमै मौजुदा संसदीय व्यावस्थाको हकमा पनि विप्लवको उक्त विश्लेषण वास्तविक र वस्तुगत रूपमा नैप्रमाणित भएको छ । २०७४ सालमा कमरेड विप्लवले दलाल संसदीय व्यवस्था खारेज गर्नका लागि संसदीय निर्वाचन बहिष्कार गर्न अपिल गरे । हुनत यो कुरा कोपर्निकसले जस्तै विप्लवले पहिलोचोटि भनेका भने होइनन्, यो त प्रचण्ड–बाबुरामहरूले नै भन्दै आएको कुरा थियो जुन लेनिनले उहिलेनै संसदीय व्यवस्था भनेको खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने ठाउँ हो भनेर भनिसकेका थिए । परन्तु कमरेड विप्लवले एकीकृत जनक्रान्तिको नयाँ चस्माले हेरी वर्तमान समयमा पनि यो संसदीय व्यवस्था भनेको जनतामारा व्यवस्था हो जुन शोषण, लुटखसोटमा आधारित छ भनी जनतामाझ पुष्टि गरे र खसीको टाउको झुन्ड्याएर कुकुरको मासुबेच्ने व्यवस्थाका लागि गर्न लागिएको निर्वाचन जनतालाई खारेज गर्नका लागि अपिल पनि गरे । विप्लवद्वारा यो संसदीय व्यवस्था खारेज गरौँ त्यतिबेला भनिएको थियो जतिबेला प्रचण्ड–बाबुरामहरूले त्यही व्यवस्थामा डुबुल्की मार्दै नेपाली जनतामा संसदीय व्यवस्था नै निर्विकल्प हो जस्तो गरेर भ्रम छर्ने काम गररिरहेका थिए । यस्तो घिनलाग्दो काम जनयुद्धका ती नेताहरूद्वारा नै भएको थियो जसले जनयुद्धको नेतृत्व गरेका थिए । तर दलाल संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादको वैज्ञानिक र वस्तुगत अवधारणा जनतामाझ राखेको बदलामा विप्लवले भूमिगत जीवन उपहारमा पाए भने नेपाल कम्युनिस्ट पार्टीलेदुई वर्ष प्रतिबन्ध भोग्नुपऱ्यो ।

नेपाल कम्युनिस्ट पार्टीले संसदीय चुनाव खारेज गरौँ भनेर अपिल गर्दा प्रचण्डले पूरै प्रशासन लगाएर नेपाल कम्युनिस्ट पार्टीलाई दमन गरेका थिए । दलालहरूसँग मिलेर विप्लवलगायत नेताहरूलाई देशभित्रै निर्वासित बनाएर भूमिगत हुन बाध्य पारिएको थियो ।

**उषाकिरण आजाद**

त्यतिवेला प्रचण्ड नै केपी ओलीसँग पार्टी एकता गरी माओवादी आन्दोलनलाई नै मदन भण्डारीको जबजमा विलय गरएर गाउँगाउँमा स्थानीय सरकार, घरघरमा सिंहदरबार भन्दै केपी ओलीको 'समृद्ध नेपाल सुखी नेपाली' भन्ने बेतुकको नाराको सारथी बनेका थिए । तर नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले त्यतिवेला नै गाउँगाउँमा सिंहदरबार, घरघरमा भ्रष्टाचार भनेर घोषणा गरिदिए। अहिले करआतङ्क र भ्रष्टाचारबाट आजित जनताले स्थानीय सरकार घरघरमा भ्रष्टाचार भनेर भनिरहेका छन् । त्यसको पुष्टि पनि भएको छ।

तर केहीवाम बुद्धिजीवीले भने त्यो कथित कम्युनिस्टका नाममा गरिएको खोक्रो एकताको निकै प्रशंसा गरे । एक हिसाबले भन्दा एकताबाट हौसिएर घोडाको थुतुनो झर्ला र खाउँला भन्दै बसिरहेको स्यालको जस्तो आशा मानेर बसिरहे । एकथरी मानिहरू बहुमतको स्थिर सरकार हुने भन्दै के–के न होलाझैँ गरेर बजारमा आतसबाजी गरिरहेका थिए, मानौँ नेपालीको मुखमा अबदेखि भात पनि आफैँ पस्नेछ । असल र इमानदार नेता–कार्यकताहरूलाई लत्याउँदै स्थानीय निर्वाचनताका भर्ती गरिएका भाइभतिजा र ठेकेदारहरूले लुट मच्चाउन थाले अनि स्वयम् प्रचण्ड–बाबुरामलगायत संसद्वादका नेताहरूले नै भन्न थाले– गाउँगाउँमा सिंदरबार भनेको त घरघरमा भ्रष्टाचार पो रहेछ । उनीहरूलाई यो स्वीकार गर्न करिब तीन वर्ष लाग्यो ।

व्यवस्थालाई नै परिवर्तन गर्नुपर्छ अन्यथा संसदीय व्यवस्थाबाट देशमा आमूल परिवर्तन असम्भव छ भनेर नेपाल कम्युनिस्ट पार्टीले राष्ट्रियता, जनतन्त्र, जनजीविकाका सवालमा र भ्रष्टाचारका विरुद्ध आन्दोलन गर्दा यो पार्टीलाई केपी ओलीको सरकारले नै प्रतिबन्ध लगायो । ओली सरकारले लगाएको प्रतिबन्धलाई प्रचण्डले समर्थन गरे । सरकारले नेपाल कम्युनिस्ट पार्टीका नेता–कार्यकताको हत्या गऱ्यो । यो सबै टुलुटुलु हेरिरहेका आफूलाई कम्युनिस्ट भन्नेहरू भने चुपचाप लागेर बसिरहे । एउटा कम्युनिस्ट पार्टीलाई अर्को सरकारमा बसेको कम्युनिस्ट नामको पार्टीले दमन गरिरहँदा नेपाल कम्युनिस्ट पार्टी र महासचिव विप्लवले केपी सरकार फासिवादी हो भनेर घोषणा गरे तर सरकारमै रहेका अझ जनयुद्धको नेतृत्व गरेर आएका कम्युनिस्टका नेताहरूले कहिल्यै ओली सरकारलाई फासिवादी भनेनन् । उनीहरूलाई ओली सरकारको कदम फासिवादी भयो भन्ने कहिल्यै पनि लागेन । जब केपी ओलीले पहिलोपटक २०७७ पुस ५ गते संसद् बिघटन गरे त्यसपछि संसद्वादीहरूको हल्ला गरेर रोटी सेक्ने थालो बन्द भयो । उनीहरूले आफूलाई असुरक्षित महसुस गरे । त्यति मात्रै होइन, आफ्नो जनता ठगेर खाने स्वर्गमाथि नै खतराको बादल मडारिएको आभास गरे अनि बल्ल चोक, चौराहा र सहरका गल्लीगल्लीबाट कुर्लिन थाले । बडो कनीकुथी गरेर उनीहरूले ओलीलाई प्रतिगमनको पगरी गुथाएर फासिवादी घोषणा गरे ।

ओलीको संसद् विघटनको निर्णयका विरुद्ध उनीहरू अदालतमा गए । अदालतले संसद्को पुनर्स्थापना गऱ्यो । प्रचण्ड–माधवले जितको खुसीयालीमा खाएको लड्डु घाँटीमन्दा तल नओर्लिंदै अदालतले नेकपा नामको थोत्रो सङ्ग्रहालयलाई विघटन गरेर पुरानै नेकपा एमाले र नेकपा माओवादी केन्द्रको पुनर्स्थापना गरिदियो । तैपनि विपक्षका सबै मिलेर ओलीलाई 'काउन्टर अट्याक' त गरे तर त्यो सबै ओलीको डिजाइनमै भएको थियो । ओलीले विश्वासको मत लिँदा अल्पमतमा परेपनि उनको दिमागमा त्यो संसद् त पुस ५ मै विघटन भैसकेको थियो। त्यसैले ओलीले अदालतका आँखामा छारो हाल्न त्यस्तो नौटङ्की गरेका थिए । प्रधानमन्त्री ओलीले २०७८ जेठ७ गते दिनभरि नाटक गरेर ८ गते राती १२ बजे पुनः दोस्रोपटक संसद् विघटन गरे । त्यो त एउटा औपचारिकता मात्रै थियो ।

राष्ट्रपतिबाट प्रधानमन्त्रीका लागि गरिएको आह्वान पनि मात्र औपचारिकता थियो । प्रधानमन्त्रीका लागि मुखमा ऱ्याल काढ्दै देउवाले राष्ट्रपतिकहाँ बुझाएको सांसदको हस्ताक्षरलाई राष्ट्रपतिले खारेज गरिदिएपछि भने देउवा थुक निल्न बाध्य भएका छन् । लगत्तै मध्यरातमा मन्त्रिपरिषद्को बैठक बसेर प्रधानमन्त्री केपी ओलीले संसद्लाई पुनः दोस्रोपटक खारेज गरेपछि

... बाँकी पृष्ठ ५ मा

सन्दर्भ : २६ औँ बेथान वीरता दिवस

# ऐतिहासिक बेथानलाई पुनः एकचोटि सम्झँदा


रीतबहादुर खड्का 'प्रताप'

नेकपा (माओवादी) ले महान् जनयुद्ध सुरु गरेदेखि नै आफ्नै पार्टीको संरचनालाई फौजी बनाउने कुरामा प्रमुख जोड दिएको थियो । आफ्नो पहिलो थालनीको योजनाका प्रमुख तीन उद्देश्यहरूमध्ये पहिलो उद्देश्य भनेको 'सङ्घर्षको रूप युद्ध, पार्टीको रूप फौजी' भन्ने कुरालाई आत्मसात गरेको थियो । सोहीअनुरूप थालनीको योजना नै देशव्यापी रूपमा हजारौँ फौजी वा गैरफौजी कारबाही टिमबद्ध रूपमा सम्पन्न भएका थिए । उक्त कारबाही सम्पन्न गर्नका लागि स्वयम्सेवक दल, सुरक्षा दल, लडाकु दल निर्माण गरेर जनसेना निर्माणको प्रारूप खडा गरिएको थियो ।

## पृष्ठभूमि

सम्झँदा लाग्छ, घटना भर्खरको हो तर पात्रो पल्टाएर हेर्दा दुईवटा हिउँद बितिसकेका छन् । जति-जति समय बित्दै जान्छ, उति-उति घटनाको सम्झना कमी आउनुपर्ने हो तर कतिपय घटना र व्यक्तित्व त्यस्ता हुँदा रहेछन्, समयको प्रवाह र गतिशीलताका पनि झन्-झन् जीवन्त र ताजा यथार्थको उद्बोधन गर्ने तथा भविष्यका निम्ति मार्गनिर्देशन गर्ने बनेर स्मृतिपटलमा आइरहेको हुने रहेछ । त्यस्ता खालका घटनाले हरबखत अगाडि बढ्नका लागि मार्गनिर्देशन गरिराखेको हुन्छ ।

ठीक आजभन्दा दुई वर्षअगाडि पुस १९ गते राती नेकपा (माओवादी), पूर्वाञ्चल ब्युरोअन्तर्गत रामेछापको बेथानमा छापामार दस्ताबाट सशस्त्र फौजी कारबाही सम्पन्न भएको थियो । सोही फौजी कारबाहीका पूर्वाञ्चल उपक्षेत्रीय ब्युरोका सदस्य तथा छापामार कमान्डर क. तीर्थ गौतम, छापामार सदस्य क. दिलमाया बम्जन, र क. फत्तबहादुर मगर (स्माली) ले दुस्मनविरुद्ध लड्दालड्दै सहादत प्राप्त गर्नुभएको थियो । बेथान कारबाहीका सन्दर्भमा जनयुद्धको विकासको सापेक्षित अवस्था, दुस्मनको फौजी शक्ति र सतर्कता आदि सबै कुरोलाई हेर्ने हो भने उक्त कारबाही बहुआयामिक र दूरगामी महत्वको रहेको छ । यो कारबाहीको अन्तर्यमा पुगेर अध्ययन गर्ने हो भने राजनीतिक र फौजी दुवै पक्षमा हरेक समस्याको समाधानका कुँजीका रूपमा, ऐतिहासिक महत्वको घटनाका रूपमा नयाँ पुस्ता र युगलाई प्रेरणाको पुञ्ज बनिरहेको छ बेथान ।

जनयुद्धले आफ्नो थालनी योजनाको सम्पूर्ण लक्ष्य र उद्देश्य शतप्रतिशत हासिल गरेर थालनीको योजनाअन्तर्गत, 'योजनाबद्ध ढङ्गले छापामार इलाका निर्माण गरौँ' भन्ने मूल नारासहित २०५३ साउन महिनादेखि नै दोस्रो योजना शानदार ढङ्गले अघि बढिरहेको थियो । उक्त योजनाको मूल उद्देश्य (क) छापामार इलाकाको निर्माण गर्ने, (ख) युद्धसामग्री कब्जा गर्ने र दुस्मनको शक्ति छिन्नभिन्न गर्ने र, (ग) छापामार इलाका निर्माणका लागि व्यापक जनपरिचालन गर्ने गरी जम्मा तीनवटा रहेका थिए । प्रारम्भिक अवस्थामै दोस्रो योजना अद्भुत ढङ्गले देशव्यापी रूपमा सफल भइरहेका थिए । यसका विरुद्ध दुस्मनको शक्तिसमेत हत्या, हिंसा, दमन र धरपकड नयाँ-नयाँ हथकण्डाहरू अवलम्बन गर्दै जनयुद्धको गला रेट्ने भगीरथ कोसिस गरिरहेको थियो । दुस्मन दोस्रो योजनालाई हरतरहले विफल पार्न र माओवादीलाई तहसनहस पार्न प्रयत्नशील थियो । यस्तो कठिन परिस्थितिमा उच्च साहस, शौर्य र विवेकको उचित सन्तुलनबेगर दुस्मनको फौजी अखडामा धावा बोलेर घरेलु र कमसल हतियारले परास्त पार्न प्रायः सम्भव थिएन । जब सिङ्गो पार्टी र योजनाको उद्देश्यले उच्च फौजी कारबाहीको अपेक्षा गरिएको थियो ठीक त्यही परिस्थितिमा बेथान फौजी कारबाहीका बारेमा उत्कर्ष बन्न पुग्यो । यस कारबाहीका बारेमा प्रशस्त प्रकाश पार्ने काम भएका छन् तर हाल महान् आधारइलाका निर्माण गर्ने सन्दर्भमा अझ सो कारबाही र त्यहाँ बगेको रगतको मर्म र अर्थलाई गहिराइका साथ आत्मसात गर्नुपर्ने आवश्यकता खट्किएको छ । यसर्थ यसको गहिराइलाई निम्नरूपमा चर्चा गर्ने र बुझ्ने कोसिस गरिएको छ :

युद्धलाई शान्त, सभ्य, शालीनतापूर्वक सोच्नु र अपेक्षा राख्नु फगत आदर्शवाददेखि अरू केही हुन सक्दैन । युद्धमा बलिदानदेखि डराएर तिघ्रा कमाउनुको अर्थ हुन्छ, अन्ततः युद्ध नै नगर्नु । मात्र कुरो के भने युद्धमा रगत उचित र सचेत ढङ्गले बग्छ कि बग्दैन भन्ने नै हो ।

### मालेमावादप्रति प्रतिबद्ध बेथान कारबाही

संसारमा थुप्रै प्रकारका विद्रोह जन्मने गर्दछन् । अन्ततः ती विद्रोहहरू मालेमासम्मत नहुँदा र मार्क्सवाद-लेनिनवाद-माओवादका सार्वभौम सच्चाइलाई आफ्नो विशिष्टतामा सिर्जनात्मक ढङ्गले लागू गर्न नसक्दा असफलतामा टुङ्गिने गर्दछन् । इमानदारीपूर्वक असल नियतले विद्रोहको झन्डा उठाउनु मात्र पर्याप्त मानिँदैन । त्यसलाई एकपछि अर्को विजयको शिखरमा उठाउन र टिकाइराख्नका निम्ति मालेमावादका जाललाई कुशलतापूर्वक व्यवहारमा लागू गर्न सक्नुपर्दछ। चाहे त्यो एउटा कार्यनीतिक सवाल होस्, चाहे रणनीतिक सवाल नै किन नहोस् । मालेमावादको उचित समायोजनको र प्रयोगद्वारा मात्रै कुनै पनि युद्धलाई विजयसम्म पुर्याउन सकिन्छ । मालेमावादको सही प्रतिबद्धता, दृष्टिकोण, चिन्तन, व्यवहार र क्षमताको उचित समायोजनको अभावमा कुनै पनि विद्रोह विजयसम्म पुर्याउन सकिँदैन । क्रान्तिकारी युद्धमा आत्मसुरक्षावाद र दुस्साहसवाद दुवै हानिकारक सङ्कीर्ण राष्ट्रियतावादसमेत गैरसर्वहारावादी चिन्तनका कसिला अभिव्यक्ति हुन् । यी सबै चिन्तनका विरुद्ध सर्वहारावादी हित र मुक्तिका निम्ति आफ्नो प्राणको उत्सर्ग गर्नु नै सर्वहारा वर्ग आदेश अन्तर्निहित रहेको ठहर्छ । यस्तो गैरसर्वहारा प्रवृत्ति हरेक खालको कारबाहीमा समेत झल्कने गर्दछन् तर बेथान कारबाहीमा बगेको रगत अत्यन्तै उच्च र महान् छ । त्यहाँ क्षेत्रीयतावादका नमीठा सीमारेखालाई तोडेर उदात्तभावका साथ काभ्रेको रगत बेथानमा बगेको छ ।

सर्वहारा वर्ग बन्नु भन्नाको मतलब हो, उसको सांस्कृतिक रूपान्तरण सर्वहारासम्मत हुनु । पुरातन, रूढिवादी, सामन्ती, निम्नपुँजीवादीमा प्रतिगामी सांस्कृतिक आचरणको परित्याग र प्रगतिशील, ऊर्ध्वगामी वैज्ञानिक चिन्तन र सोचको अनुसरण नै सर्वहारावादी संस्कृतिको झिल्को हो । क्रान्तिकारी नेतृत्व र योद्धाले जबसम्म सर्वहारावादी उच्च नैतिकता र आदर्शलाई आफ्नो आचरण बनाउन सक्दैन, तबसम्म ऊ अविराम रूपमा युद्धलाई हाँक्न र लागिरहन असमर्थ हुन्छ ।

### क्रान्तिकारी वीरता, साहस र विवेकको अनुपम सङ्गमको प्रतीक बेथान

युद्ध रक्तपातपूर्ण राजनीति हो । त्यसैले युद्धमा रगत बग्नु अनिवार्य नियम हो । क. शैशवले भन्नुभएझैँ 'रगत क्रान्तिको ऊर्जा हो ।' त्यस्तै, माओले 'युद्धमा बलिदानदेखि नडराई लगातार लड्दै जाऔ' भन्नुभएको छ। युद्धलाई शान्त, सभ्य, शालीनतापूर्वक फौजी क्षमता दुस्मनको सापेक्षतामा अत्यन्तै न्यूनः कोटीमा थियो भने अर्कोतिर हाम्रो योजना दुस्मनसम्म एक्सपोज भएको स्थिति थियो । त्यस जटिल असाधारण परिस्थिति सिर्जना भएको बेला दुस्मनको अत्यधिक सतर्कता (चौबीसै घन्टा एलर्ट पोजिसनमा) को बाबजुद पनि बेथान कारबाही शानदार ढङ्गले सम्पन्न गरेर विजयपश्चात् पनि आफ्ना सम्पूर्ण फौज र उपलब्धिको एकरत्ति पनि क्षति नपुर्याई संरक्षण गर्न सक्नु त्यत्तिकै महत्वको विषय थियो । तसर्थ उक्त कारबाहीमा छापामार युद्धकला 'हान र भाग' को प्रचुर मात्रामा प्रयोग भएको थियो ।

### जनसेना निर्माणको उद्गम–बिन्दुका रूपमा बेथान

हुनत नेकपा (माओवादी) ले महान् जनयुद्ध सुरु गरेदेखि नै आफ्नै पार्टीको संरचनालाई फौजी बनाउने कुरामा प्रमुख जोड दिएको थियो । आफ्नो पहिलो थालनीको योजनाका प्रमुख तीन उद्देश्यहरूमध्ये पहिलो उद्देश्य भनेको 'सङ्घर्षको रूप युद्ध, पार्टीको रूप फौजी' भन्ने कुरालाई आत्मसात गरेको थियो । सोहीअनुरूप थालनीको योजना नै देशव्यापी रूपमा हजारौँ फौजी वा गैरफौजी कारबाही टिमबद्ध रूपमा सम्पन्न भएका थिए । उक्त कारबाही सम्पन्न गर्नका लागि स्वयम्सेवक दल, सुरक्षा दल, लडाकु दल निर्माण गरेर जनसेना निर्माणको प्रारूप खडा गरिएको थियो जुन अद्यावधि जनसेनाको आधार भूत शक्तिका रूपमा क्रियाशील रहेका छन् । त्यति नै बेला निर्माण भएका लडाकु दलको परिष्कृत र विकसित रूप नै वास्तवमा हिजोका छापामार दस्ता र आजको प्लाटुन दस्ता हो भन्न सकिन्छ तर बेथान कारबाही नेपाली क्रान्तिकारी इतिहासकै एउटा कोसेढुङ्गाका रूपमा स्थापित बन्न पुगेको छ जुन कारबाहीमा जनताका सेनाहरू दुस्मनको फैजी किल्लामाथि धावा बोलेर घन्टौँसम्म दोहोरो भिडन्त गरी ऐतिहासिक विजय हासिल गर्न सफल भए । अहिले भएका हरेक कारबाहीहरू बेथान कारबाहीको निरन्तर रूप हुन् भन्दा अतिशयोक्ति नहोला । त्यसैले यो दिनलाई नेकपा (माओवादी) पूर्वाञ्चल क्षेत्रीय ब्युरोले क्षेत्रीय स्तरमा ऐतिहासिक वीरता दिवसका रूपमा पुस १९ गते मनाउने निर्णय गरेको छ। त्यसैले बेथानको कारबाही जनसेना निर्माणको उद्गम-बिन्दु पनि हो भन्न सकिन्छ ।

दोस्रो चरणको अन्तिम निष्कर्षमा भने कुनै कारबाही पुग्न सकिरहेका थिएनन् । जतिखेर राजनीतिक रूपमा अकर्मण्यतावाद र फैजी रूपमा आत्मसुरक्षावादको पार्टीभित्र प्रवेश गरेको खतरा थियो । त्यसलाई ठीक समयमा पहिचान गरेर जसले उच्च साहस, शौर्य र विवेकको प्रतीकका रूपमा बेथान कारबाही भयो । साँच्चिकै यस कारबाहीले वर्गदुस्मनको मनोबल गिराउन र जनताको मनोबल उठाउन ठूलो मद्दत गर्यो ।


सहिद क. तीर्थ गौतम


सहिद क. फत्तबहादुर स्माली मगर


सहिद क. दीलमाया बम्जन

सिद्ध हुने गर्दछन् । मालेमावादलाई सही रूपमा पकड्न नसक्दा युद्ध कि आत्मसुरक्षावाद कि त त दुस्साहसवादमा फस्नु अनिवार्य छ । दुवै प्रकृतिको वर्ग निम्नपुँजीवादी वर्ग भएकाले यसको विसर्जनमा पतन पनि त्यत्तिकै अनिवार्य छ । यो जसरी समग्र युद्धमा लागू हुन्छ किनकि दृष्टिकोणको अभिव्यक्ति रूप नै व्यवहार भएकाले हरेक कार्यनीतिक प्रश्न वा कारबाहीमा समेत मालेमावाद पेचिलो ढङ्गले लागू भएको हुन्छ । त्यस्तै, बेथानमा बगेको रगत राजनीतिक रूपमा अकर्मण्यतावाद र फौजी रूपमा आत्मसुरक्षावादविरुद्धको एक सशक्त द्योतक हो भन्ने कुरामा दुई मत हुनै सक्दैन ।

युद्धलाई शान्त, सभ्य, शालीनतापूर्वक सोच्नु र अपेक्षा राख्नु फगत आदर्शवाददेखि अरू केही हुन सक्दैन । युद्धमा बलिदानदेखि डराएर तिघ्रा कमाउनुको अर्थ हुन्छ, अन्ततः युद्ध नै नगर्नु । मात्र कुरो के भने युद्धमा रगत उचित र सचेत ढङ्गले बग्छ कि बग्दैन भन्ने नै हो । त्यसैले, महान् सहिद क. तीर्थ गौतमले भन्नुभएको थियो, 'सहिदहरू दुईप्रकारका हुन्छन् : एकथरी बनाइएको हुन्छ भने अर्काथरी बनेका हुन्छन् ।'

### सर्वहारावादी उच्च नैतिकता र आदर्शको प्रतीक बेथान

युद्धमा थुप्रै मान्छेहरू आउने गर्छन् जो मार्क्सवाद-लेनिनवाद-माओवादको ज्ञानले पोख्त त हुन्छन् तर साँचो अर्थमा सर्वहारा बन्न सकिराखेका हुँदैनन् । एकैचोटि यो बन्नु सम्भव पनि छैन । सर्वहारा वर्ग बन्नु भन्नाको मतलब हो, उसको सांस्कृतिक रूपान्तरण सर्वहारासम्मत हुनु । पुरातन, रूढिवादी, सामन्ती, निम्नपुँजीवादीमा प्रतिगामी सांस्कृतिक आचरणको परित्याग र प्रगतिशील, ऊर्ध्वगामी वैज्ञानिक चिन्तन र सोचको अनुसरण नै सर्वहारावादी संस्कृतिको झिल्को हो । क्रान्तिकारी नेतृत्व र योद्धाले जबसम्म सर्वहारावादी उच्च नैतिकता र आदर्शलाई आफ्नो आचरण बनाउन सक्दैन, तबसम्म ऊ अविराम रूपमा युद्धलाई हाँक्न र लागिरहन असमर्थ हुन्छ । व्यक्तिवाद, जातिवाद, क्षेत्रीयतावाद र अन्ततः सोच्नु र अपेक्षा राख्नु फगत आदर्शवाददेखि अरू केही हुन सक्दैन । युद्धमा बलिदानदेखि डराएर तिघ्रा कमाउनुको अर्थ हुन्छ, अन्ततः युद्ध नै नगर्नु । मात्र कुरो के भने युद्धमा रगत उचित र सचेत ढङ्गले बग्छ कि बग्दैन भन्ने नै हो । त्यसैले, महान् सहिद क. तीर्थ गौतमले भन्नुभएको थियो, 'सहिदहरू दुईप्रकारका हुन्छन्, एकथरी बनाइएको हुन्छ भने अर्काथरी बनेका हुन्छन् ।' ठीक कुरा त्यही हो । युद्धका हरेक योजना र चरणहरू उचित ढङ्गले बन्छन् कि बन्दैनन् भन्ने नै हो । त्यसैले बेथान कारबाहीपूर्व एकजना जिम्मेवार कमरेडसँग कुरा गर्दै क. तीर्थ गौतमले भन्नुभएको थियो, "अब रगत अलि माथिल्लो तहबाट बगाउनुपर्छ ।' त्यस्तै, सोही कारबाहीमा प्रस्थान गर्नुअघि पनि उहाँले दृढतापूर्वक एकजना छापामारलाई "तिमी पहिला रगत बगाऊ" भन्नुभएको थियो। उहाँको यो महान् उद्गारलाई उहाँले कारबाहीमा वीरतापूर्वक लडेर आफ्नै जीवनमा कार्यान्वयन गरेर देखाउनुभयो । वर्गदुस्मनको फौजी किल्लामा आफ्नो रगत बगाएर जनयुद्धको विकासलाई अर्को मञ्जिलमा उठाउनुभयो । त्यसैले बेथान कारबाहीमा बगेको रगत तमाम क्रान्तिकारीहरूलाई वीरता, साहस र विवेकले प्रज्वलित भएको प्रेरणापुञ्जको उपहार हो जहाँ यसको अत्यधिक मात्रामा अभिव्यक्त भएको पाइन्छ । त्यसैले नेकपा (माओवादी), पूर्वाञ्चल क्षेत्रीय ब्युरोले पुस १९ गतेलाई 'वीरता दिवस' का रूपमा मनाउने निर्णय गरेको छ जसमा भनिएको छ, "बेथानले देखाएको बाटोमा अघि बढौँ ! पुस १९ गते वीरता दिवस मनाऔँ !"

### छापामार युद्धकौशलको भरपूर उपयोग भएको बेथान

जब दुस्मन फौजी रूपमै अत्यधिक श्रेष्ठतामा हुन्छ, त्यस अवस्थामा कमजोर फैजी क्षमताद्वारा परास्त गर्न गाह्रो पर्ने गर्दछ । त्यस स्थितिमा कार्यनीतिक रूपमा एकका विरुद्ध दसको शक्ति प्रयोग गर्नु र छापामार युद्धकलाको प्रयोग गर्नु नै एक मात्र विकल्प रहन्छ। जतिखेर बेथान कारबाही सम्पन्न हुन लागेको थियो, त्यस अवस्थामा एकातिर जनताको

### दोस्रो योजनाको उत्कर्ष बिन्दु बेथान

दोस्रो योजना जनयुद्धको निरन्तर योजनाको पहिलो चरण थियो । यो योजनाको मुख्य उद्देश्य भनेका मूलतः तीनवटा थिए : (क) योजनाबद्ध ढङ्गले छापामार इलाकाको निर्माण गर्नु, (ख) व्यापक रूपमा जनपरिचालन गर्नु र, (ग) दुस्मनसँग रहेको युद्धसामग्री कब्जा गर्नु । यस चरणमा पहिलो र दोस्रो उद्देश्य अत्यधिक र अपेक्षाकृत ढङ्गले नै हासिल भइराखेका थिए । तेस्रो उद्देश्यका निम्ति देशैभर भरपूर कोसिस भएको थियो । यसैक्रममा थुप्रै योद्धाहरूले उच्च सहादत पनि प्राप्त गरिरहनुभएको थियो । पश्चिममा क. दौलतविक्रमको सहादत सोही उद्देश्यका निम्ति भएको थियो । जिल्लामा स्थानीय सामन्ती सुदखोरहरूको हतियार कब्जा

... बाँकी पृष्ठ ७ मा

## दलाल पुँजीवाद ....

संसद्को औचित्य समाप्त भएको छ । यस्तो निर्णयले भने संसद्वादी मण्डलीमा रुवाबासी चलेको छ। उनीहरूले अदालतले आँसु पुछिदिन्छ कि भनेर फेरिपनि अदालतको ढोका ढकढक्याउने कष्ट गरिरहेका छन् ।

यो दिन आइपुग्नुमा प्रचण्डले निकै ठूलो दुःख गर्नुभएको छ । पुँजीवादले साउनमा देखाएको हरियो घाँस देखेर तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले आफ्नो जनमुक्ति सेना र जनसरकारलाई विघटन गरे । आज जनयुद्ध एकादेशको कथा बन्नपुग्ने अवस्था आएको छ। हिजो प्रचण्डलाई हरियो घाँसदेखाएर नाकमा नत्थी लगाएको थियो दलाल पुँजीवादले । कक्षा ५ को नेपालीमा रहेको गाई र घोडाको कथाजस्तै सामन्तवादी सत्तालाई हटाउन दलाल पुँजीवादले पुष्पकमल दाहाललाई आफ्नो बुईमा चढाएको थियो । जसरी सामन्तवादले पनि खाइरहेको घाँस दलाल पुँजीवादले एक्लै खानका लागि उसले प्रचण्डलाई आफ्नो बुई चढाएको थियो ।

कमरेड विप्लवले संश्लेषण गरेझैँ त्यतिबेला 'प्रचण्डरूका सामु कि पुरानो सत्तालाई बदल्ने मोर्चा समाल्नुपर्ने कि त आफ्नो रङ पुरानो सत्ताअनुरूप ढाल्नुपर्ने' सङ्कट आइलाग्यो । ठीक त्यही बिन्दुमा प्रतिक्रियावादी सत्ताको खम्बा हल्लाउन नसकेपछि प्रचण्डहरूले आफ्नो गुण-रङलाई नै दालाल पुँजीवादी सत्ताअनुरूप बदल्न पुगे ।'

विप्लव, सामाजिक दलाल पुँजीवादबारे, जनक्रान्ति, भाग ३ ।

आफ्नो रङ नै बदलेर पुँजीवादको घोडामा सवार भई आन्नद फर्माउन पुगेकादाहाललाई पनि घोडामा चढ्दा त्यसको आनन्दले दिग्भ्रमित बनाइदियो किनभने कथामा जसरी घोडामा चढेर गाईलाई नियन्त्रणमा लिएर दूध खाएको मान्छेले केहीपछि घोडालाई नै आफ्नो नियन्त्रणमा लिन्छ तर प्रचण्डको हकमा भने त्यस्तो लागू भएन, बरु उल्टै दलाल पुँजीवादले नियन्त्रमा लियो । प्रचण्ड दलाल पुँजीवादी सत्ताअनुरूप बदलिन पुगे भने त्यसपछि दलाल पुँजीवाद उनको बुई चढ्न पुग्यो । दलाल पुँजीवादले आफ्ना केही महत्वपूर्ण कार्यभारहरू प्रचण्डमार्फत पूरा गरायो ।

आमकार्यकर्ताले के ठाने भने प्रचण्ड उही प्रचण्ड नै हुन् । प्रचण्डले भनेपछि भैहाल्छ। नेकपा( माओवादी केन्द्र) का आमनेता-कार्यकर्ताले पार्टी र आन्दोलनलाई नै विघटन गरेर एमालेमा बुझाइसकेपछि पनि प्रचण्डबाट त्यति धेरै अपेक्षा गरे जति उनीहरूले आफ्नो जीवनमाथि गरेका छैनन् र जुन कुरा एकहिसाबले स्वाभाविक पनि छ। माओवादी आन्दोलनलाई एमालेको जबजमा विलय गर्दापनि उनीहरू मौन बसे, प्रचण्डलाई सचेत गराउनुको सट्टा उनीहरूले प्रचण्लाई नै साथ दिए । केही बुद्धिजीवी र कार्यकर्ताहरूले साउनमा आँखा फुटेको गोरुले जतातत्तै हरियो देख्छ भनेजस्तै पहिले क्रान्तिकारी देखेका प्रचण्डलाई जहिले पनि क्रान्तिकारी र पहिलेकै प्रचण्ड देखिरहे । तर प्रचण्डले भने अब नेपालमा राजनीतिक क्रान्ति सकिएको र लड्नुपर्ने विरोधी कोही पनि नभएको निष्कर्ष निकालिसकेका थिए ।

केपीओलीले संसद् विघटन गर्दा कहिले मांसाहारीक्रान्ति त कहिले ग्रिन रिभोलुसन गर्ने भनेर आन्दोलनमा उत्रिनका लागि आह्वान गरेका थिए । प्रचण्डले २०७५ जेठ ३ गते उनै खड्गप्रसाद ओलीको एमालेसँग पार्टी एकता गरिसकेपछि अब नेपालमा राजनीतिक क्रान्ति नै सकिएको, लड्नुपर्ने विरोधी कोही छैन भनेर हल्ला गरेका थिए । उनले अब नेपालमा छिट्टै समाजवाद ल्याउने बेतुकको अवैज्ञानिक कुरा गरेका थिए । महासचिव विप्लवले उनीहरूको हवाईकल्पनालाई यसरी व्याख्या गरेका थिए, ' उनीहरूले मालिकहरूसँग अनुनय-विनय गरेर जर्मनी हुँदै भारतसम्मका संशोधनवादीहरूले फटालिसकेको थात्रो 'समाजवाद' को मुकुण्डो जडौरी पाए । खुइलिएको त्यही जडौरी अनुहारमा झुन्ड्याएर प्रचण्डहरू हल्ला गरिरहेका छन्, 'राजनीतिक क्रान्ति सकियो, लड्नुपर्ने विरोधी कोही छैन ।' 'अब आर्थिक क्रान्ति गर्दै संसद्बाटै शान्तिपूर्ण तरिकाले समाजवाद !'

विप्लव, उही ।

आज नेपाली राजनीतिमा क. विप्लवले गरेको विश्लेषण सही साबित भएको छ। साबित मात्रै भएको छैन, आजका दिनमा त यो हुबहु लागू नै भएको अवस्था छ ।

परन्तु केही मानिस भने प्रचण्डले फेरि पनि नेपाली क्रान्तिको नेतत्व गर्छन् भनी हवाईकल्पनामा डुबिरहे । वास्तविकता भने धेरै फरक थियो। कमरेड महासचिव विप्लवले आफ्नो बहुचर्चित लेख 'सामाजिक

... बाँकी पृष्ठ ७ मा

# पूर्व झन् रातो भयो



**अशोक सुवेदी**

पुसको महिना। जाडो याम। सामान्य अवस्थामा हो भने सिरकभित्र गुट्मुटिएर टाउको मात्र देखाएर सुत्नुपर्ने बेला हो यो। सिरकबाहिर भए न्याना ऊनीका लुगामा बेरिएर स्युःस्युः गर्दै अँगेनाको डिलवरिपरि झुम्मिनुपर्ने बेला हो। हात कठ्याङ्ग्रिएर भुत्भुतेमै छुँदा पनि छाला नपोलुन्जेल घुम्रिइरहनुपर्ने समय। तर कसैको अनुहारमा पनि छैन जाडोको अनुभूति, रत्तिभर छैन। सबैका आँखा कमिसार कमरेड आलोक र कमान्डर कमरेड तीर्थका आँखा र अनुहारमा केन्द्रित छन्।

चौँरी खोलाबाट उकालो लाग्नुअघि कमिसार कमरेड आलोकले अन्तिम कासन गर्दै भने- कमरेडहरू ! हामी जीवनमरणको लडाइँमा छौँ। तपाईंहरूमध्ये कसैलाई लाग्न सक्छ, हामी पानीघाटको एउटा प्रहरीचौकीमाथिमात्र धावा बोलिरहेका छौँ र यो युद्ध जितियो भने हामीलाई केही आधुनिक राइफलहरू प्राप्त हुनेछन् र अर्को मोर्चा जित्न सजिलो हुनेछ। तर त्यति मात्र होइन कमरेडहरू, हामी संसारकै सबैभन्दा पछिल्लो वर्गसङ्घर्षको उत्कर्ष लडाइँ लडिरहेका छौँ। हाम्रो यो विजयले एन्डिज पर्वत माला उठाउनेछ, दण्डकारण्यलाई झक्झक्याउनेछ। नेपालको सामन्तवादको मुटु त यसले छियाछिया पार्नेछ नै, विस्तारवाद र साम्राज्यवादको जुठोपुरोमा बाँचेको नेपालको सामन्ती सत्ताका नायकहरूलाई कहिल्यै उठ्न नसक्ने गरी थला पार्नेछ। महान् जनयुद्ध आरम्भ भएको २२ महिनासम्म पनि हामीले दुस्मनलाई पराजित गर्न सकेका छैनौँ। झट्ट हेर्दा यो दुस्मनको ११ जना जत्था मात्र हो तर सारमा हजारौँ दुस्मनको गढ हो। सयौँ वर्षदेखि हाम्रा अग्रज किसान, मजदुर, महिला, जनजाति, आदिवासी, विद्यार्थी, शिक्षक, बुद्धिजीवी अर्थात् सबै श्रमजीवी-सर्वहारावर्गको रगत र पसिनामा पौडी खेलेर मैमत्त भइरहेको केन्द्रीय सत्ताको शक्तिशाली अङ्ग हो यो। यसको पराजयले नेपालका अढाइ करोड जनता मात्र होइन, संसारकै पाँच अर्ब श्रमजीवी जनताको विजयको सन्देश दिनेछ। त्यसैले हाम्रो एकमात्र निशाना दुस्मन शक्तिमाथि विजय प्राप्त गर्नु र नेपालको सर्वहारावर्गले सुरु गरेको वर्गसङ्घर्षको उच्च रूप जनयुद्धको सफलताको सन्देश संसारका उत्पीडितहरूलाई प्रवाह गर्नु हुनेछ। मालेमाप्रतिको अगाध विश्वास र प्रतिबद्धता, सर्वहारावर्गप्रतिको इमानदारी, पार्टी हेडक्वार्टरको आदेश र नेपाली जनताको विजयलाई केन्द्रमा राखेर कमरेडहरू एकसाथ विस्फोट हुनुहुनेछ।

कमिसार कमरेडको कासनपछि सुरु हुन्छ छापामार कमान्डर कमरेड तीर्थको कासन। उनको कासन पनि सङ्क्षिप्त तर विचारोत्तेजक छ। २९ जना छापामारहरूको दस्ताका अगुवा तीर्थ कासन गरिरहेका छन्– कमरेडहरू, तपाईंहरूले कमिसार कमरेडको सम्बोधनबाटै थाहा पाइसक्नुभएको छ यो विजय सर्वहारावर्गको विजय हुनेछ। हामीसँग जम्मा दुईवटा भरुवा बन्दुक र पाँचवटा घरेलु ग्रिनेड मात्र छन्। तर होइन, हामी उन्तीसैजना मालेमाको वैचारिक बारुद कोचिएका बमका बोरा हौँ। जब हामी दुस्मनमाथि एकसाथ जाइलाग्नेछौँ, दुस्मनले चुँसम्म गर्न पाउनेछैन। हुनसक्छ, लड्डालड्दै हामीमध्ये कयौँ नरहन पनि सक्छौँ तर जो कमरेड बच्नेछौँ, हामीसँग विजयको खुसी, उमङ्ग, उत्साह र अथाह शक्ति हुनेछ। हामी बिनाक्षति दुस्मनको कब्जामा रहेका हतियार कब्जा गर्न चाहन्छौँ। दुस्मनसँग सातवटा अत्याधुनिक थ्री नट थ्री राइफल छन्। दुईवटा पेस्तोल छन्। हजारौँ गोली र बारुद छ। केही पोसाक छन्। केही खाद्य सामग्री छ। अझ भन्ने हो भने दुस्मनले त्यही हतियारका भरमा जनतालाई दबाएर राखेको छ। तपाईंहरूलाई थाहै छ, यो युद्ध नेपालको वर्गसङ्घर्षको उच्च रूप हो। हामीले २२ महिनासम्म देशभर लड्दा पनि एउटा हतियारसम्म लिन सकेका छैनौँ। यसको अर्थ दुस्मन र तिनका मतियारले भनेझैँ देश र जनताको भावना र आवश्यकताका विरुद्धको लडाइँ होइन यो।

कमान्डर तीर्थ भन्दैछन्– सम्झनुहोस्, दुस्मनले यही हतियारका भरमा गोरखा पन्द्रुङका १३ बर्से बालक दिलबहादुर रम्तेलको शरीर ढालेको छ। आफ्ना गुरुलाई आतङ्ककारी भन्दै मार्न लाग्दा कुन स्वाभिमान मन चूप लागेर बस्न सक्थ्यो ? यही हतियारको भरमा उसले मस्त बिष्टको हत्या गरेको छ। गाउँगाउँमा रोमियो र सर्च अपरेसन चलाएर कयौँ निर्दोष जनताको रगतको खोलो बगाएको छ। आज जनताले आफ्नो दुःखसास्ती गरेर खानसमेत पाएको छैन। मुट्ठीभर शोषकहरू सत्तामा रजाइँ गरिरहेका छन् तर लाखौँ युवा बेरोजगार भएर सहरका गल्ली, भारतीय सहरका कुल्ली, बहादुर अनि खाडीको तातो घाममा ऊँट चराउन विवश छन्। नेपालबाट सामन्तवादको अन्त्य नभएसम्म बिदेसिएका युवाले मुलुकमा रोजगारी पाउने छैनन्। जनवाद स्थापना नभएसम्म नेपालले स्वतन्त्र र सार्वभौम भएर विश्वसामु शिर ठाडो पार्न पाउनेछैन। विस्तारवादले तयार पारेका नेपाली चाकरहरूले सुगौलीदेखि १९५०, ६५ का राष्ट्रघाती सन्धिसम्झौता गरिरहेका छन् भने आफूलाई जनताका पार्टी भनाउने काङ्ग्रेस र एमालेका नेताहरूले कोसी र गण्डकको राष्ट्रघात दोहोऱ्याउँदै महाकाली पनि भारतलाई सुम्पेका छन्। गाउँदेखि सत्ताको केन्द्रीय भागसम्म लूट, भ्रष्टाचार, कमिसनमा देश डुबेको छ। यो मोर्चाको विजयले हाम्रो समग्र विजयअभियानको नेतृत्व गर्नेछ। हामी दुस्मनहरूका सेवक बसेको चौकीको खरानी बोकेर फर्कनेछौँ। हामी आफू सकिएर पनि सर्वहारा वर्गको विजयका लागि दुस्मनलाई हराउनेछौँ र यो लालभूमि अझै रातो बनाएर भए पनि भोलिको सूर्योदयसँगै विजयको पताका फहराउँदै हाम्रो हेडक्वार्टरलाई खुसीको सन्देश सुनाउनेछौँ।

कमान्डर तीर्थको कासनपछि सबै उन्तीसैजना छापामारहरू झुरुप्प भएर नारा लगाउँछन् : महान् जनयुद्ध जिन्दावाद ! वीर सहिदहरू अमर हुन्। बेथानको लडाइँ जित्छौँजित्छौँ। दुस्मनका हतियार खोस्छौँखोस्छौँ।

साँझको चकमन्नता चिर्दै अँध्यारो रात पनि क्रियाशील र तत्पर हुन्छ युद्धका लागि। कमिसार र कमान्डरको कासनपछि चौँरी र बेथानका जनताले विजयको अग्रीम शुभकामना दिँदै निधारमा रातो टीका लगाइदिन्छन् र सँगसँगै नारा लगाउँछन्।

अब निश्चित ठाउँ आइपुग्न एक घन्टा बाँकी छ। सबैभन्दा अघि लागेका छन् कमिसार र कमान्डर। एउटा बन्दुक छ कमान्डर तीर्थको हातमा, अर्को छ प्लाटुन कमान्डर माइलासँग। दुवै बन्दुक काभ्रेका सामन्त दौलतेको घरबाट कब्जा गरिएको हो। हाते ग्रिनेटहरू छापामारहरू आफैँले बनाएका हुन्। कसैले डोको, कसैले बेल्चा, कसैले खन्ती, कसैले बाँसको स्ट्रेचर बोकेका छन् र बिरालोको चालमा पानीघाटको लक्ष्य पछ्याइरहेका छन्। बाटो कहिले उकालो, कहिले तप्क्यान, कहिले तेर्सो हुँदै अघि बढिरहेको छ। २९ वटा मुटु एक साथ एक गतिमा धड्किरहेछन्। सारा संसार आफ्नो धुनमा मग्न छ। क्रान्तिकारीहरू एउटा खास उद्देश्य साथ लम्किरहेछन् चकमन्न अँध्यारोमा आफूभन्दा अघि लागेको कमरेडको पदचापको सहारामा। बिरालोको चालमा अघि बढिरहेका छन् संसारका सबैभन्दा सुन्दर मान्छेहरू।

अब गन्तव्यमा पुग्न आधा घन्टा मात्र बाँकी छ। एउटा सानो डाँडो कटेर दुईटा खोल्सा तरेपछि आइपुग्छ गन्तव्य। यात्रीहरू एउटा खाली गोठको आँगनमा पुगेका छन्। क्षितिज परिवारकी कलाकारसमेत रहेकी छापामार योद्धा कमरेड दिलमाया समयको अनुमति लिएर कमान्डरसँग जिज्ञासा राख्छिन् सुस्त आवाजमा- कमरेड ! मलाई अनुमति दिनुस्, दुस्मनको क्याम्प ध्वस्त बनाएर म प्रथम छापामार महिला सांस्कृतिक सहिद बन्न चाहन्छु।

कम्पनी कमिसार ध्रुव र विवेकलाई दिलमायाको अनुरोधले भित्रभित्रै ईर्ष्या जगाउँछ। छापामार कमरेड फत्त भन्छन्– कमरेड, त्यो अवसरको पर्खाइमा त म थिएँ, कसरी तपाईंले मलाई उछिन्नुभयो '।

विवेकले दिलमायाको चम्किरहेको अनुहारतिर हेर्दै सोचे- वर्गसङ्घर्षसँग जादुगरी र चामत्कारिक हतियार हुन्छ भनेको हो रहेछ। कक्षामा सधैँ लजालु भएर बस्ने दिलमाया, गायन, वाद्यवादन र नृत्यमा सिङ्गो टिमकै आकर्षणकी केन्द्र बन्ने दिलमाया सहादतको लाममा पनि प्रथम हुन चाहिरहेकी छिन् र त्यो पनि घोषणा गरेरै।

कमान्डर तीर्थले छापामार र अन्य कमान्डर-कमिसरको भावना बुझिसकेपछि अझ नम्र हुँदै भने- कमरेडहरू ! युद्धको नियम नाप, तौल र जोखेजस्तो एक रूपको हुँदैन। हामी संसार जित्न हिँडेका योद्धाहरू हौँ। बिनाक्षति दुस्मनको हातको हतियार खोस्नु र पार्टी हेडक्वार्टरलाई बुझाउनु हाम्रो प्रमुख लक्ष्य हो। म ठान्छु, बलिदानको कोटा चुक्ता गर्नुपऱ्यो भने सबैभन्दा पहिलो हकदार मैले बन्न पाउनुपर्छ टिम कमान्डरको नाताले। बलिदानका लागि पनि सर्त छ- दुस्मनको पराजय र क्रान्तिकारीको विजय।

'मुट्ठीमा बोकेको ग्रिनेट कतिबेला दुस्मनको क्याम्पमा फ्याँकेर उसको हातको हतियार कब्जा गर्ने होला', दिलमायाको मनमा झन्झन् हुटहुटी चल्न थाल्छ। उनी केही समयअघि कमिसार आलोक र कमान्डर तीर्थका जोशिला कासनहरू सम्झिन थाल्छिन्– ०५२ साल फागुन १४ गते गोरखाको पन्द्रुङमा १३ वर्षीय दिलबहादुर रम्तेलको बलिदान, १५ गते रुकुमको पीपलमा ६ जना खत्री दाजुभाइको सामूहिक हत्या, सोही दिन जाजरकोटको नलसिंहमा दुईजनाको हत्या, ०५३ वैशाख २५ गते सिन्धुलीको अमलेमा गिरफ्तार भएका दाजुभाइ टीका र ज्ञानेन्द्रको भद्रकाली पुऱ्याएर हत्या, साउन २६ गते रोल्पा जेलवाङमा ६ जनाको जङ्गलमा पुऱ्याएर गोली हानी हत्या, मङ्सिर २ गते रोल्पा मिरुलमा बरदान रोकासहित पाँचजनाको हत्या'। आखिर त्यही हतियारको दम्भले मात्तिएको न हो जनविरोधी सरकार ! त्यसलाई निःशस्त्र पार्नैपर्छ। त्यसका लागि जस्तोसुकै त्याग, शौर्य र बलिदानको कोटा चुक्ता गर्न पनि पछि पर्नु हुँदैन मैले'।

अन्तिम ब्रिफिङ र सुझाव सकिएपछि लक्ष्यलाई केन्द्रमा राखेर अघि बढ्छ छापामार टोली। लक्षित स्थान जतिजति नजिक आइपुग्दैछ, जिम्मेवारीबोध, परिणामको परिकल्पना र हुटहुटीले ह्वात्तै बढाइरहेको छ मुटुको गति ! बाँसको झाङमाथि बाटो, बाटोमाथि ढुङ्गाको गारो र त्यही गारोमा भएको गौँडो उक्लिएपछि भेटिन्छ लक्षित स्थान। छापामार कमान्डर तीर्थ विन्यास मिलाउँछन् छापामारको- सङ्केत र इसाराकै भरमा। एसल्ट ग्रुपमा उनीसँगै माइला, दिलमाया, फत्त, विवेक, ध्रुवलगायत सातजनाको टिम छ। संयमका साथ भरुवा बन्दुक परीक्षण हुन्छ। सबै आआफ्ना हातका हतियार परीक्षण गर्छन्।

दुस्मन क्याम्पको सेन्ट्री विरहगीत गाइरहेको छ-

फिरिरी, बाँसुरी बज्यो बनैमा
मनैमा, लौ माया नमारे'

चौकीभित्र भोज छ सायद। नत्र राति ११ बजेसम्म यति हल्ला नहुनुपर्ने हो। रेक्की रिपोर्टमा १० बजेसम्म उनीहरू सुतिसक्ने उल्लेख थियो। चाल मारेर सुन्छन् कमिसार- आज पानीघाटे कान्छो सहरबाट गाउँ फर्किएको उपलक्ष्यमा भोज खाने भन्दै एउटा घच्चीको भाले दाब्न पाएछ चौकीको हबल्दारले। बाटामुनि कान्छीको भट्टीबाट कोदाको तीनपाने मगाएर कुखुरा र ऐराकले पुसको जाडो भगाउने कार्यक्रम रहेछ उनीहरूको। अलिकति पिएको थियो होला सायद सेन्ट्री बसेको पुलिसले आफ्नो पालो आउनुअघि अनि सम्झियो होला घरमा दुःख गर्दै आफूलाई सम्झिरहेकी श्रीमती र छोराछोरीलाई। त्यसैले त गुनगुनाइरहेको थियो ऊ : फिरिरी'.

गौँडाबाट विद्युतीय गतिमा उक्लन्छन् प्लाटुन कमान्डर माइला र उदास गीत गाइरहेको जवानको हातको थ्री नट थ्री खोसेर पोस्टतिर फायर गर्न भ्याउँछन्। हाते माइकबाट कासन सुरु भइरहेको छ कमिसारको- माओवादी छापामारले चौकी घेराउ गरिसकेका छन् प्रहरी साथीहरू, हतियार बुझाउनुस्'.। हातको ग्रिनेट घुमाएर चौकीको ढोकामा फ्याँक्दै बुरुक्क ढुङ्गाको पर्खालबाट उफ्रिएर एकैचोटि ढोकाबाट फायर खोल्दै गरेको जवानको हातको हतियार समाउन पुग्छिन् दिलमाया। उनले हतियार समाउनु र जवानले थ्री नट थ्रीको फायर खोल्नु एकसाथ हुन्छ। ग्रिनेट पड्किएर थलामै सास फेर्न बिर्सिन्छ जवान। दिलमायाको निधारमै लाग्छ गोली। एउटा हातमा बन्दुक आएको छ उनको। उनी बन्दुक हेर्छिन् र एकपटक मुस्कुराउँछिन् अनि अर्को हात आकाशतिर फर्काउँदै नारा लगाउँछिन्– जनयुद्ध जारी छ, महान् सहिद अमर रहून्'। दिलमायाको हातको थ्री नट थ्री अब माइलाको हातमा आइपुगेको छ र त्यसले ढोकामा देखिएको अर्को जवानलाई ढालेको छ। दुस्मनको ढोकाभित्र ग्रिनेट फ्याँकेर गल्छेडो उक्लिँदै गरेका कमरेड फत्तको छातीमै लाग्छ चौकीतिरबाट आएको अर्को गोली। गोली लागेर पनि केही पाइला हिँड्दै उनी पनि ढल्छन्– जनयुद्ध जारी छ भन्दै।

एसल्टका दुईदुईजना कमरेडहरू आफ्नै आँखाअघिल्तिर ढलेपछि कमान्डर तीर्थको आवेग आक्रोशमा फेरिन्छ। उनी आफ्नो भरुवा बन्दुकका छर्रा आफ्नै कमरेडहरूतिर छरिएपछि भरुवा फालेर उफ्रिन्छन् र गोली लागेर छट्पटाइरहेका दिलमाया र फत्तलाई बाटोतिर पास गर्नेतिर लाग्छन्।

थ्री नट थ्री दिलमायाको हातबाट आफ्नो हातमा लिएपछि माइला एक्लै पेटीको कभर लिएर दुस्मनसँग लडिरहेका हुन्छन्। उनलाई बाटोमुनिबाट अरू छापामारहरूले फालेका ग्रिनेट र ढुङ्गाले साथ दिइरहेको हुन्छ। माइलाले नजिकै राखेको भरुवाको कुन्दाले नै तीनचारजना पुलिस ढाल्छन् तीर्थ। तर युद्धको निर्णय नियम ! एकछिनअघि आफू प्रथम स्थानमा बलिदान दिने कासन गर्दै गरेका कमान्डर तीर्थ दुई छापामार सहयोद्धापछि तेस्रो स्थान लिँदै हुरीबतासले ढालेको विशाल वृक्षझैँ चौकीको ढोकामै ढल्छन् दुस्मनलाई किच्दै।

त्यसपछि युद्ध धेरै लामो भएन। अधिकांश दुस्मन मारिए र सबै हतियार छापामार योद्धाहरूले कब्जा गरे। हतियार कब्जा गरेपछि छापामार हरूले आगो लगाए चौकीमा। घाइते र बाँचेका दुस्मन सुरक्षाकर्मीलाई जेनेभा महासन्धिअनुसार युद्धबन्दीको व्यवहार गर्दै औषधिउपचार गरियो।

पुसको चीसो रातमा बाटामाथि बेथान पानीघाटको पुलिसचौकी जलिरहेको छ। वरिपरिबाट बेथानवासी सयौँ जनसमुदाय भेला भइसकेका छन् पानीघाटमा र नारा लगाइरहेको छ- महान् सहिदहरू अमर रहून्। जनयुद्ध जारी छ'।

रामेछापकी छोरी, क्रान्तिकारी योद्धा दिलमायाको धपक्क बल्लाजस्तो अनुहार अझै चम्किलो बनेको छ। निधारैनेरबाट छेडेको छ गोलीले र साँझ जनसमुदायले अबिरले रङ्ग्याइदिएजस्तो रङ्गिएको छ मुहार। मध्यरातमा पनि झलमल्ल उज्यालो देखिएको छ पानीघाट। काभ्रेको छोरा कमान्डर तीर्थको अग्लो, उज्यालो र गम्भीर अनुहार बलिदानपछि पनि दुस्मनलाई ललकार गर्लाजस्तो देखिइरहेछ। सिपाको छोरो फत्तको शरीर अहिल्यै हिँडिहाल्लाजस्तो सुकसुकाउँदो छ। बाँसको झाडमा लस्कै बनाइएको छ तीनवटा खाडल। पार्टीको झन्डा ओढाएर र रातम्मे अबिरले रङ्ग्याउँदै सयौँ जनसमुदायको बीचमा क्रान्तिकारी कमरेडहरूको श्रद्धाञ्जली कार्यक्रम भइरहेको छ। कमरेड दिलमायाको परिवारका सदस्यका तर्फबाट दिदी, पार्टीका तर्फबाट कमिसार कमरेड आलोक, जनसमुदायका तर्फबाट स्थानीय कमरेड पुष्प, छापामार दलका तर्फबाट कमरेड माइला भावपूर्ण शब्दश्रद्धाञ्जली अर्पण गर्दै आफूहरू महान् सहिद तीफदिले देखाएको महान् जनयुद्धको बाटोमा हिँडिरहने प्रतिबद्धता व्यक्त गर्छन्। तीनैजना महान् सहिदहरूलाई एकएकवटा खाडलमा राखेर अन्तिम संस्कार गरिसकेपछि पराजित दुस्मनका रक्षकहरूलाई हतियारबाहेकका युद्धसामग्री बोकाएर एकातिर महान् विजयको खुसीयाली, अर्कातिर कमान्डरसहित तीनजना छापामार योद्धाहरूको बलिदानीको गहिरो पीडा बोकेर नारा लगाउँछ जनसमुदायले- महान् सहिद तीफदि अमर रहून्, जनयुद्ध जारी छ'।

जनसमुदायसँग बिदा भएर टोली सुनकोसी तर्दा पूर्वमा लाली उदाएको छ। विजयको खुसीयालीमा चराहरू पनि आफ्नै शैलीले सुमधुर स्वर उरालिरहेछन् भने बलिदानको पीडा पचाउन नसकेर घर्ती मात्र होइन, आकाशका तारा पनि आँखा चिमचिम पार्दै रोइरहेछन्। छापामार योद्धाहरू भने ठूलो त्याग, शौर्य र बलिदानीबाट प्राप्त हतियार, विजयको सन्देश र कमरेडहरू ढलेको समाचारसहित पार्टी हेडक्वार्टर र अर्को मोर्चातिर लम्किरहेछन्, लम्किरहेछन्। ताराअङ्कित रातो टोपी लगाएका माइलाको स्वर प्रस्ट सुनिइरहेछ :

हजार माइलको लामो बाटो
एक पाइलाबाटै सुरु हुन्छ'।

(रामप्रसादको सिसमहल, २०७१ बाट)



## दिलमाया !

गाढा नीला आँखा
लमतन्न बिच्छ्याएर
दुस्मनक्याम्पमा विस्फोटित
हाम्रो आस्थाकी सगरमाथा तिमी !
उर्लंदो यौवन र रूपलाई
फ्युजन गराएर मालेमामा
दुस्मन इलाकामा बारुदको फ्युज
जोड्दै गरेकी
धर्तीको असमानता नामेट पार्न
भर्भराउँदो रक्तभेल बगाउँदै गरेकी
हाम्रो निष्ठाकी अविचल चन्द्रमा !
'निष्पट्ट अन्धकार भगाउन
आफैँ मशाल बन्नुपर्छ
दुष्टता र निचता अन्त्य गर्न
आफैँ नमुना बन्नुपर्छ
सल्काउनुपर्छ आफ्नै टाउकोमा
आगोका लप्काहरू'
गर्दै कासन
दुस्मन क्याम्पका भग्नावशेषहरूमाथि
बलेर आफैँ चम्किरहेकी
लालभूमिकी चमचमाउँदी सितारा !
उठ न उठ एकफेर
ए ! बेथानकी सन्तान !
ए ! लालभूमिकी जूनमाया !
तिम्रो चिरनिद्राको १७ शिशिरपछि
हातमा लिएर तिम्रो प्रतिमूर्ति
गरिरहेछु ऐलान–
जगाऊ न जगाऊ एकफेर
तिमीसँगै विस्फोटित लालहरूलाई पनि
लामो यात्राकी विश्वासिली पथप्रदर्शक !
तिम्रो महायात्रापछिको यो अवधि
तिमीसँग बिछोडपछिको यो पल
तिम्रो रक्ततर्पणपछिको यो तप्त समय
आशा–निराशा–आशा बन्दै
तय गरिरहेछ अर्को लामो यात्रा
आऊ न आऊ प्यारी कमान्डर
गरिदेऊ न नेतृत्व एकफेर नयाँ यात्राको
गोलमटोल मस्तिष्कहरूलाई
गतिहीन मुटुका धड्कनहरूलाई
लक्पकाउन लागेका तिघ्राहरूलाई
गरिदेऊ न जोडजोडले कासन एकफेर
यात्रा नटुङ्गिँदै बास बस्न हतारिएका
साऱ्यौ र गौँथलीहरूलाई
औँल्याइदेऊ न एकफेर
कर्मी माहुरी र दुष्ट अरिङ्गालहरूलाई।
त्याग, शौर्य र बलिदानकी प्रतिमूर्ति
मध्यरातकी जूनकीरी
श्मसानकी दुन्दुभी !
ए, लालधरतीकी लालपुत्री !
ए, नवीन आयुधकी वीराङ्गना !!
देखाइदेऊ न सही बाटो
यात्रामा रुमल्लिरहेका पथिकहरूलाई
पर्गेलिदेऊ न गन्तव्य
आगो ओकल्न तयार अग्निबीजहरूलाई
नौलो युगकी संवाहक तिमी
गर न फेरि ललकार दुष्टहरूलाई
रातो समयकी लालतारा तिमी
दिलमाया !
लालभूमिकी लालपुत्री तिमी जूनमाया !!!

*(१७ औँ बेथान बलिदान दिवसका अवसरमा २०६९ सालमा लिखित)*

## बलिदान स्थलमै ....

बलिदान गर्ने दिलमाया र उनीसँगै बलिदान गर्ने तीर्थ गौतम र फत्त स्मालीले रगत बगाएर पनि पार्टीलाई विजयअभियानमा अघि बढाएकाले क्रान्तिकारीहरूका लागि यो दिन ऐतिहासिक र महत्वपूर्ण दिन रहेको उनले बताइन् । जनयुद्धमा महिलाहरूले प्रदर्शन गरेको त्याग, शौर्य र बलिदानका कीर्तिमानहरूको चर्चा गर्दै कार्यक्रमकी प्रमुख अतिथि महिलानेत्री चन्दले भनिन्, 'हिजो वर्गसङ्घर्षमा रगत बगाउने सहिदका सपनाहरू अधुरै छन् । सहिद र बेपत्ता योद्धाका परिवारको बेहाल छ । हिजो नायकहरूले वर्गसङ्घर्षमा धोका दिएका कारण जनताका सपनाहरू अधुरै छन् । नेकपाले अघि बढाएको एकीकृत जनक्रान्ति सम्पन्न भएर वैज्ञानिक समाजवाद स्थापना भएपछि सहिद, बेपत्ता योद्धा, घाइते-अपाङ्ग योद्धा र जनताका सपना पूरा हुन्छन् । त्यो दिशामा अघि बढ्नु आवश्यक छ ।'

नेकपा नेत्री चन्दले जनयुद्धमा शौर्य प्रदर्शन गर्ने दिलमाया बम्जनका साथै कुमारी बुढा, गोरखाका जेल ब्रेकर, दुस्मनको हतियार खोसेर पार्टीलाई बुझाउने कालीकोटका महिलाहरूको विद्रोहका सबै कडीलाई एकीकृत जनक्रान्तिको ऊर्जा बनाउँदै अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीले ती दिवसहरूलाई क्रान्तिकारी पर्वका रूपमा मनाइरहेको पनि प्रस्ट पारिन् । क्रान्ति परित्याग गरेर पनि जनतामा भ्रम पार्न उद्यत अवसरवादी, संशोधनवादी तथा पलायनवादीहरूलाई खबरदारी गर्दै उनले भनिन्, 'हामी नाफाको जीवन बाँचिरहेकाहरू सहिद दिलमाया, तीर्थ र फत्तका शवहरू गाडिएको यो ऐतिहासिक स्थलबाट प्रण गर्दछौँ- हामीबाट देश, जनता र वर्गलाई धोका हुनेछैन । हामी तीफदिले बोकेको मालेमावादी विचार र उहाँहरूले प्रदर्शन गरेको व्यवहारलाई जीवन, पद्धति र उद्देश्य बनाउन प्रतिबद्ध छौँ । यहाँ अवसरवादीहरूको बिगबिगी छ । कम्युनिस्टको व्यापार गर्नेहरूबाट होसियार !'

कार्यक्रमका विशिष्ट अतिथि नेकपाका केन्द्रीय सदस्य एवम् रामेछाप-सिन्धुली इन्चार्ज भरत बम 'रणवीर' ले भने, 'जनता त शान्तिपूर्ण बाटोबाट जीवनको आमूल परिवर्तन गर्न तयार छन् तर हतियार बोकेका सत्ताधारीहरू जनताको इच्छा, चाहना र आवश्यकतालाई हतियारबाटै रोकिरहेका छन् । त्यसैले जनता सहस्त्र सङ्घर्षका लागि बाध्य हुन्छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी जनताको चाहना, उद्देश्य र आवश्यकता पूरा गर्न बल प्रयोगको नेतृत्व गर्न बाध्य हुन्छ र त्यस्तो अवस्थामा त्यो अनिवार्य हुन्छ ।'

जनताको शान्तिपूर्ण परिवर्तनको आकाङ्क्षालाई सम्बोधन गर्दै नेकपाले जनमतसङ्ग्रहबाट व्यवस्था परिवर्तन गर्ने क्रकार्यक्रम अघि सारेको प्रस्ट पार्दै नेकपा नेता रणवीरले पुँजीवाद आफ्नो बलमा नभएर कम्युनिस्टहरूलाई लडाएर टिकिरहेको र संशोधनवादी, क्रान्तिका दलाल र गद्दारहरू पुँजीवादी षड्यन्त्रका गोटी बनेर क्रान्तिकारी शक्तिहरूविरुद्ध खनिएको बताए । माओवादी आन्दोलनमा तत्कालीन नेतृत्वले गरेका गल्ती, कमजोरी, पलायन, विचार, राजनीति, कार्यदिशामा विकास हुन नसकेका विषयमा समीक्षा गरेर पूर्वमाओवादीहरूसँग एकताको वातावरण तयार पार्न सकिने धारणा राख्दै नेता रणवीरले भने, 'कमरेड विप्लवसँग भेट हुँदा प्रचण्डले छिट्टै पार्टी एकता गरिहालौँ भनेका छन् तर विप्लवले फुटिहालने एकता नगर्न सुझाउनुभएको छ । पहिला एमसीसीविरुद्ध लडौँ । एनसेलविरुद्ध लडौँ । भ्रष्टाचार, महँगी र घूसखोरीविरुद्ध लडौँ । दलाल पुँजीवादविरुद्ध लडौँ । कार्यगत एकता, संयुक्त मोर्चा हुँदै पार्टी एकताको वातावरण बन्दै जान्छ ।'

जनमतसङ्ग्रहको माग गर्नु अशान्ति मच्चाउनु होइन भन्ने धारणा राख्दै नेता रणवीरले संशोधनवादीहरूको वैचारिक, राजनीतिक र कार्यक्रमिक स्खलनलाई अन्त्य गर्दै क्रान्तिकारी विचार, कार्यक्रमका माध्यमबाट वैज्ञानिक समाजवाद- साम्यवाद निर्माण गर्ने उद्देश्यमा एकता आवश्यक रहेको पनि प्रस्ट पारे । निरपेक्ष र स्वार्थकेन्द्रित एकताका कुरा अघि सार्नुअघि ती समूह र पात्रहरूले तीर्थ गौतम, दिलमाया बम्जन, फत्त स्माली मगरलगायत जनयुद्धका दस हजार हाराहारी सहिदका सपना कसले, के स्वार्थमा अलपत्र पारे वैभवपूर्ण निजी जीवन रोज्यो भन्ने विषय खोज्नुपर्ने पनि नेता रणवीरले बताए ।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव एवम् रातो खबर प्रकाशन गृहका सम्पादक अशोक सुवेदीले बेथानलाई नेपालको येनानको संज्ञा दिँदै बेथान पानीघाट मोर्चाले जनयुद्धलाई सफलतापूर्वक अघि बढाउन विजयको ढोका खोलिदिएकाले तीफदि नेपालको वर्गसङ्घर्षको इतिहासमा अमर योद्धाका रूपमा स्थापित भएको बताए । बीसको दशकको उत्तरार्द्ध र तीसको दशकको आरम्भमा असारे काकालगायत क्रान्तिकारीहरूले बेथान, डहुलगायत क्षेत्रमा बसेर पार्टी निर्माण गरेको र उक्त क्षेत्रलाई क्रान्तिकारी कम्युनिस्टहरूले आधारइलाका बनाएकैले क्रान्तिकारी कम्युनिस्टहरू जन्मिएको, २०५२ सालमा सुरु भएको जनयुद्धलाई सफल पार्न २०५३ साल पुस १९ गते तीफदिले बलिदान गरेर पनि मोर्चा जिती पार्टीलाई हतियार बुझाएको सन्दर्भ उनले उल्लेख गरे । तत्कालीन पार्टीको विचार, राजनीति, दृष्टिकोण, कार्यक्रम सही भएकैले तीर्थ, फत्त र दिलमायाहरूले गुलेली, ढुङ्गामुढा र केही भरुवा बन्दुकका भरमा बेथानको युद्ध जितेको स्मरण गराउँदै सुवेदीले दिलमायालाई नेपालकी चियाङचिङका रूपमा स्थापित गर्नुपर्ने धारणा पनि राखे । उनले दिलमायालाई नेपाली क्रान्तिकी पथप्रदर्शक भन्दै उनको स्मृतिमा १० वर्षअघि पार्टी अन्तरसङ्घर्ष चर्किएको बेला रचना गरेको दिलमाया शीर्षक कविता वाचन गरे । क्रान्तिकारीहरूको इतिहास विसर्जनवादीहरूले चोरिरहेको भन्दै उनले क्रान्तिको इतिहास क्रान्तिकारीले नै लेख्नुपर्ने धारणा राखे । तीफदिको बलिदान स्थलमा आएर केन्द्रीय कार्यक्रम आयोजना गरेकोमा उनले महिला सङ्गठनलाई बधाई तथा धन्यवाद पनि ज्ञापन गरे ।

सहभागीहरूलाईस्वागतगर्दैअखिलनेपालमहिला सङ्घ क्रान्तिकारीकी रामेछाप जिल्ला संयोजक सीता गौतमले बेथान वीरता दिवस र दिलमाया बम्जनजस्ता क्रान्तिकारीहरूलाई क्रान्तिकारीहरूले नै आदर्श बनाउनुपर्ने बताइन् । कार्यक्रममा सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी केन्द्रीय सदस्य एवम् पूर्वी ताम्सालिङ इन्चार्ज पवित्रा चँदराले दिलमायाजस्ता क्रान्तिकारी वीराङ्गनाहरूकै त्याग, शौर्य र बलिदानका कारण नेपाली महिलाहरू क्रान्तिको अग्रमोर्चामा लामबद्ध हुन सकेको बताइन् ।

कार्यक्रमको अध्यक्षता गरेकी अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी महासचिव राजकुमारी शाहीले दिलमाया नेपालका सम्पूर्ण क्रान्तिकारी महिलाहरूका लागि प्रेरणा, त्याग, शौर्य र साहसकी प्रतिमूर्ति रहेकाले क्रान्तिकाल र त्यसपछि पनि सधैँ स्मरणीय रहने बताइन् । कार्यक्रमको सञ्चालन अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी केन्द्रीय सचिव उषा मगरले गरेकी थिइन् । सहिद दिलमाया बम्जनको बलिदान गाथाको स्मरण र सम्मान गर्दै पार्टी महासचिव विप्लव र सङ्गठनकी अध्यक्ष बन्धु चन्दले हस्ताक्षर गरेको सम्मानपत्र सहिद परिवारलाई हस्तान्तरण गर्न नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठलाई नेत्री चन्दले हस्तान्तरण गरेकी थिइन् ।

कार्यक्रममा नेकपा रोमछापका सेक्रेटरी इन्द्र श्रेष्ठ, सहिद परिवारका सदस्य गुन्जनलगायत पार्टी जिल्ला समिति सदस्यहरू, सङ्गठनकी सदस्य भावना चन्द, जनक महतारा, जवसका पदाधिकारीलगायत सदस्य र बेथानबासी सर्वसाधारणको सहभागिता थियो । कार्यक्रममा माओवादी केन्द्रका प्रेमसागर थापालगायतले पनि सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै नेकपा र अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीप्रति धन्यवाद व्यक्त गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी केन्द्रीय अध्यक्ष बन्धु चन्दले जनक्रान्तिका महान् सहिद परिवार सङ्गठन नेपालको केन्द्रीय प्रकाशन र अशोक सुवेदीको सम्पादन रहेको 'बलिदान गाथा' पुस्तक लोकार्पण गरेकी थिइन् । कार्यक्रममा सहिद सुवर्ण ओलीकी बहिनी एवम् जन बिहानी मासिककी प्रकाशक विपना ओली र रातो खबर प्रकाशन गृहको ईरातो खबर अनलाइनका व्यवस्थापक झनक श्रेष्ठले बेथान पानीघाटमा बलिदान गरेकी तीनजना सहिद परिवारका लागि प्रदान गरेको ६ हजार रुपैयाँ प्रकाशनका सम्पादक सुवेदीले प्रमुख अतिथि चन्दलाई हस्तान्तरण गरेका थिए ।

## सहिद टेकबहादुरको ....

कम्युनिस्ट पार्टीको फन्डासमेत गाडेका थिए । उक्त कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका इलाम जिल्ला सेक्रेटरी मौसम, अभियान टोलीका प्रमुख विष्णु जीसी 'दीप', पार्टीका माई नगर इन्चार्ज अर्जुन, जिल्ला सदस्य विमल आचार्य, माई नगर सेक्रेटरी रुद्र खातीलगायत अभियान टोलीका सदस्य सहभागी थिए ।

कार्यक्रममा टेकबहादुर एक्तेन 'आशीष' को चर्चा गर्दै पार्टीका सेक्रेटरी मौसमले उनी निकै साहसी र इमानदार नेता भएको बताए । उनले एकीकृत जनक्रान्तिमा इमानदार भएर जनतामा प्रस्तुत हुँदै दलालहरूविरुद्ध निर्ममतापूर्वक लड्दा मात्र सहिदप्रति सच्चा सम्मान् हुने बताए ।

अभियान टोली प्रमुख दीपले इलाममा टेकबहादुर एक्तेन 'आशीष' जस्ता महान् योद्धाको रगत बगेकाले यो धर्तीले एकीकृत जनक्रान्तिमा महत्वपूर्ण योगदान गर्नसक्ने सामर्थ्य राखेको बताए ।

टेकबहादुर एक्तेन 'आशीष' लाई तत्कालीन शाही सेनाले २०६१ साल साउन २१ गते बिहान घर भेटघाटमा आएको मौका छोपी कायरतापूर्वक हत्या गरेको थियो । उनी पूर्वी क्षेत्रका लोकप्रिय युवा नेता थिए । उनको जन्म २०३४ सालमा भएको थियो । २७ वर्षकै उमेरमा सहादत प्राप्त गरेको आशीषको परिवार इलामको माई नगरपालिकामा दुःख गुजारा गरेर बसिरहेको छ ।

## उदयपुरमा ....

नगरपालिका ७ कै आँपचौरीमा खेलराज कार्कीको संयोजकत्वमा ५ सदस्यीय युवा सङ्गठन नेपाल टोल समिति, त्रियुगा नगरपालिका ७ आँपचौरीमा जानुका कार्कीको संयोजकत्वमा ५ सदस्यीय अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी टोल समिति, टेकबहादुर कार्कीको संयोजकत्वमा ५ सदस्यीय अखिल नेपाल किसान महासङ्घ टोल समिति गठन गरेको छ । अभियानमा वैज्ञानिक समाजवादका पक्षमा व्यापक भित्तेलेखन गरिएको छ ।

कार्यक्रममा युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य शङ्कर भुजेल, पार्टी नगर समितिका इन्चार्ज मीनप्रसाद पोखेलेलगायत जिल्लाका नेता, कार्यकर्ता र अभियान टोलीको उपस्थिति रहेको थियो ।

त्यस्तै अभियानअन्तर्गत ३ नम्बर टोली टिम 'बी' ले रौतामाई गाउँपालिकामा एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादमार्फत जनमतसङ्ग्रहमा जानका लागि जनतासँग भेटघाट र छलफल गरी विभिन्न ठाउँमा भित्तेलेखन गरेको छ । कार्यक्रममा युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य बसन्त, पार्टीको रौतामाई गाउँपालिकाका इन्चार्ज मानबहादुर दनुवारलगायत जिल्लाका नेता, कार्यकर्ता र अभियान टोलीको उपस्थिति रहेको थियो ।

त्यसैगरी अभियानअन्तर्गत ३ नम्बर टोलीको टिम 'सी' ले सोमबार बेलाका नगरपालिका ८ सिसौलीमा डम्बरबहादुर तामाङको संयोजकत्वमा १३ सदस्यीय युवा सङ्गठन नेपाल टोल समिति, लीला तामाङको संयोजकत्वमा १७ सदस्यीय अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) टोल समिति, सन्तोष यादवको संयोजकत्वमा ७ सदस्यीय भूमिहीन सुकुमबासी सङ्गठन टोल समिति गठन गरेको छ । त्यस्तै बेलाका नगरपालिका ९ धौरीमा देवराज कार्कीको संयोजकत्वमा ९ सदस्यीय युवा सङ्गठन नेपाल टोल समिति गठन गरिएको छ ।

कार्यक्रममा युवा सङ्गठन नेपालका केन्द्रीय सचिव तिलक योगी, केन्द्रीय सचिवालय सदस्य तथा तीन नम्बर अभियान टोली प्रमुख हरि बस्नेत, युवाका केन्द्रीय सदस्यहरू विवेक, कविता, अजय, पार्टी नगर सेक्रेटरी पूर्ण तामाङ, रीता राईलगायत जिल्लाका नेता-कार्यकर्ता र अभियान टोलीको सहभागिता थियो ।

## जनमतसंग्रह ....

एमसीसी सम्झौता खारेजीका लागि जनचेतना फैलाउँदै आन्दोलित गर्ने, जनमतसङ्ग्रहको वातावरण बनाउने, जनतामा अभियानात्मक रूपमा जाने, सङ्गठन सुदृढ र विस्तार गर्ने, महाधिवेशनको तयारीमा लाग्ने, भ्रष्टाचार, अनियमितताविरुद्ध सङ्घर्ष गर्ने निर्णय गरेको छ । बैठक नेकपा सुर्खेतका जिल्ला सेक्रेटरी ध्रुवको अध्यक्षतामा बसेको थियो ।

## मकरध्वज गुरुङ ....

स्मरण गरे । गुरुङ सर्वहारा वर्गको मुक्ति, नेपाली जनताको मुक्ति र नेपालको परिवर्तनका निम्ति सधैँ क्रान्तिका पक्षमा अडिग रहेको भन्दै नेता कञ्चनले उनका योगदानहरूप्रति सम्मान व्यक्त गरे ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा काठमाडौँ जिल्ला इन्चार्ज माइला लामाले केही वर्षअगाडि मकर गुरुङले आफूलाई भनेको कुरा स्मरण गर्दै भने, 'हामी जित्नेछौँ । हाम्रो दिन उज्यालो छ । दलालहरूको दिन अध्यारो छ ।'

नेता माइलाले अगाडि भने, 'उहाँ प्रेरणाको स्रोत हो हाम्रो । कहिल्यै नथाक्ने अथक योद्धा, कहिल्यै नहार्ने, कहिल्यै नझुक्ने साहसी योद्धा, आँटिला, निडर मान्छे । कोही हामीमाझ हुनुहुन्छ भने मकर दाइ खडा भएको महसुस हुन्छ । कोही मायालु मान्छे हुनुहुन्छ भने त्यहाँ मकर दाइ पाउनुहुन्छ । उहाँ थोरै बोल्ने तर निकै गरुङो, ओजस्वी, प्रेरणा र आदर्शका वाक्य बोल्नुहुन्थ्यो ।'

नेपाल कम्युनिस्ट पार्टी काठमाडौँको आयोजनामा सम्पन्न कार्यक्रमको अध्यक्षता पार्टीका जिल्ला सेक्रेटरी तुल्सीनारायणले गरेका थिए ।

कार्यक्रममा एमाले स्थायी समिति सदस्य विजय सुब्बा, मकर गुरुङका छोरा खिलेन्द्र गुरुङ, नेकपाकी केन्द्रीय सदस्य भृकुटी, कृष्ण सुब्बा र सम्पर्क मञ्चका सुरेशले मकर गुरुङको स्मरणमा मन्तव्य राखेका थिए । कार्यक्रममा स्वागत मन्तव्य कागेश्वरी नगरपालिकाका इन्चार्ज ध्रुवले राखेका थिए भने कार्यक्रमको सञ्चालन सफल बाबुले गरेका थिए ।

## अनेम सङ्घ क्रान्तिकारी ....

(उपत्यका र पूर्वी ताम्सालिङ) मा ८ मार्चसम्म सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान सञ्चालन गर्ने निर्णय गरेको जानकारी सङ्गठनकी केन्द्रीय सचिव उषा मगरले दिइन् । समापन कार्यक्रममा प्रत्येक जिल्लाबाट सहभागी एकएकजना प्रशिक्षार्थीले अनुभूति मन्तव्य राखेका थिए ।

दुईदिने प्रशिक्षणमा सङ्गठनकी केन्द्रीय अध्यक्ष बन्धु चन्दले महिला आन्दोलनको इतिहास, उपाध्यक्ष धीरेन्द्रा उपाध्यायले वैज्ञानिक समाजवादमा महिलाहरूको भूमिका, महासचिव राजकुमारी शाहीले सङ्गठनात्मक सिद्धान्त, सचिव उषा मगरले महिला र संस्कृति विषयमा प्रशिक्षण दिएका थिए ।

समापन कार्यक्रमको अध्यक्षता सहिद परिवार निर्मला खत्री र सञ्चालन सङ्गठनकी केन्द्रीय सदस्य पवित्रा चँदाराले गरेका थिए ।

## शिक्षक सङ्गठनका ....

वाणगङ्गा नगरपालिका वडा नं. ४ गजेहडास्थित निवासमै भएको थियो । लीलाम्बर पाठकको जन्म १९९० साल वैशाख १२ गते बागलुङ जिल्लाको साबिक हरिचौर गाविस वडा नं. ९ चरौँदी, हालको गल्कोट नगरपालिका वडा नं. ६ मा भएको थियो । पाठकको परिवार २०४४ सालमा बागलुङबाट कपिलवस्तु बसाइँ सरेको थियो ।

पञ्चायतकालदेखि नै नेपालको कम्युनिस्ट एवम् वामपन्थी आन्दोलनमा प्रत्यक्ष-अप्रत्यक्ष योगदान पुऱ्याउँदै आएका लीलाम्बर पाठकले धेरै अग्रज कम्युनिस्टलाई सुरक्षित बासस्थल (सेल्टर) उपलब्ध गराएका थिए । लीलाम्बर अल्जाइमरका रोगी थिए । उनका श्रीमती, २ छोरा र २ छोरीका तर्फबाट ९ नातीनातिना छन् । सङ्गठनका अध्यक्ष पाठक लीलाम्बरका तेस्रो सन्तान हुन् । अध्यक्ष घनश्याम पाठक बुटवलको स्थापित कालिका क्याम्पसका प्रमुख हुन् ।

## दलाल पुँजीवाद ....

दलाल पुँजीवादबारे' मा व्याख्या गरेजस्तै 'सत्तासीन बनेपछि दलाल पुँजीवादले प्रचण्डरूलाई त्यतिसम्म मात्र छुट दियो जति दिँदा उसको सत्तामा कुनै हानि हुँदैनथ्यो ।'

विप्लव, उही पेज ।

प्रधानमन्त्रीले दोस्रोपटक संसद् विघटन गरिसकेपछि प्रचण्डरूको केही पनि लागेन । उनी बगरको माछाजस्तै हुन पुगेका छन् । प्रचण्डहरूले दलाल पुँजीवादको खुट्टा जति मोलेपनि आफ्नो रोजेको पात्र र प्रवृत्तिका विरुद्धमा जाने छूट प्रचण्डलाई दिएको छैन । आफ्नाविरुद्ध कोही जान्छ भने ऊ जस्तोसुकै मूल्य चुकाउन पनि तयार भएको छ । जसको उसले प्रचण्डहरूले निकै तामझामका साथ ल्याएको भनिएको संविधानमाथि धावाबोलेर प्रमाणित गरिदिएको छ ।

अतः अहिलेको संसद् विघटनपछि उत्पन्न भएको सङ्कट भनेको दलाल पुँजीवादीहरूकोबीचकै सङ्कट हो । यो सङ्कट केही मान्छेहरूले व्याख्या गरेजस्तो प्रतिगमन र अग्रगमनका बीचको होइन, न त यो राष्ट्रवादी र राष्ट्रघातीहरूका बीचको अन्तरविरोध नै हो, बरु त्यसको ठीक उल्टो दलाल पुँजीवादी संसदीय व्यवस्थाको भीषण असफलताले निम्त्याएको सङ्कट हो । उसोत दलाल पुँजीवादी व्यवस्थाले राष्ट्रवादलाई नै व्यापारको माल बनाएर राखिदिन्छ । हामीले हाम्रो देशको इतिहासमा सत्तामा जाने पार्टी, नेताहरूको अध्ययन गऱ्यौँ भने उनीहरू सत्ताभन्दा बाहिर रहँदा भयङ्कर राष्ट्रवादी देखिने तर सत्तामा पुगिसकेपछि भने साम्राज्यवादी र उत्तरसाम्राज्यवादीहरूसँग लम्पसार परेर राष्ट्रघात गर्ने गर्दै आएको इतिहास हाम्रासामु छ जुन अहिलेको सरकारको हकमा पनि लागू हुन्छ । केपी ओली सरकार त्यसको ज्वलन्त उदाहरण हो । चुनावअघि केपी भयङ्कर राष्ट्रवादी देखिएका थिए । त्यतिबेला उनले राष्ट्रियताका नाममा निहत्था दर्जनौँ मधेसी जनताको हत्या गराए तर चुनाव जितेर सरकारमा गइसकेपछि भने उनले 'रअ' का प्रमुखलाई प्रधानमन्त्री निवासमै बोलाएर भेटे । एमसीसी सदनबाट पासगराउनका लागि पनि निकै जोडबल गरेर लागेका छन् अहिले । नेकपा(माओवादी केन्द्र) नेपाली काङ्ग्रेसलगायत संसद्वादी दलहरू पनि ज्यान फालेर एमसीसी पारित गराउन लागिपरेका छन् । उनीहरूमा पुँजीवादको असली र सच्चा नोकर को हुने भन्ने एकप्रकारले प्रतिस्पर्धा नै चलिरहेको छ । त्यसै प्रतिस्पर्धाको परिणाम नै अहिले जारी भएको नागरिकता विधेयक पनि हो ।

चुनाव हुनुभन्दा अगाडि नागरिकता विधेक कहिल्यै पासै हुन नदिने भनेर भाषण गर्ने ओलीले अहिले एकाएक कसरी नागरिकता विधेयक ल्याउन पुगे ? के उनले मधेसका जनतालाई अधिकार सम्पन्न बनाउन ल्याएका हुन् त?होइन, बरु उनले आफ्नो कुर्सी जोगाउनका लागि त्यस्तो गरेका हुन् । पहिलोचोटि उनको कुर्सीमा सङ्कट आउँदा उनले कालापानी र लिपुलेकलाई मोहोरा बनाएर आफ्नो गर्जो टारे । दोस्रोचोटि उनको कुर्सीमा सङ्कट आउँदा उनले 'रअ' का प्रमुखसँग बालुवाटारमा भेटेर गोप्य सम्झौता गरी त्यही लिपुलेक र लिम्पियाधुराको कुरा नउचाल्ने सहमतिसहित पास गरेको चुच्चे नक्सा छापिएको किताब रोक्न लगाएर आफ्नो सङ्कट टारे । तेस्रोपटक उनको कुर्सीमा सङ्कट आउँदा अहिले नागरिकता विधेयकलाई मोहोरा बनाएर उनले आफ्नो सत्ताको सङ्कट टार्न खोजेका छन् ।

त्यसैले अहिलेको दलाल पुँजीवाद रहँदासम्म नेपालको राष्ट्रियताको रक्षा हुन्छ, न त जनता अधिकार सम्पन्न हुनसक्छन्, बरु उल्टै देशका आर्थिक, सामाजिक समस्याहरूको मजाक बनाएर, राष्ट्रियतालाई भोटबैङ्क बनाएर दलाल पुँजीवादीहरूको सत्ता हत्याउने खेल जारी रहनेछ ।

त्यसैले अहिले देशमा उत्पन्नराजनीतिक सङ्कट, आर्थिक-समाजिक सङ्कट, स्वास्थ्य सङ्कट, राष्ट्रियताको सङ्कट कुनै व्यक्तिविशेषका कारणले उत्पन्न भएको नभएर अहिले मौजुदा व्यवस्थाको असफलताकै कारण निम्तिएको सङ्कट हो । त्यो भनेको दलाल पुँजीवादको सङ्कटहो । दलाल पुँजीवादमा दलालहरूले राष्ट्रियतापनि आफ्नो व्यक्तिगत फाइदाका लागि व्यापार बनाउँछन् । अहिले देशमा उत्पन्न भएको सङ्कटको समाधान भनेको संसदीय व्यवस्थाको पुनर्स्थापना गर्नु होइन तर केही संसदीय पार्टीहरूले अहिले मृत्युशैयामा छट्पटाइरहेको दलाल पुँजीवादी संसदीय व्यवस्थाकै पुनर्स्थापना गर्नका लागि जोडबल गरिरहेका छन् ।दलाल पुँजीवादी संसदीय व्यवस्था जनताबाट अनौपचारिक रूपमा पूरै खारेज भैसकेको छ भने अब यसको अन्त्यलाई औपचारिक रूपमा घोषणा गर्न मात्रै बाँकी रहेको छ ।

वर्तमान दलालपुँजीवादको असफलताले निम्त्याएको सङ्कटलाई समाधान गर्न नेपाल कम्युनिस्ट पार्टीले अगाडि सारेको वैज्ञानिक समाजवाद स्थापना गर्नु नै उत्तम विकल्प हो । वैज्ञानिक समाजवादस्थापना गर्नका लागि वैज्ञानिक समाजवाद कि दलाल पुँजीवाद भन्ने विषयमा पार्टीले प्रस्ताव गरेको जनमतसङ्ग्रह नै उत्तम विकल्प हो । यसलाई सम्पन्न गर्नका लागि नेपाल कम्युनिस्ट पार्टीले अगाडि सारेको संयुक्त प्रगतिशील सरकारको अवधारणा नै हो । यो नै अहिलेको वस्तुगत र वैज्ञानिक अवधारणा हो भने यसलाई स्थापना गर्नका लागि उपयुक्त वातावरणको पनि अहिले सिर्जना हुँदै गएको छ ।

## ऐतिहासिक बेथानलाई ....

गर्ने काम पनि द्रुतगतिमा त्यही चरणमा सफल भएका थिए । फेरि पनि दोस्रो चरणको अन्तिम निष्कर्षमा भने कुनै कारबाही पुन सकिरहेका थिएनन् । जतिखेर राजनीतिक रूपमा अकर्मण्यतावाद र फैजी रूपमा आत्मसुरक्षावादको पार्टीभित्र प्रवेश गरेको खतरा थियो । त्यसलाई ठीक समयमा पहिचान गरेर जसले उच्च साहस, शौर्य र विवेकको प्रतीकका रूपमा बेथान कारबाही भयो । साँच्चिकै यस कारबाहीले वर्गदुस्मनको मनोबल गिराउन र जनताको मनोबल उठाउन ठूलो मद्दत गर्‍यो । तसर्थ यो कारबाहीलाई जनयुद्धको दोस्रो योजनालाई उत्कर्षमा पुर्‍याउने ऐतिहासिक कारबाहीका रूपमा लिन सकिन्छ ।

**निष्कर्ष**

यसरी हामी के भन्न सक्छौँ भने २०५३ सालको पुस १९ गते रामेछापको बेथानमा भएको ऐतिहासिक सफल कारबाही क्रान्तिकारीहरूका निम्ति अत्यन्तै अनुकरणीय र प्रेरणापुञ्जकारी युगान्तकारी घटनाका रूपमा स्थापित भएको छ । यसको दूरगामी महत्व झन्-झन् अभिव्यक्त भइराखेको छ । हरेक नेतृत्व बेथानमा उच्च सहादत प्राप्त गर्नुहुने महान् सहिदहरू तीफदि हाम्रो गोरेटो बन्नुभएको छ । दोस्रो वार्षिकीमा बेथानलाई स्मरण गर्नु भनेको महान् आधारइलाकालाई निर्माण, रक्षा र सुदृढीकरणका निम्ति उचित ढङ्गले सचेततापूर्वक रगत बगाउनका लागि लागिपर्नु नै हो । यही आदर्शले अभिप्रेरित भएर मात्रै बेथानले देखाएको बाटोमा हिँड्न सकिन्छ । यसरी मात्र साँचो अर्थमा महान् सहिदहरूप्रति सम्मान र सद्भावको महत्वलाई झल्काउँछ । अन्त्यमा 'तीफदि' को दोस्रो वार्षिकीमा म यहाँहरूको अधुरो सदिच्छा पूरा गर्न सम्पूर्ण रूपले लागिपर्ने प्रण गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु । महान् सहिद 'तीफदि'- लालसलाम !

*(नेकपा माओवादीको केन्द्रीय सदस्यको जिम्मेवारी निर्वाह गर्दागर्दै आफैँ बलिदान गरेका भ्रष्ट प्रतापले यो लेख २०५५ सालमा लेखेका हुन् सम्पादक ।)*

# पूर्वमा युवा सङ्गठन नेपालको केन्द्रीय अभियान तीव्र

**सिराहा ।** पूर्वमा युवा सङ्गठन नेपालको अभियान तीव्र रुपमा सञ्चालन भइरहेको छ । जनमत सङ्ग्रहका लागि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान सफल पारौं भन्ने मूल नाराका साथ सङ्गठनले केन्द्रिय अभियान तीव्र रुपले संचालन गरिरहेको छ । अभियानको एक टोली सिराहामा केन्द्रित छ ।

अभियानको ४ नम्बर टोलीले सिराहाको कर्जन्हा नगरपालिका १ बल्टिया टोलमा शंकरकुमार फुयालको संयोजकत्वमा २१ सदस्यीय गाउँ एकाइ समिति गठन गरेको छ । भेलामा युवा सङ्गठन नेपालका केन्द्रीय सचिव तथा ३ र ४ नम्बर टिमका इन्चार्ज तिलक, युवा सङ्गठन नेपालका केन्द्रीय सचिवालय सदस्य तथा टिम नम्बर ४ का प्रमुख विचारमान, पूर्वसभासद् तथा श्रमिक समुदाय मोर्चा नेपालका केन्द्रीय सचिव रामकुमार पासवानलगायतका नेताहरुले मन्तव्य राखेका थिए ।

मन्तव्य राख्दै ४ नम्बर टिम प्रमुख विचारमानले दलाल पुँजीवादी संसदीय व्यवस्थाले नेपाली युवाहरूलाई विदेशी भूमिमा बेचिन बाध्य बनाएकाले यसको विकल्पमा जनमतसङ्ग्रहको चुनावमार्फत वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गरेर जनतालाई अधिकार प्रदान नगरे युवा आन्दोलन सिर्जना गर्ने चेतावनी दिए । जनभेलालाई सम्बोधन गर्दै नेता पासवानले नो लाल पुर्जा नो भोट गर्न आग्रह गर्दै एकीकृत जनक्रान्तिमा लामबद्ध हुन सम्पूर्ण उत्पीडित वर्ग, जाति, समुदायलाई आह्वान गरेका थिए ।

कार्यक्रमको सञ्चालन युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य सन्तोष सुवेदीले गरेका थिए । जनभेलामा स्थानीय जनता र युवाहरुको उल्लेख्य सहभागिता थियो ।

यसैगरी युवा सङ्गठन नेपालको केन्द्रीय अभियान टिम नम्बर ४ ले यही पुस १७ गते सिराहा जिल्लाका कर्जन्हा नगरपालिका ३ जनकचोकदेखि शिवचोकसम्म र्‍यालीसहित कोणसभा गरेको छ । कोणसभामा युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य तथा सिराहा-सप्तरी इन्चार्ज कात्तिक, जिल्ला संयोजक ज्योतिषलगायतले सम्बोधन गरेका थिए । यस्तै पुस १८ गते कर्जन्हा नगरपालिका ६ बरहरा मिर्चैया टोलमा जनभेलासहित रूपेश ठाकुरको संयोजकत्वमा १५ सदस्यीय टोल एकाइ समिति गठन गरिएको छ । जनभेलामा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा सिराहा-सप्तरी इन्चार्ज बलवान, सप्तरी जिल्ला सेक्रेटरी विमला, युवा सङ्गठन नेपालका केन्द्रीय सचिवालय सदस्य तथा ४ नम्बर टिम प्रमुख विचारमान, पूर्वसभासद तथा श्रमिक समुदाय मोर्चा नेपालका केन्द्रीय सचिव रामकुमार पासवानलगायत नेताहरुको उपस्थिति थियो ।

जनभेलामा सम्बोधन गर्दै पासवानले दलाल संसदीय व्यवस्थाका प्रतिनिधिहरुले श्रमिक समुदायहरुकै भोटको अपमान गरेको बताए । प्रचण्ड-बाबुरामले गद्दारी गरेका कारण आज यसरी युवा अभियान सञ्चालन गर्नु परेको उनको भनाइ थियो ।

विचारमानले संसदीय व्यवस्थाको संकटको निकास लोकतन्त्रवादी, वामपन्थी, क्रान्तिकारीबीचको प्रगतिशील संयुक्त सरकार र प्रगतिशील संयुक्त सरकारको नेतृत्वमा जनमतसङ्ग्रहको चुनाव गर्दै जनताको वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नुपर्ने बताए । कार्यक्रमको सञ्चालन युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य अविनाशले गरेका थिए ।

त्यसैगरी युवा सङ्गठन नेपाल केन्द्रिय अभियान टिम नम्बर ४ ले कर्जन्हा ११ को कर्जन्हा बजारमा र्‍यालीसहित कोणसभा गरेको छ । कोणसभामा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य बलवान, युवा सङ्गठन नेपाल केन्द्रीय सचिवालय सदस्य विचारमान, पूर्वसभासद् तथा श्रमिक समुदाय मोर्चा नेपालका केन्द्रीय सचिव रामकुमार पासवानलगायत स्थानीय बासिन्दाको भव्य उपस्थिति रहेको थियो ।

## नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा नि:शुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ । घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं ।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ ।

**टोखा नगरपालिकाको कार्यालय**
**काठमाडौं, बाग्मती प्रदेश**




## वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान गरिने कल्याणकारी सेवाहरु

(१) मृतकको शव नेपाल झिकाउने ।
(२) शव ढुवानी
(३) मृतक कामदारको नजिकको हकवालालाई आर्थिक सहायता दिने ।
(४) बिरामी वा अंगभंग भएमा पाइने आर्थिक सहायता
(५) कामदारको परिवारका सदस्यलाई अल्जाइमर मृगौला फेल, क्यान्सर, मुटु सम्बन्धी रोग र पार्किन्सन रोग भएमा प्रदान गरिने औषधी उपचार सहयोग
(६) छात्रवृत्ति सहायता
(७) कामदारको उद्धर तथा खोजतलास
(८) कानुनी प्रतिरक्षा
(९) शुल्क सोधभर्ना (PDOT) महिलाका लागि मात्र)

### निवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु

(१) आर्थिक सहायताको लागि मृत्यु वा अंगभंग भएको १ वर्षभित्र निवेदन दिइसक्नुपर्ने ।
(२) पेश गरिने कागजातहरु आधिकारिक निकायबाट प्रमाणित भएको हुनुपर्नेछ ।
(३) सेवा प्राप्त गर्न तोकिए बमोजिमको निवेदन/फारम वैदेशिक रोजगार बोर्डको बेवसाइट http://feb.gov.np/download#nebadan मा Click गरी प्राप्त गर्न सकिनेछ ।
(४) उल्लेखित सेवा प्राप्त गर्न श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएको हुनुपर्नेछ ।
(५) स्थानीय तहबाट निवेदन दिंदा सम्बन्धित स्थानीय तहको आधिकारिक इमेलबाट पठाउनुपर्नेछ ।
(६) आर्थिक सहायताका लागि बोर्डको इमेल ठेगाना : धभीबचभरा्भदानयखालउ मा पठाउनु पर्नेछ ।

थप जानकारीको लागि श्रम कल सेन्टरको पैसा नलाग्ने ११४१ नम्बरको सम्पर्क गर्न सकिनेछ ।

**श्रम कल सेन्टर सम्पर्क विवरण**
Callcenter@feb.gov.np
फोन : 977-9801800013, 01-590008

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार बोर्डको सचिवालय**
**बबरबहल, काठमाडौं**
**टेलिफोन नं. ०१ ५३२०३११, ५३२०४३३, वेबसाइट : www.feb.gov.np**

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : वसन्त श्रेष्ठ, प्रबन्धनिर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : धनराज शाही, डिजाइन : गोपाल गिरी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं